# अध्याय - १

# परिचय

## १.१ अध्ययनको परिचय

मानिस कुनै पनि आर्थिक उपार्जनका लागि आफु जन्मेको देश छाडि अन्यत्र देशमा गई रोजगारी गर्ने कार्यलाई बैदेशिक रोजगार भनिन्छ । अन्तराष्ट्रिय परिभाषा अनुसार आप्रबासी श्रमिक भन्नाले रोजगारिको शिलशिलामा तलब पाउने गरी नियुक्त भई बसाँइ सरेको वा विदेशमा नियमितरुपमा काम गर्न भर्ना भएको व्यक्ति समेतलाई जनाउँदछ (पिपुल फोरम, २०७०) । संसार विश्वव्यापीकरण सँगै मानिसहरुमा रोजगारी लगाएत अन्य कामको लागि एक ठाउँ बाट अर्को ठाउँमा जाने क्रम तिब्र भएको छ । यसक्रमलाई हेर्ने हो भने हाम्रो जस्तो विकाशोन्मूख देशका नगरिकहरु अन्य बिकशित देशहरुमा रोजगारीको अवसर खोज्दै बाहिरिने गरेको पाइन्छ । कामका लागि स्थानागमन गर्न पाउनु हरेक व्यक्तिको अधिकार हो । नेपालीहरु पनि रोजगारीका लागि तेस्रो मुलुक जाने इतिहास निकै पुरानो भइसकेको छ । रोजगारिका लागि बैदेशिक यात्राको इतिहासलाई हेर्दा बलभद्र कुँवरले नालापानीको लडाईमा अंग्रेजसँग पराजय भएपछि पंजाबका राजा रणजित सिँ को दरवारमा फौजीको रुपमा काम गर्न गएको इतिहासमा उल्लेख छ ।

देशमा राजनैतिक स्थिरता नभएको झण्डै दुई दशक हुन लागिसकेको छ । देशले बिकाशमा कुनै स्थिरता लिन सकेको छैन जसको कारण बेरोजगारी समस्या बढ्दो छ । बिश्व आधुनिकिकरण सँगै मानिसको दैनिकि झनै महंगो हुँदै गएको छ । मानिसलाई बाँच्नका लागि खाना, कपडा र बासस्थान मात्रको आवश्यक्ता नभई शिक्षा, स्वास्थ्य, रोजगार, सुचना लगाएतका कुराहरु पनि त्यत्तिकै महत्वपूर्ण र प्राथमिकतामा रहेका छन् । देशमा भएको आन्तरिक द्वन्द्व, खुला अर्थनीति, विकासका रणनीति, सस्तो श्रमको माग बढेका कारण देशमा कुनै रोजगारीको अवसर नपाएपछि लाखौंको संख्यामा युवाहरु बैदेशिक रोजगारीका लागि तेस्रो मुलुक जाने लहर नै चलेको छ । यो क्रममा नेपाली महिलाहरुको संख्या पनि उल्लेख्य रहेको पाईन्छ ।

नेपालमा बैदेशिक रोजगारलाई व्यवस्थित बनाउन यस सम्बन्धि छुट्टै कानून नै निर्माण गरि लागू भएको अवस्था छ । तर कानूनी व्यवस्था र कानूनी उपभोगको अवस्था भने महिला र

पुरुषमा केहि फरक पनि देखिएको छ । यसैगरि समाजमा बैदेशिक रोजगारीमा गएका महिला र पुरुषलाई हेर्ने सामाजिक दृष्टिकोणमा पनि केहि फरक अवस्था छ । यसरी बैदेशिक रोजगार सम्बन्धी कानूनी प्रावधानहरु र तीनको कार्यान्वयनको अवस्था सहित बैदेशिक रोजगारमा महिलाहरुका के कस्ता अवसरहरु र चुनौतीहरु रहेका छन् भनी खोजी गर्न अध्ययन गर्न उपयुक्त हुने भएकोले र बेल्टार बसाहा नगरपालिकामा बैदेशिक रोजगारबाट फर्किएका महिलाहरु संगठित भएर रहेका हुँदा सोहि क्षेत्रमा केन्द्रित बैदेशिक रोजगारबाट फर्किएका महिलाहरुको अध्ययन गरिएको हो ।

## १.२ समस्याको कथनः

समाजमा धेरै किसिमका सामाजिक समस्याहरु रहेका हुन्छन् । समाजमा बिद्यमान सबै समस्या तथा क्रियाकलापहरुको अध्ययन अनुसन्धान गर्न सम्भव पनि हुँदैन । तर समाजमा जल्दो बल्दो रुपमा रहेका समस्याहरु को पहिचान गरि त्यसको छनौट गरि अध्ययन अनुसन्धान गर्दा सामाजिक समस्या समाधानका लागि उपयोगी तथा सहयोगी हुने हुँदा यस किसिमका अध्ययन अनुसन्धान समय समयमा हुन आवश्यक हुन्छ ।

रोजगारी भनेको मानिसको स-सम्मान बाँच्न पाउने अधिकार सँग गाँसिएको सवाल हो । यसले व्यक्तिको स्वतन्त्रता र आर्थिक सशक्तिकरण सँगै सामजिक सशक्तिकरण र नेतृत्वको विकास गराउन पनि महतवपूर्ण भूमिका खोलेको हुन्छ । रोजगारीका लागि मानिस एक स्थानवाट अन्यत्र स्थानान्तरण हुनु एउटा स्वभाविक प्रकृया हो र यसले मानव समाजको बिकासमा अहम भूमिका खेलेको हुन्छ । रोजगारीका लागि बिदेशिनु अहिलेको युवा पुस्ताको आकर्षण साथै वाध्यता पनि बनेको छ भने यस अवस्थावाट महिलाहरु पनि अछुतो रहन सकेका छैनन् । गतिशिलता महिलाको मानव अधिकार भएको कारण त्यसको संरक्षण गर्नु राज्यको दायित्व हो । अहिलेको अवस्थामा महिला र महिलाको बैदेशिक रोजगारी बिच सुरक्षित र सम्मानित सम्बन्ध कायम गरि राख्न अति आवश्यक देखिन्छ ।

बिश्व आज श्रमबजारको दृष्टिले निकै फराकिलो हुँदै गईरहेकोछ । एक देशका मानिसहरु अर्को देशमा काम गर्ने परम्परा धेरै बर्ष देखि चलि रहेकोछ । अन्तराष्ट्रिय श्रम संगठनका अनुसार विश्वभर करिव २३ करोड २० लाख भन्दा बढि मानिसहरु आफ्नो देश भन्दा बाहिर बसोबास गर्ने गर्दछन्। यसमध्ये आप्रबासी श्रमिकको संख्या १५ करोड रहेको छ

त्यसमा महिलाको संख्या ६ करोड ६६ लाख रहेको छ । यसरी हेर्दा बिश्वका करिब ५० प्रतिशत मानिसहरु आप्रवासी कामदारका रुपमा सकृय रहेका देखिन्छन् (आईएलओ २०१५)।

हाम्रो देश भित्र प्रयाप्त रोजगारीका अवसर नभएको कारण दैनिक करिब १२०० देखि १५०० यूवाहरु वैदेशिक रोजगारीमा श्रम स्वीकृति लिई जाने गरेका छन् । नेपालमा वार्षिक ४ लाख ५० हजारभन्दा बढी यूवाहरु श्रम बजारमा प्रवेश गर्दछन् । र्वतमान परिप्रेक्ष्यमा वैदेशिक रोजगार, नेपालीहरुको जिविकोपार्जनका लागी एक प्रमूख स्रोत रहेको अवस्था छ भने हाम्रो देशको सन्दर्भमा अर्थतन्त्रको भरपर्दो आधारको रुपमा बिकास हुँदै गएको छ । हाल देशको ५६ प्रतिशत घरधुरीमा विप्रेशण पुगेको छ भने यसले देशको कूल ग्राहस्थ उत्पादनमा २५ देखि ३० प्रतिशत सम्म योगदान पुर्‍याएको छ । । वैदेशिक रोजगारबाट प्राप्तहुने मुख्य फाइदा भनेको विप्रेशण, सीप र अनुभव हो । वैदेशिक रोजगारले धेरै यूवाहरुलाई रोजगारको अवसर प्रदान गरेको छ जसले गर्दा उनीहरुको घरको आम्दानीको स्रोत बढेको छ र त्यसले शिक्षा, स्वास्थ्यमा तथा महिला सशक्तिकरणमा आमूल प्रभाव पारेको छ ।

बैदेशिक रोजगारले बिषेश गरी महिलाहरुलाई आत्मनिर्भर बनाई सामाजिक तथा आर्थिक रुपमा सशक्त बनाएको छ, महिलाको कामलाई उत्पादनमूलक काममा परिणत गर्न सफल भएको छ । त्यसैगरी महिलाहरु आत्मनिर्भर भई आफ्नो घरको प्रमुख आम्दानीको स्रोत बन्न पुगेका छन् । यसरी समाजको संरचनागत स्वरुपमा परिवर्तन देखिन थालेको छ । महिलाको भूमिका बच्चा जन्माउने, हुर्काउने, परिवार र समाजमा सेवा मूलक काम मात्र गर्ने नभई परिवारको आयस्रोतको माध्यम बन्न थालेका छन् । घरमूलीको रुपमा स्थापित हुन थालेकाछन्, यसले सामाजिक सम्बन्धलाई नै परिवर्तन गर्न थालेको छ । साना बच्चा घर परिवारमा छाडेर बैदेशिक रोजगारीमा जाने कार्यले बच्चा हुर्काउने काम तथा जिम्मेवारी महिलाको मात्र होइन भन्ने कुरालाई प्रष्ट पारेको छ । यसका बावजुद बैदेशिक रोजगारमा जानेहरुले भोग्नु परेको आर्थिक, शारिरिक तथा मानसिक शोषण तथा यातना दिंनहुँ जसो विभिन्न पत्र पत्रिकामा छापिएका छन् । त्यस्तै गरी वैदेशिक रोजगारीले गर्दा समाजमा विभिन्न खाले नकारात्मक असरहरु पनि देखा परिरहेका छन् । पारिवारीक विखण्डनका घटनाहरु पनि भएका छन् । बालबालिका तथा वृद्धवृद्धाहरुको आवश्यक स्याहार र सुसार पुगेको छैन । महिला हिंसा बिरुद्धको बर्ष पुस्तक अन्वेषी २०१६ का अनुसार सम्बन्ध विच्छेदका घटनाहरुमा बढोत्तरी भएको छ । विप्रेशनको सदुपयोग भएको छैन र

उत्पादनमुलक कार्यमा सहि रुपमा लगानी भएको छैन । विषेश गरी महिलाहरुले आफनो जिविकोपार्जनको लागि स्वतन्त्रतापुर्वक एक ठाँउ बाट अर्को ठाँउमा जानपाउने अधिकारको निर्बाध रुपमा उपभोग गर्नबाट बञ्चित रहेको अवस्था छ (ओरेक बार्षिक प्रतिबेदन २०७२) ।

बैदेशिक रोजगारीको कारणले कुनै पनि महिला कुनै पनि तह र तप्काबाट समस्याा पर्ने आवस्थालाई कम गर्नका लागि यो अध्ययन गर्नु आवश्यक देखिन्छ । राष्ट्रको शान्ती सुरक्षा, समानता र सम बिकासका लागि महिलाको पनि पुरुष सरह आर्थिक उपार्जनमा पहुँच हुन आवश्यक छ । संबिधानतः रहेको लैंगिक समानताको हकलाई व्यवहारिक रुपमा स्थापित गर्न महिलालाई आत्मनिर्भरका साथ सशक्तिकरण गराउन बैदेशिक रोजगारी एक अवसरको रुपमा लिन सकिन्छ साथै यसमा रहेको चुनौतीहरुको पहिचान गरि महिलाको बैदेशिक रोजगारीलाई समय सापेक्ष सुरक्षित, व्यवस्थित र सम्मानजनक बनाउन यस शोधपत्रले उपयुक्त माध्यम पहिल्याउन कोशिस गरेको छ । यो अध्ययनले साधारण तर केहि महत्वपूर्ण प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरेको छ ।

प्रश्नहरु निम्न छन्;

- महिला किन बैदेशिक रोजगारमा गएका छन् ?
- बैदेशिक रोजगारमा महिलाहरुको लागि के कस्तो अवसर र चुनौतीहरु छन् ?
- बैदेशिक रोजगारबाट फर्किएका महिलाहरुलाई समाजले कसरी बुझेको छ ? समाजमा स्थापित हुन  समस्या छ ?
- बैदेशिक रोजगारीबाट फर्किएपछि महिलाहरुको हाम्रो समाजमा के कस्ता अवसर र चुनौतीहरु रहेकाछन् ?

## १.३ अध्ययनको उद्देश्यः

यस अध्ययनको सामान्य उद्देश्य बैदेशिक रोजगारीमा गएर फर्किएका महिलाहरुको सामाजिक तथा आर्थिक अवस्थाको पहिचान गरी उनीहरुले भोग्नु परेको चुनौती तथा अवसरहरुको बिश्लेषण गर्नु  रहेको थियो भने यसका विशिष्ट उद्देश्यहरु निम्न रहेका थिए :

१. बैदेशिक रोजगारमा गएका महिलाहरुको सामाजिक, आर्थिक अवस्था प्रस्तुत् गर्ने ।

२. बैदेशिक रोजगारमा महिलाहरुलाई के कस्ता अवसर र चुनौतीहरु छन् पत्ता लगाउने ।

३. बैदेशिक रोजगारबाट फर्किए पछि समाजमा कस्ता अवसर र चुनौती रहेका छन् विश्लेषण गर्ने ।

## १.४ अध्ययनको महत्व

यस अध्ययनले बैदेशिक रोजगारीबाट फर्किएका महिलाहरुको सामाजिक आर्थिक अवस्थाको बारेमा जानकारी हुनेछ । साथै अध्ययनले बैदेशिक रोजगारीले व्यक्ति तथा समाजको आर्थिक, सामाजिक परिवर्तनका लागि गरेको योगदानको बारेमा जानकारी हुनेछ । बैदेशिक रोजगारीबाट आएको बिप्रेशणको रकमले पारेको आर्थिक असरको बारेमा जानकारी हुनेछ । यस अध्ययनले बैदेशिक रोजगारीलाई व्यवस्थित गर्नका लागि सरोकारवालाहरुलाई नीतिगत रुपमा निर्णय लिनका लागि सहयोग पुग्नेछ । अध्ययनले निकालेको निष्कर्षले महिलाको बैदेशिक रोजगारीका लागि भएको गतिशिलताले समाजिक बिकास र स्वयं महिलाको सशक्तिकरणमा गरेको प्रभावको बारेमा बुझ्न सहयोग पुग्ने हुँदा यो अध्ययन महत्वपूर्ण रहेको छ ।

## १.५ अध्ययनको संरचना

यस अनुसन्धानलाई अध्ययनको क्रममा सजिलो र अनुसन्धानको सिद्धान्तः लाई ध्यानमा राखि जम्मा ६ परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ । जुन यस प्रकार रहेको छ :

**पहिलो अध्याय**

पहिलो परिच्छेद अन्तरगत यस अध्ययनको परिचय, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको महत्व, अध्ययनको संरचनाका बारेमा बिस्तृत अध्ययन गरि वर्णन गरिनेछ ।

**दोस्रो अध्याय**

यस अध्ययनमा पुर्व साहित्य समिक्षा अर्न्तगत प्रकाशित पुस्तक समिक्षा, अध्ययन समिक्षा, लेख रचना समिक्षा, सैद्धान्तिक अध्ययन, बैदेशिक रोजगार सम्बन्धि ऐन, कानून र नीतिहरुले गरेका व्यवस्था बैदेशिक रोजगार ऐन २०६४ले व्यवस्था गरेको प्रावधानहरु, बैदेशिक रोजगार सम्बन्धि बिश्व संगठनहरुको घोषणा, नीति नियम र परिभाषा , अध्ययन प्रतिबेदनको धारणागत स्वरुप प्रस्तुत गरिएको छ ।

**तेस्रो अध्याय**

यस अन्तरगत अध्ययन बिधि, अध्ययनको क्षेत्र र छनौटको औचित्य, अध्ययन ढाँचा, तथ्यांक संकलन, तथ्यांकको श्रोत र प्रकृती, समग्र तथा नमुना संकलन र तथ्यांक संकलनको प्रबिधि र तथ्याङ्क बिश्लेषण एवं प्रस्तुति बारे अध्ययन गरिएको छ ।

**चौथो अध्याय**

यस अध्ययनमा उदयपुर जिल्लाको भौगोलिक परिचय, जिल्लाको जनसंख्या विवरण, बेल्टार बसाहा नगरपालिकाको परिचय, जात अनुसार घरपरिवार संख्या, जनसंख्या, उमेर अनुसार जनसंख्या विवरण, धर्म अनुसार जनसंख्या विवरण, साक्षरताको अवस्था, वैवाहिक स्थिति, नगरपालिकाको पुर्वाधार, सांस्कृतिक तथा धार्मिक स्थिति, लाई प्रस्तुत गरिएको छ ।

**पाँचौ अध्याय**

यस अध्ययनमा महिलाको बैदेशिक रोजगारी सम्बन्धमा फिल्डबाट आएका तथ्यहरुलाई विभन्न शिर्षकमा विस्तृत रुपमा तालिकामा तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण गर्नको साथै, व्ययक्तिक घटना अध्ययन र तथ्यांकको गुणात्मक विश्लेषण गरिएको छ ।

## छैठौं अध्याय

यस अध्ययनमा अनुसन्धानबाट आएका तथ्यहरुको सारांश र निष्कर्षका साथै महिला को बैदेशिक रोजगारीको अवसर तथा चुनौतीका का बारेमा सुधार गर्नु पर्ने पक्षलाई  मध्यनजर गर्दै सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ । अन्तमा सन्दर्भ सामाग्री, अनुसुची राखिएको छ ।

# अध्याय - २

# साहित्यको पुनरावलोकन

सहित्यको पुनरावलोकन भन्नाले आफुले अनुसन्धान गर्न लागिएको बिषयका बारेमा यस अघि अध्ययन भई प्रकाशन भएका अन्य अनुसन्धान, लेख रचना, आदिको अध्ययन तथा समिक्षा गर्ने कार्य हो । यसले आफुले गर्न लागेको अनुसन्धानको बिषयबस्तुमा के कस्ता अनुसन्धान भैसकेको छ कुन पक्षको अनुसन्धान भएको छ, त्यसको निष्कर्ष कस्तो रहेको छ भन्ने कुराको जानकारी भई आफुले गर्न खोजेको अनुसन्धानको औचित्य र तथ्यगत रुपमा बिश्वसनियता बनाउन सहयोग पुग्छ । मैले यस बिषयमा यस अघि भएका बिभिन्न १० वटा अनुसन्धानात्मक कार्य, बिभिन्न समयमा प्रकासन भएका लेख रचना, साहित्य, तथा प्रतिबेदनहरुको अध्ययन गरेकी छु ।

## २.१ शैद्धान्तिक समिक्षा

स्थानागमन एक कठिन प्रकृया हो । यसका सामाीवक, अर्थिक, साँस्कृतिक, धार्मिक, राजनैतिक, मनोबैज्ञानिक, बातावरणिय आयामहरु हुन्छन् । यो कुनै पनि एउटा शिद्धान्तमा मात्र आधारित भएर यसको व्याख्या गर्न सकिदैन । धेरै अध्यताहरुले बिश्वको स्थानागमन प्रकृयाको फरक क्षेत्रहरुको बारेमा अध्ययन गरेका छन् । यद्दपी धेरै अध्ययनहरुले **किन मान्छे स्थानागमन हुन्छन्** भन्ने कुराको खोजीका लागि केन्द्रित भई स्थानागमनको खाका, चारित्रिक बिशेषता, कारण, असरको बारेमा अध्ययन गरेका छन् ।

### २.१.१ अध्ययनको सैद्धान्तिक अवधारणा

सैद्धान्तिक रुपमा यो अनुसन्धान मार्क्सवादको सामाजिक द्वन्द्वको सिद्धान्तमा आधारित हुनेछ । माक्सबादका अनुसार समाजमा रहेको वर्गिय बिभेदका कारण बर्गिय द्वन्द्वले सामाजिक बिद्रोह भैरहेको हुन्छ । सामाजिक परिवर्तनका लागि यो आवश्यक पनि हुन्छ । यसै गरि यो अनुसन्धान मार्क्सवादी नारीबादको सिद्धान्तमा पनि आधारित हुनेछ । यस सिद्धान्त अनुसार समाजमा भएका विभिन्न वर्गहरु मध्ये एउटै वर्गभित्र पनि शक्ति, सम्पत्ती र अन्य स्रोतहरु माथि महिलाकको पहुँच कम रहेको छ । माक्सवादी महिलाहरुका अनुसार कृषि, व्यापार, उद्योग र उत्पादनका साधानहरुमा पुरुषको प्रभुत्व हुनुले महिलाहरुलाई पुरुषको सम्पत्तिको

रुपमा लिने गरिन्छ । महिलाको श्रमको कुनै मुल्य छैन साथै महिलाको क्षमतालाई पनि कम आँकलन गरिन्छ । समाजमा रहेको पितृसत्तात्मक संरचना नै शोषणको केन्द्र हो । मार्क्सका अनुसार परिवार भित्र पुरुषहरुले महिलामाथि प्रभुत्व मात्र कायम गरेर तिनिहरुलाई आर्थिक र लिङ्गिय रुपमा शोषण गर्दछन् । मार्क्सवादी महिलावादी रोजा लक्जेम्बर्गका अनुसार शोषक वर्गका महिलाहरु परजीवीका पनि परजीवी हुन् । यसरी महिलाहरु परिवार, समाज र राज्यबाट नै बिभेदमा पारिएकाछन् । महिलाले महिला भएकै कारण समाजमा बिभिन्न बिभेदपूर्ण व्यवहारहरु खप्नु परेको छ । यो बिभेदपूर्ण संरचनाले महिलामा पनि बिद्रोहको भावना बिकास भई आफुमापनि केहि गर्न सक्ने सामर्थ्य भएको कुरा उजागर गर्ने अवसरको खोजी भैरहेको छ जसले गर्दा हाम्रो समाजमा भएको महिलाको लैंगिक भूमिकामा परिवर्तन आएको छ । यो परिवर्तनले समाजको समाजिक, आर्थिक, राजनैतिक र साँस्कृतिक अवस्थामा परिवर्तन ल्याइरहेको हुन्छ यी कुराहरु सामाजिक द्वन्द्वको शिद्धान्तमा आधारित छन् । माक्सवादको यस शिद्धान्तका अनुसार फरक समुह, वर्गहरुमा हुने द्वन्द्वले समाजमा परिवर्तन ल्याउँछ । यस शिद्धान्तका प्रतिपादकहरु मार्क्स, एंगल्स, स्मीथ, डार्विन, लुइस हुन । यो अध्ययन यसै पृष्ठभूमीमा रहि वर्गिय द्वन्द्वको आधारमा प्रतिपादन भएको सामाजिक द्वन्द्वात्मक सिद्धान्त र मार्क्सवादी महिलाबादी सिद्धान्तमा आधारित हुनेछ । हाम्रो समाजमा महिलाहरुको पहिचान, सम्मान र सुरक्षाको अधिकार स्थापित गर्नका लागि द्वन्द्व भैरहेको छ । यस्ता द्वन्द्वले नै समाजमा महिलाका अधिकारहरु स्थापित हुन सहयोग गर्छ । बैदेशिक रोजगारीमा जाने महिलाहरुका सावालमा पनि समाजमा एक किसिमको द्वन्द्वको अवस्था छ । यसले समाजमा महिलाको सामाजिक लैंगिक भूमिकाको स्वरुपमा परिवर्तन देखिएको छ ।

#### *२.१.१.१ नेपालमा बैदेशिक रोजगारः ऐतिहासिक समिक्षा*

नेपालमा बैदेशिक रोजगारीको पृष्ठभूमी करिब ३०० बर्ष अगाडी नेपाल एकिकरणको समय देखि नै रहेको देखिन्छ जुन एकिकरणको समयमा करबाट जोगिनका लागि सामूहिक रुपमा नै छिमेकी देशमा जाने चलन थियो (गुरुङ्ग २००४) । १९औं शताब्दिको शुरुवातमा जब बि.सं. १८१६ मा नेपाल र इष्ट इण्डिया कम्पनी बिच सुगौली सन्धि भयो त्यसबेला देखि दुई देश बिचको सम्झौता भई ब्रिटिस आर्मीको रुपमा नेपाली यूवाहरु भारत लगाएत ब्रिटिसका अन्य औपनिबेशिक राष्ट्रहरुमा जान थालेको इतिहास रहेको छ (सिजापति र लिम्बु, २०१२) ।

बिश्व श्रम बजारमा नेपाली कामदारहरुको उपस्थिति दिन प्रतिदिन बढदो रुपमा पाइन्छ । प्रत्येक बर्ष आन्तरिक श्रम बजारमा प्रवेश गर्ने चार लाख युवा मध्ये तीन लाख भन्दा बढी नेपालीहरु आप्रवासी कामदारका रुपमा विदेश जाने गरेको पाइन्छ । राष्ट्रिय जनगणना, २०११ **का नतिजा अनुसार नेपालको कुल जनसंख्या २ करोड ६६ लाख २० हजार ८०९** जना मध्ये स्वदेश भित्र अनुपस्थित देश वा विदेशमा रहेका जनसंख्या १९ लाख १७ हजार ९०३ जना रहेको देखाइएकोछ । जस मध्ये पुरुषको संख्या ८६.७ प्रतिशत छ भने महिलको संख्या १३.३ प्रतिशत अर्थात २ लाख १३ हजार ९ शय ८१ जना रहेको औंल्याइएकोछ । श्रम मन्त्रालय नेपालको स्थिती प्रतिबेदन २०१४/१५ का अनुसार आर्थिक बर्षहरु सन् १९९३/१९९४ देखि २०१४/१५ को अवधिमा सरकारद्वारा (भारत बाहेक) नेपालबाट बैदेशिक रोजगारीका लागि ३८ लाखभन्दा बढि श्रम स्वीकृतीहरु जारी गरिएका थिए जुन वर्तमान जनसंख्याको १४ प्रतिशत हुनआउँछ । जसको परिणाम स्वरुप विप्रेशणको प्रवाहमा उल्लेख्य बृद्धि भई सन् २००३/०४ को ५८.६ अर्व नेपाली रुपैंयाबाट २०१४/१५ मा ५८९.५ अर्व पुगेको छ । यो बिप्रेषण २००३/०४ मा १०.९ प्रतिशत थियो भने २०१४/१५ मा २७.७ प्रतिशत रहेको छ ।

बैदेशिक रोजगारमा जाने महिलाको तथ्यांकलाई हेर्दा सन् २००५/०६ भन्दा अगाडी कुनै व्यवस्थित तथ्यांक प्राप्त गर्न सकिदैन । सन् १९८५ देखि २००१ सम्ममा जम्मा १६१ जना महिलाहरु बैदेशिक रोजगारीको लागि गएको देखिन्छ । सन् २००८/०९ मा ३.९० प्रतिशत महिला आप्रवासीहरुको संख्या रहेकोमा सन् २०१२/१३ मा यो प्रतिशत उच्च बिन्दूमा पुगी कूल श्रम आप्रबासनको ६.१५ प्रतिशत रहेको र सन् २०१४/१५ मा ४.२८ प्रतिशतमा गिरावट आएको देखिन्छ ।

वैदेशिक रोजगार विभागको इतिहास हेर्दा तत्कालिन समयमा उद्योग मन्त्रालय अन्तर्गत बि.स. २०२८ सालमा श्रम विभागको स्थापना भई बि.स. २०३८ सालमा श्रम मन्त्रालयको स्थापना भए पश्चात यसैको मातहतमा रहेको र वैदेशिक रोजगार ऐन, २०४२ जारि भएपछि बि.स. २०५६ सालमा श्रम विभागको नाम श्रम तथा रोजगार प्रवर्द्धन विभाग कायम भएको देखिन्छ । विभागले सम्पादन गर्दै आएको वैदेशिक रोजगार सम्वन्धी कार्यको जटिलता र कार्यचापले गर्दा वैदेशिक रोजगार ऐन, २०६४ मा वैदेशिक रोजगार विभागको व्यवस्था भए अनुसार बि.स. २०६५।९।१६ गते वैदेशिक रोजगार सम्वन्धी मामिला हेर्न छुट्टै

वैदेशिक रोजगार विभागको स्थापना गरिएको छ । वैदेशिक रोजगारप्रति यूवाहरुको बढ्दो चाहना र श्रम स्विकृतिको कार्यलाई विकेन्द्रित गरि छिटो, छरितो र सहज बनाउने नेपाल सरकारको धारणा अनुरुप वैदेशिक रोजगार विभागको संगठनलाई क्षेत्रियस्तरमा समेत विस्तार गर्ने गरि प्रस्तावित गरिएकोमा वि.स. २०७०।८।२६ गतेको नेपाल सरकार ( मन्त्रिपरिषद) को निर्णयानुसार हाललाई काठमाण्डौ उपत्यका भित्रै देशगतरुपमा श्रम स्विकृति सम्वन्धी सम्पूर्ण कार्य गर्ने गरि ४ वटा कार्यालयहरु स्थापना भएका छन । यसरी बैदेशिक रोजगारलाई नियमन गरि व्यवस्थित रुपमा संचालन गर्न बिगत देखि बर्तमान सम्म पनि प्रयासहरु भैरहेका छन् ।

### *२.१.१.२ बैदेशिक रोजगार सम्बन्धि ऐन, कानून र नीतिहरुः*

बैदेशिक रोजगारीमा जाने क्रम बढेसँगै राज्यस्तरबाट यसलाई व्यवस्थित गर्न श्रम ऐन २०४२ को व्यवस्था भएको देखिन्छ । यस ऐनले दक्ष जनशक्तिलाई भने बैदेशिक रोजगारिमा जानको लागि प्रतिबन्ध लगाएको थियो । देशमा बहुदलिय व्यवस्थाको पुनस्थापना सँगै विभिन्न अन्तराष्ट्रिय महासन्धिहरुमा अनुमोदन भए जसले गर्दा राष्ट्रिय कानूनहरुमा पनि परिमार्जन भयो फलस्वरुप श्रम ऐन, २०४८ पारित भयो ।सन् १९९७ देखि मलेसिया र २००२ पछि इजरायल, कोरिया एवं अफगानिस्तानमा समेत रोजगारीको औपचारिक प्रक्रिया शुरु भएपछि आप्रवासी नेपालीहरुको संख्यामा झनै वृद्धि भइरहेको छ ।  श्रम ऐन २०४८ दुई पटक संशोधन भएको छ । पहिलो संसोधन श्रम ऐन, २०५४ र दोस्रो संसोधन बाल श्रम निषेध र नियमन गर्ने ऐन, २०५६ मा भएको थियो । यस ऐनले बिशेष गरि श्रमलाई व्यवस्थित गरि महिला श्रम, न्यूनतम ज्याला निर्धारण, काम गर्ने समय, सेवा सुबिधा, बिदाको व्यवस्था, श्रम अदालतको व्यवस्था आदि गरेको थियो ।देशमा विश्वव्यापिकरणको प्रभाव र खुल्ला अर्थतन्त्र र खुल्ला बजार नीति को कारण मानिसहरुको गतिशिलतामा बृद्धि भयो जसका कारण विभिन्न समस्याहरु पनि थपिदै जानथाले महिलाहरु बेचबिखनमा पर्दछन् भन्ने अवधारणाबाट मानव बेचबिखनको अवधारणा भई यसलाई नियन्त्रण गर्न मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ र नियमावली २०६५ को व्यवस्था भएको छ । जसले जुनसुकै कारणबाट पनि मानवलाई बेचविखन गर्ने कार्यलाई नियन्त्रण र दण्ड जरिवाना गर्ने व्यवस्था गरेको छ । यो ऐन पनि बैदेशिक रोजगार सम्बन्धि कार्यलाई व्यवस्थित गर्ने भरपर्दो कानूनी प्रावधान हो । यस ऐनले किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई

विदेशमा लैजाने,वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाई फकाई, प्रलोभनमा पारी, भुक्याई, जालसाज गरी, प्रपञ्च मिलाई, जबर्जस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिई, बेहोस पारी, पद वा शक्तिको दुरुपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिई वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाई लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरु कसैलाई दिने कार्यलाई बेचबिखन भनी परिभाषित गरेको छ ।

### *२.१.१.३ बैदेशिक रोजगार ऐन २०६४ को व्यवस्था:*

वैदेशिक रोजगारकालागि विदेशिएका नेपाली कामदारहरु जानेक्रममा तथा कामका शिलशिलामा विभिन्न समस्याहरु देखिएकोले वैदेशिक रोजगार ऐन ,२०४२ लागु भयो । श्रम ऐन २०४८ ले पनि बैदेशिक रोजगारको सवाललाई प्रभावकारी रुपमा सम्बोधन गर्न नसकेकोले र बैदेशिक रोजगार ऐन २०४२ त्यति प्रभावकारी नभएकोले उक्त ऐनलाई खारेज गरी हाल वैदेशिक रोजगार ऐन, २०६४ जारी भएकोछ । बैदेशिक रोजगार ऐन २०६४ को प्रस्तावनामा नै बैदेशिक रोजगार सम्बन्धि कानूनलाई संसोधान र एकिकरण गर्न बनेको ऐन प्रस्तावना भनिएको छ, जसमाः  बैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्दै सो व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउन तथा बैदेशिक रोजगारमा जाने कामदार र बैदेशिक रोजगार व्यवसायीको हक हीतको संरक्षण गर्नको लागि बैदेशिक रोजगार सम्बन्धि कानूनलाई संसोधन र एकिकरण गर्न वाञ्छनिय भएकोले व्यवस्थापिका संसदले यो ऐन बनाएकको छ। भनी स्पष्ट रुपमा उल्लेख गरिएको छ।

वैदेशिक राजगार ऐन, २०६४ जारी पछि वैदेशिक रोजगार विभागको पूनरगठन, महिलालाई वैदेशिक रोजगारमा समान व्यबस्था का साथै कामदारको न्यूनतम पारिश्रमिक निर्धारण गर्नु श्रम सहचरीको व्यबस्था गरिनु, दुई पक्षिय सम्झौताको व्यवस्था, वैदेशिक रोजगारमा जानेको अनिवार्य वीमा गरिनु वैदेशिक  रोजगार प्रवर्द्दन वोर्डको गठन हुनु, वैदेशिक रोजगारी कल्याणकारी कोष सम्बन्धी ब्यबस्था हुनु, श्रम डेस्कको ब्यबस्था गरिनु, वैदेशिक रोजगार न्यायधिकरणको स्थापना , देश बाहिर बसी ऐन बिपरित काम गर्नेलाई पनि लागू हुने व्यवस्था, दक्षिण कोरियामा  कामदार पठाउन इपियस प्रणली लागू गरिनु ,पछाडि

पारिएका तथा विभिन्न बर्गका लागि आरक्षणको व्यबस्था जस्ता काम भएका छन् भने वैदेशिक रोजगार**लाई सुरक्षित ,व्यवस्थित र मर्यादित बनाउने उद्देश्यले वैदेशिक रोजगार नीति ,२०६८ समेत लागू गरिएकोछ ।** कानूनले तोकेको प्रकृया पूरा गरी, भाषा, सीप सिकेर एवं अभिमुखिकरण तालिम लिएर वैदेशिक रोजगारमा जानुलाई सुरक्षित बैदेशिक रोजगार भनिन्छ । यसै गरि विदेश स्थित विदेशी कुटनीति नियोग नेपाली समाज ,गैरआवाशिय नेपाली संघ ,लगायतका विभिन्न संस्थाले पनि विभिन्न आयाममा नेपालीकामदारहरुलाई सहयोग गरेकाछन । गैर सरकारी संघ, नागरिक समाज ,सामुदायिक संघ संस्था, आम संचारका माध्यम आदिले वैदेशिक रोजगार बारेमा ग्रामिण तहसम्म सूचना पुऱ्याउन योगदान दिएकाछन् ।

यस ऐनले वैदेशिक रोजगार व्यवसायलाई प्रवर्द्धन गर्ने । व्यवसायलाई सुरक्षित, व्यवस्थित र मर्यादित गर्ने वैदेशिक रोजगारमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हक हितको संरक्षण गर्ने कार्यलाई व्यवस्थित गरेको छ भने ऐनको मुख्य प्राबधानहरुः अठार वर्ष उमेर पूरा नगरेको कुनैपनि नाबालिगलाई वैदेशिक रोजगारमा नपठाइने, इजाजतपत्रवाला कम्पनी मार्फत कामदार पठाउन सकिने, सरकार आफैले पनि कामदार पठाउन सक्ने, इजाजतपत्र विना बैदेशिक रोजगार व्यवसाय संचालन गर्न नपाइने, कामदार पठाउनु अघि पूर्व स्वीकृति लिनु पर्ने, विज्ञापन प्रकाशन गर्नु पर्ने, श्रम स्वीकृति लिनु पर्ने, बैदेशिक रोजगार करार गर्नु पर्ने (सेवा सर्त सुविधा), व्यक्तिगत रुपमा पनि बैदेशिक रोजगारमा जान सक्ने, स्वेदशी विमानस्थल प्रयोग गर्नु पर्ने,वैदेशिक रोजगारमा कामदार पठाउँदा लैङ्गिक विभेद नगरिने नीति लिएको छ ।यो ऐन नेपाल भरी र नेपाल बाहिर बसी यस ऐन विपरित कार्य गरेमा नीजको हकमा समेत यो ऐन लागू हुने व्यवस्था रहेको छ । बैदेशिक रोजगारमा नेपाली कामदार गएका वा जान सक्ने सम्भावना भएका विदेशि मुलुकसँग नेपाल सरकारले द्विपक्षिय श्रम सम्झौता गर्ने कुराको पनि व्यवस्था गरि बैदेशिक रोगगारलाई सुरक्षित र भरपर्दो बनाउने प्रयास गरेको छ ।

बैदेशिक रोजगार ऐन २०६४, दफा ९,आरक्षणको व्यवस्था गरिएको छ । वैदेशिक रोजगारमा कामदार पठाउँदा संस्थाले नेपाल सरकारद्वारा तोके बमोजिमको संख्यामा महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्रका व्यक्तिलाई आरक्षण प्रदान गर्नु पर्नेछ ।

नेपालको संविधान २०७२ भाग ३, धारा ३३ रोजगारिको हकः (१) प्रत्येक नागरिकलाई रोजगारीको हक हुनेछ । रोजगारिको शर्त,अवस्था र बेरोजगार सहायता संघिय कानून बमोजिम हुनेछ। (२) प्रत्येक नागरिकलाई रोजगारीको छनौट गर्न पाउने हक हुनेछ।

नेपालको संबिधान २०७२, भाग ३, धारा ३८ महिलाको हकः (१) प्रत्येक महिलालाई लैंगिक भेदभाव बिना समान वंशिय हक हुनेछ । (५) महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी, र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा बिशेष अवसर प्राप्त गर्ने हक हुनेछ। (६) सम्पत्ती तथा पारिवारीक मामिलामा दम्पत्तीको समान हक हुनेछ।

### २.१.२ बैदेशिक रोजगार सम्बन्धि बिश्व संगठनहरुको घोषणा, नीति नियम र परिभाषा

आप्रवासी कामदार सबैभन्दा पहिला मानव हुन्। त्यसकारण उनीहरुलाई पनि विश्वव्यापि मानवअधिकार समान रुपमा लागु हुनु जरुरी छ । अझ उनीहरुको परिस्थतिले गर्दा आप्रवासी कामदारको अधिकार, सम्मान र सुरक्षाका लागि निश्चित तथा बिशेष किसिमको सुरक्षा आवश्यक छ । तर, आप्रवासी कामदारहरु आफ्नो देशको कानूनी सुरक्षाको घेरा भन्दा बाहिर हुने भएकोले दुर्व्यवहार र शोषणको बढी जोखिममा हुने गर्दछन । बिषेश गरेर अदक्ष र अलेखबद्ध आप्रवासीहरु बहिस्कार, भेदभाव, दुर्व्यवहार र सामाजिक सेवा, न्याय, शिक्षा र स्वस्थ्य सेवाको पहुँचभबाट टाढा र निर्माण प्रकृयामा सहभागिताको अवसरबाट बन्चित हुने गरेका छन्। त्यसैगरी महिला आप्रवासी कामदारहरु पनि समस्या, दुर्व्यवहार, भेदभाव, शोषणको बढि जोखिममा हुन्छन् र कतिपय अवस्थामा न्युनतम मानव अधिकारको पहुँचबाट टाढा हुने गरेका छन्। आर्थिक तथ्याङ्कले तथा अनुसन्धानले के देखाएका छन् भने आप्रवासीहरुको मानव तथा श्रम अधिकार संरक्षण गर्ने हो भने यसले कामदार पठाउने र आयात गर्ने, दुवै राष्ट्रको, विकास र आप्रवासनको लाभलाई सुदृढ गर्दछ । त्यसकारण, आप्रवासन सम्बन्धी नीति निमार्ण तथा कार्यान्वयनमा आप्रवासी कामदारहरुको अधिकारको संरक्षण तथा प्रवर्द्धनकको सुनिश्चितता जरुरी देखिन्छ । त्यसैगरी राष्ट्रिय निति तथा कानुनहरु मानव अधिकारका विश्वव्यापी मुल्य मान्यताका मापदण्डका आधारमा समाहित हुनु जरुरी हुन्छ । आप्रवासी कामदारहरुको अधिकार सुनिश्चितताका लागि अन्तराष्ट्रि कानूनहरुले गरेका व्यवस्थाहरुः

### *२.१.२.१ मानव अधिकारको बिश्वव्यापी घोषणापत्रः*

यस घोषणापत्रले मानव अधिकार सम्बन्धि सम्पूर्ण व्यवस्था गरेको छ त्यस मध्ये आप्रबासी सम्बन्धि निम्न व्यवस्थाहरु गरेको छ ।

- एक स्थान बाट अर्को स्थानमा आवत जावत गर्न पाउने हक धारा १३(१)
- बिना रोकटोक आफ्नो उत्पत्तीको देश छाड्न र फर्कन पाउने हक धारा १३(२)
- श्रम सम्बन्धि हक धारा (२३)
- आराम गर्ने समय सम्बन्धि हक धारा (२४)
- मातृत्व र बाल्यकालको लागि सामाजिक सुरक्षाको हक, जसमा बिबाहित वा अबिबाहिता अवस्थामा जन्मेको बच्चामा कुनै बिभेद गर्न नहुने धारा (२५) को २

### *२.१.२.२ सबै आप्रवासी कामदारहरु तथा तिनिहरुका परिवारका सदस्यहरुको अधिकार संरक्षण सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि, १९९०:*

सबै आप्रवासी कामदारहरु तथा तिनिहरुका परिवारका सदस्यहरुको अधिकार संरक्षण सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि, १९९०, भाग २ अधिकारको सम्बन्धमा अभिवेद धारा ७ पक्ष राष्ट्रहरु मानव अधिकार सम्बन्धि अन्तर्राष्ट्रिय दस्तावेजहरु बमोजिम उनीहरुको भू भागमा बस्ने वा उनीहरुको अधिकार क्षेत्रभित्रको सबै आप्रवासी कामदारहरु र तिनीहरुका परिवारका सदस्यहरुलाई सम्मान गर्ने र लिंग, जात, वर्ण, भाषा,धर्म वा विश्वास, राजनीतिक वा अन्य विचार, राष्ट्रिय,जातीय वा सामाजिक उत्पत्ति, राष्ट्रियता, उमेर, आर्थिक अवस्था, सम्पत्ति,वैवाहिक स्थिति, वा अन्य आधारमा यस महासन्धिद्वारा प्रदत्त अधिकारको प्रयोगमा कुनै भेदभाव गर्ने छैन भन्ने कबूल गर्दछन् ।

सबै आप्रवासी कामदारहरु तथा तिनिहरुका परिवारका सदस्यहरुको अधिकार संरक्षण सम्बन्धि अन्तर्राष्ट्रिय महासन्धि, १९९०, भाग ३ धारा ८,९,१०,११,१२,१३,१४,१५,१६सम्म भएका व्यवस्थाहरु ।

### *२.१.२.३ महिला उपर हुने सबै किसिमका भेदभाव उन्मूलन सम्बन्धि महासन्धि CEDAW Conventation: १९८९*

महिला उपर हुने सबै प्रकारका भेदभाव निर्मूलन सम्बन्धि महासन्धि,(CEDAW) धारा ११, राज्य पक्षहरुले रोजगारीको क्षेत्रमा महिलालाई पुरुषसरहको समानताको आधारमा समान हक सुनिश्चित गराउनको लागि महिला उपरका सबै प्रकारको भेदभाव निर्मूल गर्न आवश्यक कदम चाल्नेछन् र खास गरेर देहायका अधिकार प्रति सुनिश्चित गर्नेछन्:

(क) समस्त मानव प्राणीको अविच्छेद्य अधिकारको रुपमा काम गर्ने अधिकार दिलाउने,

(ख) रोजगारिमा नियुक्तिको लागि छनोट गरिदा समान प्रकृया प्रयोग गरिने लगायत रोजगारिको समान अवसरको अधिकार,

(ग) स्वातन्त्र रुपमा पेसा तथा रोजगारी चयन गर्न पाउने अधिकार, बढुवा हुन पाउने, सेवाको सुरक्षा पाउने तथा सेवाका तमाम शर्तहरु एवं फाइदाहरु उपभोग गर्न पाउने अधिकार, र सिकारु सुबिधा लगाएत व्यवसायिक तालिम तथा पनर्तालिम पाउने, उच्च व्यवसायिक तालिम तथा समय समयमा तालिम पाउने अधिकार,

(घ) समान सुबिधा सहितको समान पारिश्रमिक पाउने हक,

(ङ) सामाजिक सुरक्षाको अधिकार, खास गरेर निबृत्त भएकोमा, बेरोजगारिमा,बिरामी परेकोमा, अशक्त भएकोमा तथा बृद्धावस्थामा र काम गर्न अन्य तवरबाट अशक्त भएको अवस्थामा समेत सामाजिक सुरक्षा पाउने अधिकार एवं पूरा तलब सहित बिदा लिन पाउने अधिकार,

(च) श्रम सम्बन्धि हक धारा ११ समान अधिकार, समान अवसर, पेशा तथा रोजगारी छान्ने स्वतन्त्रता, तालिम तथा अन्य रोजगार सुरक्षा, पदोन्नतीको हक, समान कामको लागि समान ज्याला, सामाजिक सुरक्षा सम्बन्धि हक, सन्तानोत्पादनको सुरक्षित हुनेगरि स्वास्थ्य सुरक्षा तथा सुरक्षित काम गर्ने हक

(छ) प्रजनन् पद्दतिको बचाउ हुने गरी स्वास्थ्यको संरक्षण पाउने हक एवं कार्यस्थलमा सुरक्षाको अधिकार ।

### *२.१.२.४ घरेलु माहासन्धि, २०११ निर्णय नं. १८९*

यस महासन्धि अनुसार घरेलु श्रम भन्नाले घरमा वा घरको लागि गरिने कामहरु जसभित्र खाना बनाउने, भाँडा माझ्ने, बच्चा बुढाबुढिलाई हेर्ने, सरसफाई गर्ने, घर कुर्ने, गाडी चलाउने जस्ता काम हरु पर्दछन् ।

घरेलु श्रमिक भन्नाले कुनै पनि मानिस हो जो घरेलु श्रमसँग पेशागत रुपमा सम्बन्धित छ उ नै घरेलु श्रमिक हो । चाहे उ पुरै समय, आधा समय, एउटा घर वा धेरै घर, घर भित्र बस्ने वा घर बाहिर काम गर्ने नै किन नहोस् यी सबै श्रमिकहरु महासन्धि १८९ अन्तर्गत पर्दछन् ।

घरेलु श्रमिकका रोजगारदाता भनेका ती घरका मालिकहरु हुन वा घर मालिकहरुलाई घरेलु श्रमिक दिलाउने एजेन्सिहरु हुन् ।

यस महासन्धिले घरेलु श्रमिकको अधिकार सम्बन्धि निम्न व्यवस्थाहरु गरेको छ :

- सबै प्रकारको हिंसा, दुर्व्यवहार र हतोत्साहन बिरुद्धको संरक्षण धारा (५)
- मर्यादित जिवन यापन र रोजगारको लागि न्यायपूर्ण व्यवस्था धारा (६)
- घरेलु श्रमिकलाई सजिलै बुझिने शैलीमा सम्भव भए सम्म लिखित रुपमा रोजगारीको अवस्था र सेवा सर्तको जानकारी दिनुपर्नेछ धारा (७)
- यसका अतिरिक्त यस महासन्धिले श्रमिकको पेशागत सुरक्षा र स्वास्थ्य, साप्ताहिक बिदा, कामको समयमा गरिने आराम, काम गर्ने समयाबधि, पारिश्रमिक, सामाजिक सुरक्षाको बारेमा पनि व्यवस्था गरेको छ ।

राज्यले यस महासन्ध अनुमोदन गरे पनि नगरे पनि घरेलु श्रमिकका लागि न्यूनतम श्रम मापदण्ड आत्मसात गरि कानूनी व्यवस्था गर्नु पर्ने ।

### २.१.२ बैदेशिक रोजगार सम्बन्धि भएका पूर्व अध्ययन अनुसन्धानहरु :

गुरुङ्ग, (2013) का अनुसार नेपालमा रोजगारीको अवसर नभएका कारण मानिसहरु बैदेशिक रोजगारमा जान्छन् जसमध्ये महिला कामदारहरु हिंसामा पर्ने जोखिम बढि हुन्छ । उनीहरु ग्रामिण भेगबाट गएका, कम शिक्षित, सुचना र सीपको कमी हुन्छ र त्यसमा पनि घरेलु श्रममा जाने अझ जोखिममा हुन्छन् । कम्पनिमा काम गर्ने कामदार माथि भएका हिंसाका

घटनाहरु तत्काल बाहिर आएका हुन्छन र यसले महत्व पनि बढी नै पाउँछ तर घरेलु महिला कामदार माथि भएका घटनाहरु एकदम कम मात्रामा मात्र बाहिर आउँछ । हाम्रो देशले गन्तव्य मूलुकसँग श्रम सम्झौता नगरेका कारण महिला घरेलु कामदारहरु हिंसाको चपेटामा रहेका छन् ।

यूएन ओमेन नेपाल अफिस र श्रम तथा रोजगार मन्त्रालय नेपालले गरेको अध्ययन प्रतिबेदन (२०७०) अनुसार धेरै जसो आप्रबासी महिला कामदारहरु बैदेशिक रोजगारको निम्ति बिदेशि (धेरै मात्रामा भारत र थोरै मात्रामा बांगलादेश) हवाई माग प्रयोग गर्ने गरेको पाइएको छ । कतिपय महिलाहरुलाई आफ्नो देश नेपालबाट पनि हवाई जाहाज चढेर रोजगार मूलुकमा पुग्न सकिन्छ भन्ने ज्ञान समेत छैन ।

सिजापती, (2015) का अनुसार महिला बैदेशिक रोजगारीमा गएका कारण देशको रेमिट्यान्स बढेको छ । यो रकम शिक्षा, स्वास्थ्य लगाएत आधारभूत आवश्यक्ता पुरा गर्नमा सहयोग पुगेको छ । सामाजिक आर्थिक बिकासमा सहयोग पुगेको छ । सामाजिक, साँस्कृतिक मूल्य मान्यताहरु, लैंगिक भूमिकाहरुमा सकारात्मक परिवर्तन हुन सहयोग गरेको छ । भने पारिवारिक बिखण्डन पनि भएको देखिन्छ । महिलाको बैदेशिक रोजगारमा केहि कानूनी, सामाजिक, अर्थिक, व्यवधानहरु रहेका छन् । महिलाहरुले बैदेशिक रोजगारीको यात्रामा आफ्नो परिवार देखि समाज,आफ्नो देश, ट्रान्जिट र गन्तब्य मूलुकमा र फर्किएर आएपछि पनि तुलनात्मक रुपमा पुरुषले भन्दा बढि जोखिमहरु भोग्नु परेको हुन्छ ।

श्रम बजार र स्थानागमनको अवस्था विश्लेषण, (2015) का अनुसार हाम्रो देश नेपालबाट बैदेशिक रोजगारीमा जाने र अन्य देशमा कामदार चाहिने अवस्थाको निरन्तरता धेरै समयसम्म रहिरहने छ । यसलाई सुरक्षित बनाउन नेपाल सरकारले अन्तराष्ट्रिय मापदण्ड अनुसारको तालिमको व्यवस्था गर्ने । श्रम आप्रबासनको प्रकृयालाई व्यवस्थापन गरि कामदारको सुरक्षा गर्ने । बैदेशिक रोजगारीमा जाने प्रकृयालाई सामान्यिकरण र सहज गर्ने । श्रम आप्रबासन सम्बन्धि सरकारी व्यवस्थामा सुधार गर्ने । देश भित्र नै रोजगारी र जिबिकोपार्जन सम्बन्धि नीति अवलम्बन गर्ने ।

अनुगमन सम्बन्धि प्रतिबेदन (२०६९) का अनुसार, मलेशिया नेपाली कामदारको मुख्य गन्तब्य देशको रुपमा रहेको । नेपाल सरकारबाट न्यूनतम पारिश्रमिक निर्धारण भएको

भएता पनि तोकिएको तलब सुबिधा नदिने, मासिक ज्याला भनिए पनि पिस बेसमा काम लगाउने । श्रमिकहरुले करार अबधि पुरा नगरि कम्पनी छाड्ने । बैदेशिक रोजगारी व्यबसायी बिचको अस्वस्थ्य प्रतिस्पर्धाका कारण कामदारहरु मार्कामा परेका साथै जोखिमयुक्त रहेको  श्रम तथा रोजगार मन्त्रालयको मलेशियामा नेपालको बैदेशिक रोजगार तथा नेपाली कामदारको अनुगमन सम्बन्धि प्रतिबेदन ।

पराजुली,(२०६०) का अनुसार लोग्नेले मात्र कमाउने स्वास्नीले केहि गर्न सक्दिन, छोराले मात्र गर्छ छोरीहरु केहि होइनन् भन्ने पुरानो मान्यता र चिन्तनलाई क्रमशः महिलाहरुले पनि अवसर पाएमा परिवारका लागि धेरै ठूलो सहयोग पुऱ्याउँछन् भन्ने उदाहरण देखाईरहेका छन् । महिलाले पनि घरपरिवारलाई आर्थिक रुपले मजबुत बनाउन सक्नेछन् जसको कारण छोरो नै भयो भने मात्र पाल्छ भन्ने भेदभावयुक्त चिन्तनमा परिवर्तन आउनेछ । महिलाको आर्थिक अधिकारमा टेवा पग्नेछ ।

त्रिपाठी, (२०६०) का अनुसार महिला सदस्यलाई परिवारको जिम्मेवार व्यक्ति, मूली वा मेरुदण्डको रुपमा स्वीकार गर्न हाम्रो समाज तयार भईसकेको देखिन्न । महिलालाई आत्मनिर्भर, जिम्मेबर र सशक्त बनाउने सन्दर्भमा हाम्रो मुलुकका लागि बैदेशिक रोजगारीमा उनीहरुको पनि सहभागिता गराउनुपर्छ भन्ने नयाँ अवधारणा एउटा मुद्दाको रुपमा आएको छ ।

पिपुल फोरम, पौरखी, ओरेक (2016)  को प्रतिबेदन अनुसार, आप्रबासी कामदारहरुमा कानूनी बाधा, सामाजिक, आर्थिक बाधाहरु, संस्थागत, फौजदारी न्याय, गन्तव्य देशमा बिभिन्न अबरोधहरु भोग्न बाध्य छन् । महिलाको बैदेशिक रोजगारीमा लागेको उमेरको हदबन्दिका कारण, प्रयाप्त सुनचाहरु नपाएका कारण गलत एजेण्टको प्रभावमा परी जोखिममा पर्ने । यस क्षेत्रमा काम गर्ने सरकारी निकायहरु बिचको समन्वयमा कमी, बैदेशिक रोजगार सम्बन्धि सबै किसिमका केशहरु केन्द्रबाट मात्र कार्वाही प्रकृया भएका कारण मानिसहरुको पहुँचमा कमी भई केश बिचमा नै छाडिदिने ।

ओरेक, (२०७०/७१) को प्रतिबेदन अनुसार समाज महिलाको बैदेशिक रोजगारप्रति सकारात्मक नभएको कारणले सम्भावित बैदेशिक रोजगारीमा जाने महिलाहरु खुलेर सुचना लिन आउँदैनन् । जसले गर्दा अभिलेख व्यवस्थापन साथै  समस्यामा परेपछि क्षतिपूर्ति तथा


उजुरी गर्न आवश्यक कागजात नभएको कारणले समस्या देखिएको छ । स्थानागमनलाई सुरक्षित बनाउन सरकारी तवरबाट केही प्रयासहरु भइरहेका छन् । वैदेशिक रोजगारसँग जोडिएका हिंसा, बेचबिखन तथा ओसारपसार, ठगी लगाएत उद्दार गर्नुपर्ने समस्यालाई मध्यनजर गर्दै गैरसरकारी संस्थाहरुले सुचना सम्प्रेशण, क्षमता अभिबृद्धि, अध्ययन, अनुसन्धान, आवश्यक्तामा आधारित सहयोग, नीति निर्माण तथा कार्यान्वयनका लागि निरन्तर जारी पैरवीले सुरक्षित स्थानागमनका लागि सकारात्मक वातावरण तयार हुँदै गएको देखिन्छ ।

गैरसरकारी संस्थाको प्रतिबेदन,(२०१५) पहिलो बिश्वआबधिक पुनराबलोकन प्रतिबेदनमा बाचा गरिए मुताबिक बिशेषगरी ग्रामिण भेगका महिलाहरुलाई रोजगारीको अवसर अझ धेरै हुनुपर्छ । सरकारले उमेर हदलाई घटाई घरेलु तथा अनौपचारिक श्रम क्षेत्रका श्रमिक महिलाको सुरक्षा सुनिश्चित गर्न गन्तव्य मुलुकसाग द्विपक्षिय सम्झौता गरी रोजगारीका लागि बसाईं सराइ गर्ने महिलाको सुरक्षा सुनिश्चितता गर्नुपर्छ ।

## २.२ अध्ययन प्रतिबेदनको धारणागत स्वरुप

यस अध्ययनको बिषयसँग सम्बधित साहित्यहरुको अध्ययन पश्चत निम्न किसिमको अवधारणागत स्वरुप प्रस्तुत गरिएको छ ।

चित्र नं.१




माथिको अवधारणागत ढाँचा अनुसार बैदेशिक रोजगारमा जानुको मुख्य कारण गरिबी, बेरोजगारी, अवसरको कमी, महिलाको कामको मूल्यांकन नहुनु, पारिवारिक द्वन्द्व, हुन् भने यसले समाजको आर्थिक, सामाजिक, पारिवारिक अवस्थामा र महिलाको सशक्तिकरणमा गरेको योगदान साथै यस भित्र चुनौतीहरु पनि रहेको हुन्छ। त्यसकारण यो सम्पूर्ण अध्ययन यसै ढाँचामा आधारित भएर गरिएको छ।

# अध्याय -३

# अध्ययन बिधि

अनुसन्धान बिधि भन्नाले कुनै पनि वैज्ञानिक खोज/अध्ययन अनुसन्धानमा प्रयोग हुने बिषयगत बैज्ञानिक बिधिलाई बुझाउँछ । समाजशास्त्रको अध्ययनमा प्रयोग हुने यि बिषयका आफ्नै बिशिष्ट अध्ययन पद्दतीहरु छन् । ती बिशिष्ट अध्ययन पद्दतीहरुको प्रयोगबाट प्राप्त भएको तथ्यांकको व्याख्या तथा विश्लेषणबाट नै समाजको अध्ययन सम्भव हुन्छ । यस अध्ययनमा निम्नानुसार अध्ययन पद्धतीको प्रयोग गरेकी छु अनुसंधानको ढाँचा, अनुसंधान क्षेत्रको छनौट, तथ्यांकको प्रकृति र स्रोत, नमुना संकलन, तथ्यांक बिश्लेषण समय सिमा आदि । यसका लागि मैले गुणात्मक र परिमाणात्मक तथ्यांकको अध्ययन गरेकीछु ।

## ३.१. अध्ययनको ढाँचाः

यो अध्ययन बर्णनात्मक ढाँचामा आधारित हुनेछ । साथ साथै केहि मात्रामा अन्वेषणात्मक ढाँचाको समेत प्रयोग भएकोछ । वर्णनात्मक ढाँचाको सहाराले प्राप्त प्राथमिक तथ्यहरु जस्तै बैदेशिक रोजगारीमा जाने महिलाहरुको सामाजिक आर्थिक अवस्था, अवसर र चुनौतीहरुको वर्णन गरिएकोछ । त्यसैगरी अन्वेषणात्मक ढाँचाको सहाराले बैदेशिक रोजगारीमा जाने महिलाहरुको अवसर र चुनौती सम्बन्धि कुराहरु अन्वेषण गरी प्रस्तुत् गरिएको छ ।

## ३.२.अध्ययनको क्षेत्र र छनौटको औचित्य

यो अध्ययनको क्षेत्र नेपालको पूर्वाञ्चल बिकास क्षेत्र अन्तरगत सगरमाथा अञ्चलमा पर्ने उदयपुर जिल्लाको बेल्टार बसाहा नगरपालिकाको १,२,३,६,७,८ नं. वडा रहेकोछ । यस क्षेत्रका यूवाहरुमा बिदेश जाने लाहुरे हुने चलन धेरै अगाडी देखि नै रहेको छ । उदयपुर जिल्लाको जनसंख्या २०११ को जनगणना अनुसार ३१७,५३२ रहेको छ । जिल्लाको दुई गाविस बेल्टार र बसाहा मिलाएर बेल्टार बसाहा नगरपालिका २०६८ मा घोषणा भई आधिकारिक रुपमा २०७१ बाट लागू भएको हो । जनगणना २०६८ का अनुसार यस नगरपालिकाको जनसंख्या महिला १३१५१ र पुरुष १०७६७ गरि जम्मा २३९१८ रहेको छ । जिविस उदयपुरको प्रोफायल २०७२ को अनुसार सबै भन्दा बढि जनसंख्या राईहरुको रहेको छ भने खस, मगर, सुनुवार, मधेसीहरु पनि यहाँका बासिन्दाहरु हुन् । हालसम्म बैदेशिक

रोजगारीमा जानेहरुको एकिन तथ्यांक जिविस तथा गाविसमा व्यवस्थित गरिएको पाईंदैन यद्दपी जिल्ला प्रशासन कार्यालय उदयपुरबाट राहदानी बनाउनेको संख्यालाई हेर्दा आर्थिक बर्ष २०७२/०७३ मा उदयपुरबाट जम्मा ५००४ जनाले राहदानी बनाएका छन् जसमध्ये बेल्टार बसाहा नगरपालिका बाट १९१ जना छन् जसमा महिलाको संख्या ३९ जना रहेको छ । यो क्रम यस बर्षको २०७३ साउन देखि फागुन सम्मको तथ्यांकलाई हेर्दा हाल सम्म २५३७ जनाले राहदानी लिएकोमा बेल्टार बसाहा क्षेत्रबाट २३८ जनाले राहदानी बनाएका छन् भने त्यसमा महिलाको संख्या ६० रहेको छ । बैदेशिक रोजगार प्रबर्द्धन बोर्डको तथ्यांक आर्थिक बर्ष २०७१/०७२ अनुसार उदयपुर जिल्लाबाट आर्थिक बर्ष २०७१/०७२ मा ७७२७ जना बैदेशिक रोजगारीमा गएका छन् जसमध्ये महिलाको संख्या ३३९ रहेको छ । यो तथ्यांक बैदेशिक रोजगारीमा श्रम स्वीकृति लिएर जानेको संख्या मात्र हो ।

### ३.२.१. अध्ययन छनौट गर्नुको मुख्य औचित्यः

यस सम्बन्धि अध्ययनका लागि बेल्टार बसाहा क्षेत्र नै छनौट गर्ने मुख्य कारणहरुः

(१) राईहरुको बाहुल्यता रहेको र पहिला देखि नै यस जातिका युवाहरु ब्रिटिस आर्मि तथा इण्डियन आर्मिमा भर्तिहुने प्रचलन र अहिले पनि बैदेशिक रोजगारबाट सहज जीवनयापन गर्न सकिन्छ भन्ने आशा र बिश्वास ।

(२) बार्षिक रुपमा महिलाहरुको राहदानी बनाउने संख्यामा बृद्धि हुँदै गएकोले ।

(३) बैदेशिक रोजगारबाट फर्किएका महिलाहरुको संजाल भएकोले ।

(४) गृह जिल्ला पनि भएको हुँदा अध्ययनमा सहज हुने भएकोले ।

तसर्थ यो अध्ययन उदयपुर जिल्लाको बेल्टार बसाहा नगरपालिकामा बैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुसँग गर्नु उपयुक्त हुनेछ । यो अध्ययन प्रतिबेदनको समयाबधी २०७३ चैत्र मसान्त सम्म रहकोछ ।

### ३.३. तथ्याङ्कको श्रोत र प्रकृती

मुख्यगरी यस अध्yययन प्रथमिक र द्वितियक दुवै तथ्यांकमा आधारीत रहकोछ । प्राथमिक तथ्यांक अध्ययन क्षेत्रबाट संकलन गरीनेछ भने द्वितियक तथ्यांक सम्बन्धित पुर्व समिक्षा जस्तै अध्ययन प्रतिवेदन, जनगणना प्रतिवेदन, जि. बि. स., गा. बि. स. का प्रतिबेदन, बिभिन्न सँघ संस्थाका प्रतिबेदन तथा प्रकासित तथा अप्रकासित कृतिहरु हुनेछन् । प्राथमिक

तथ्यांक संकलनका लागि प्रश्नावली सहित अन्तरवार्ता, घटना अध्ययन, अवलोकन गरिएकोछ ।

### ३.४.समग्र र नमुना संकलन

यस अध्ययन उदयपुर जिल्ला, बेल्टार बसाहा नगरपालिकाको ४,५,८ र ९ नं. वडालाई समेटेर नमुना बिधि प्रयोग गरि गरिएकोछ । उक्त क्षेत्रबाट जिल्ला प्रशासन कार्यालय उदयपुरबाट आर्थिक बर्ष २०७२/०७३ मा राहदानी बनाउने जम्मा १९१ रहेको र त्यसमा महिलाको संख्या ३९ जना रहेको छ। राहदानी बनाउने सबै नै बैदेशिक रोजगारीमा गएका हुँदैनन् र जाने को तुलनामा नै फर्किएका पनि हुँदैनन् । यस कारण राहदानी बनाउने महिलाको यही संख्यालाई आधार मानी राहदानी बनाउने जम्मा संख्याको आधा ५०% को संख्यामा दलित समुदायबाट बिश्वकर्मा, जनजाती समुदायबाट राई र ब्राम्हण क्षेत्री गरि २० जनाको बिस्तृत अध्ययन गरिएको छ ।

### ३.५. तथ्याङ्क सङ्कलनको बिधि

अनुसंधानको बिषयको तथ्यगत अध्ययनका लागि तथ्याङ्क संकलन गर्न अति आवश्यक र महत्वपूर्ण हुन्छ । तथ्याङ्क सङ्कलनको प्रबिधिले सुचना प्रतिको बिश्वसनियता राख्दछ । समाजशास्त्रको अध्ययनमा तथ्याङ्क संकलन का बिभिन्न प्रबिधिहरु छन् । यी प्रबिधिहरुको माध्यमबाट नै समाजको बास्तविक तथ्यांक संकलन गर्न सकिन्छ । यस अनुसन्धानमा निम्नानुसारका तथ्याङ्क संकलन प्रबिधिको प्रयोग गरेकी छु।

#### ३.५.१. घरधुरी सर्भेक्षण

अनुसन्धान गर्ने क्षेत्रको बिषयसँग सम्बन्धित व्यक्ति तथा परिवारको बिस्तृत बिवरण लिने कार्य घरधुरी सर्भेक्षण हो । यसको माध्यमबाट व्यक्तिको व्यक्तिगत विवरण साथै पारिवारिक विवरण संकलन गरिनेछ । यो सर्भेक्षणबाट, पारिवारीक, सामाजिक, आर्थिक, शैक्षिक, अवस्थाको जानकारी लिइएको छ। यसका लागि प्रश्नावली तयार गरि सम्बन्धित व्यक्तिसँग व्यक्तिगत र गुणात्मम जानकारी लिइएको छ ।

### ३.५.२. अन्तरवार्ता

बैदेशिक रोजगारीबाट फर्किएका महिलाहरु नै यस अनुसन्धानका प्रमुख सुचनादाता हुन् । प्रश्नावलीको माध्यमबाट विगत र वर्तमानको आर्थिक, सामाजिक अवस्थाको पहिचानको लागि तथ्याङ्क संकलन गरिएको छ ।

### ३.५.३ मूख्य सुचनादातासँग अन्तवार्ता

गाविस तथा नगरपालीकाका कर्मचारी, सामाजिक परिचालक, गाउँको अगुवा व्यक्ति, बैदेशिक रोजगारीमा पठाउने एजेण्ट, बैदेशिक रोजगारीबाट फर्किएकाहरुको संजाल तथा समुहको अध्यक्ष यसका मुख्य सुचनादाताहरु रहेकाछन् । प्रश्नावलीको माध्यमबाट यो सुचना लिइएको छ ।

### ३.५.४.अवलोकन

बैदेशिक रोजगारीबाट फर्किएका महिलाहरुको सामाजिक रहन सहन, खानपिन, आर्थिक स्थिती, बोली व्यवहार, शिक्षा, बालबालिकाको अवस्था, पारिवारिक अवस्था, सामाजिक भूमिकाको बारेमा अध्ययन गरिने कार्य अवलोकनको माध्यमबाट गरिएकोछ । अवलोकनका लागि चेकलिष्ट निर्माण गरिएको छ ।

### ३.५.५. घटना अध्ययन

गुणात्मक तथ्याङ्क संकलनको एउटा भरपर्दो माध्यम हो घटना अध्ययन बिधि । यसले बैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुको अवसर र चुनौतीको अवस्थालाई बिश्वसनिय बनाउन सहयोग गर्छ । अनुसन्धानका क्रममा २ वटा सफल तथा असफल घटनाहरुको अभिलेखन कार्य गरिएको छ । घटना अभिलेखनमा सम्बन्धित महिलाको विगत देखि वर्तमान सम्मको व्यक्तिगत बिवरण सहित बैदेशिक रोजगारीमा जानुको कारण, जाने प्रकृया, बिदेशमा गरेको अनुभव, फर्किएपछिको सामाजिक तथा आर्थिक अवस्था, पारिवारीक अवस्था र भूमिका आदि सम्पूर्णको बारेमा अभिलेखन गरिएको छ । यसका लागि घटना अध्ययन फरमेट तयार गरिनेछ ।

## ३.६. तथ्याङ्कको बिश्लेषण:

अनुसन्धान कार्यको शिलशिलामा संकलन गरिएका तथ्यांकहरुको सामाजिक, आर्थिक, शैक्षिक, साँस्कृतिक अवस्थाहरुको आधारमा वर्गिकरण गरी प्रस्तुत् गरिने कार्य नै तथ्यांक बिश्लेषण हो । यस अध्ययनमा संकलित तथ्यांकलाई संख्यात्मक बिधि र व्याख्यात्मक बिधिको माध्यमबाट बिश्लेषण गरिनेछ । संख्यात्मक बिधिमा टेवल, पाइचार्ट र स्तम्भ चित्रको माध्यमबाट तथ्याङ्क प्रस्तुत गरिनेछ भने प्रस्तुत गरिएको तथ्याङ्कको आधारमा तथ्यगत तर्क सहित व्याख्यात्मक विवरण प्रस्तुत् गरिने छ ।

## ३.७. अध्ययनको सीमा

यो अध्ययन स्नातकोत्तर तहको समाजशास्त्र बिषयको आंशिक योग्यताको लागि गरिएको एक शैक्षिक अनुसन्धान हो । यो अनुसन्धान उदयपुर जिल्लाको बेल्टार बसाहा नगरपालिकमा गरिनेछ । यसमा सिमाहरु निम्न रहेका छन् :

- यो अध्ययन एउटा जिल्लाको निश्चित क्षेत्रका सिमित रहने छ ।
- यो अध्ययनका लागि मुख्य गरि बैदेशिक रोजगारीमा गएर फर्किएका महिलाका घरहरु मात्र लिइएको छ ।
- यो अध्ययनले राष्ट्रिय तथ्यांकको प्रतिनिधित्व गर्न नसक्ने ।
- सिमित क्षेत्रमा गरिएको शैक्षिक अध्ययन भएकोले यसका निष्कर्षहरुलाई सामान्यिकरण गर्न नसकिएला
- सिमित समय, सिमित श्रोत र सानो शैक्षिक अनुसंधान भएकोले प्रयाप्त सुचना नहुन सक्छ ।

## ३.८ अनुसन्धानका क्रममा भोग्नु परेका अप्ठ्याराहरुः

अनुसन्धानकार्य आफैंमा त्यति सहज काम होइन त्यसमा पनि समयमा नै कामको थालनी नगर्दा अझ धेरै अप्ठ्याराहरु आईपर्छन् नै । अनुसन्धानकार्यका लागि समयमा नै ध्यान पुऱ्याउन नसक्दा भोग्नु परेको समस्या लगाएत प्राथमिक र द्वितियक तथ्यांक संकलनका क्रममा अनुसन्धान कर्ताले बिबिध अप्ठ्यारो परिस्थितीको सामना गर्नु परेको थियो । प्राथमिक तथ्यांक संकलनका क्रममा छोटो समयका कारण नगरपालिकाको सम्पूर्ण क्षेत्रलाई समेट्न नसकिएको । ग्रामिण समुदायका मानिसहरु आफ्ना अन्य कार्यमा व्यस्त भएका

कारण भेट्नलाई असजिलो भएको थियो । अन्तरवार्ता लिने व्यक्तिहरुका बसाई बजारबाट टाढा भएका कारण बस्नलाई समस्या भएको थियो ।

त्यस्तै द्वितियक तथ्यांक संकलनको क्रममा बेल्टार बसाहा नगरपालिका २०७१ सालमा मात्रै नगरपालिका घोषणा भएको हुँदा नगरस्तरको बस्तुगत बिवरण तयार भैनसेको । यस भन्दा अगाडी यी दुई फरक फरक गाविस रहेको । नगरपालिका कार्यालयबाट नगरको बस्तुगत विबरण तयार नभएको र गाविसको प्रोफाइल नै जिविसबाट हाल सम्म उपलब्ध नभएको जानकारी पछि जिविस उदयपुरसँग सम्पर्क गर्दा गाविसको बस्तुगत बिवरणको बिद्युतिय प्रतिलिपी प्राप्त भयो र उक्त अभिलेखको आधारमा दुबै गाविसको प्रोफाइल का तथ्यांकहरुलाई एक ठाउँमा ल्याई नगरपालिकाको बस्तुगत बिबरण तयार गर्नुपरेको अवस्था रहेको छ । जुन निकै कठिन पनि रहेको थियो ।

# अध्याय -४
# अध्ययन क्षेत्रको परिचय

## ४.१ उदयपुर जिल्लाको परिचयः

महाभारत श्रृङखलादेखि चुरे पर्वत मालाको भित्री मधेश भित्र उदयपुर जिल्ला पर्दछ । यो जिल्ला नेपालको पूर्वाञ्चल बिकास क्षेत्रको सगरमाथा अञ्चलमा पर्दछ । पूर्वतिर साँघुरिएर पश्चिमतिर फुक्दै गएको यस जिल्लाको क्षेत्रफल २०६३ वर्ग किलोमिटर (२०६३००हे.) रहेको छ । भू-बनोटको आधारमा पहाड, बेशी, टार र तराई समेतको भू-भाग ओगट्ने यो जिल्ला क्षेत्रफलको हिसावले नेपालको २०औं, पूर्वाञ्चल बिकास क्षेत्रको चौथो र सगरमाथा अञ्चलको दोस्रो स्थानमा पर्दछ । यो जिल्लाको सिमानामा उत्तरमा मुख्यतः भोजपुर तथा खोटाङ्ग र ओखलढुङ्गा को केहि भाग, पश्चिममा मुख्यतः सिन्धुली र धनुषाको केहि भाग, दक्षिण्मा सिराहा र सप्तरी जिल्ला एवं पूर्वमा मुख्यतः सुनसरी र धनकुटा जिल्लाको केहि भाग रहेको छ । यसरी उदयपुर जिल्लाको सिमानामा ९ जिल्ला पर्दछन् । बिषम भौगोलिक बनोट रहेको यस जिल्लामा महाभारत श्रृङ्खला अन्तरगत धारिला बिकट डाँडाहरु छरिएर र पातलिएका बस्तीहरु छन् भने महाभारत फेदिदेखि चुरे श्रृङ्खला बिचमा समथर फाँटहरु र दक्षिणी सिमान चुरे क्षेत्रमा घना जङ्गल रहेको छ । त्रियुगा नदीको किनारमा चुरे र महाभारततर्फको बिचमा रहेका भित्री मधेसका फाँटहरु मध्ये त्रियुगा नगरपालिका त्रियुगा उपत्यकाको नामले पनि चिनिन्छ । यही नगरपालिकामा अवस्थित गाईघाट (बोक्से )मा सदरमुकाम रहेको यो जिल्ला समुद्र सतहबाट ३६० मिटरदेखि २३१० मिटर उचाइसम्म रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार ३ लाख १७ हजार ५३२ जना जनसंख्या भएको यस जिल्लामा ३ संसदिय निर्वाचन क्षेत्र, ११ जिल्ला बिकास समिति इलाका, ३ नगरपालिका र ४० गाउँ बिकास समिति रहेका छन् ।

पहिला उदय नाम गरेका राजाले यस जिल्लामा शासन गरेका हुँदा यस जिल्लाको नाम उदयपुर रहन गएको भन्ने किम्बदन्ती पनि रहेकोछ । बि.सं. २०२८ साल भन्दा अगाडी यस जिल्लाको सदरमुकाम हालको पञ्चावती गाविसमा पर्ने उदयपुर गढी भन्ने ठाउँमा थियो । बि.सं. २०२८, जेठ ९ गतेबाट यस जिल्लाको सदरमुकाम गाइघाट सारिएको हो । जुन पूर्व पश्चिम राजमार्ग देखि २७ कि.मि. उत्तरमा रहेको छ । यस जिल्लाको पश्चिममा रहेको भूभाग कटारी नगरपालिका र १ गाविस फाँट रहेको छ भने पूर्वमा रहेको त्रियुगा

नगरपालिका र बेल्टार बसाहा नगरपालिका र ५ वटा गाविस फाँट रहेका छन् भने बाँकी ३४ वटा गाविसहरु सामान्य पहाड देखि विकट पहाडमा पर्दछन् । यो जिल्ला नदी कटान समस्याले ज्यादै ग्रसित छ । जिल्लाको ३ प्रमुख स्थानहरु गाइघाट, कटारी र बेल्टार यसै क्षेत्रमा पर्दछन् । यस जिल्लाको सम्पूर्ण भूभागको जम्मा १५ प्रतिशत मात्र खेती योग्य जमिन रहेको छ । कूल ३०९४४ हेक्टर खेतीयोग्य भूमिमध्ये बाह्रै महिना सिंचाई हुने जमिन जम्मा ८१५० हेक्टर र बार्षायाममा मात्र सिंचाई हुने भूमि ७ हजार हेक्टर रहेको छ । सिंचाई नहुने पाखो १५७९४ हेक्टर रहेको छ । जिल्लाको ठूलो क्षेत्रफल पहाड र पाखाहरुले भरिएको हुँदा कृषिको लागि उपयोगी क्षेत्र सिमित छ । उच्च र मध्य पहाडी भागको धेरै जसो भागा ३० डिग्री भन्दा बढी भिरालोपन भएकोले यस क्षेत्रमा खेती योग्य भूमि कम छ ।  सामान्यतः पुरातन कषि प्रणालीमा धान, मकै, कोदो, गहुँ यस जिल्लाका प्रमुख बाली हुन् । जिल्लको पहाडी क्षेत्र र भिरालो पाखाहरुमा सुन्तला, नास्पाती, अलैंची, अदुवा आदिको खेती हुने देखिए पनि बजार एवं वित्तिय संस्थाहरुको अभावमा त्यति बिकास हुन सकेको छैन । जिल्लाको पहिचान गराउने केहि महत्वपूर्ण पर्यटकिय, ऐतिहासिक तथा अन्य स्थानहरु पनि रहेका छन् ।

**जिल्लाका पर्यटकिय, ऐतिहासिक तथा अन्य स्थानहरुः**

१. रौता पोखरी
२. ताप्ली पोखरी
३. उदयपुर गढी
४. चौदण्डी दरबार
५. त्रिवेणी मेला
६. उदयपुर सिमेन्ट फ्याक्ट्री
७. बेलका दरबार (भग्नाबशेष)
८. राजदह
९. पातले छाँगो
१०. चित्रेथाम्
११. गिद्धगया


जिल्लाका केहि प्रमुख व्यापारिक केन्द्रहरु पनि रहेका छन् । व्यापारिक केन्द्रहरुममा कटारी,बेल्टार, घुर्मी, जलजले, नेपालटार, मुर्कुची, रामपुर ठोक्सिला आदि रहेका छन् ।

(स्रोतःwww.ddcudayapur.gov.np)

### ४.२ बेल्टार बसाहा नगरपालिकाको  परिचय

बेलटार बसाहा नगरपालिका नेपालको पूर्वाञ्चल विकास क्षेत्र अन्तर्गत सगरमाथा अञ्चल, उदयपुर जिल्लाका **३ नगरपालिकाहरु मध्ये**को एक हो । बेल्टार गाविस र बसाहा गाविसमा मिलाएर बि.सं. २०७१ सालमा बेल्टार बसाहा नगरपालिकाको निर्माण गरिएको हो । नगरपालिकामा जम्मा ११ वडा रहेका छन् । यस कछ्रो क्षेत्रफल ६८.९० वर्ग किलोमिटर रहेको छ । उदयपुर जिल्लाको निर्वाचन क्षेत्र नं. १ र इलाका नं. २ मा पर्ने यस नगरपालिका जिल्ला सदरमुकामबाट करिब ८ कोशको दुरीमा रहेको छ । यो नगरपालिकामा विभिन्न जातजाती र भाषाभाषीहरुको बासस्थान रहेको छ । यस नगरपालिकाको भौगोलिक वनावट, हावापानी, वनजंगल, नदीनाला, र विभिन्न जातजातीहरुको रहनसहन भेषभुषा आदिको कारण यस नगरपालिकाको विशिष्ट पहिचान रहेको छ । पूर्वी क्षेत्रमा रामपुर गाविस दक्षिणमा त्रियुगा नदिको समतल फाँट, पश्चिममा आँप खहरे र उत्तर दिशामा ऐतिहासिक स्थल चौदण्डीगढी रहेको छ ।

***बेल्टार बसाहाको नगरपालिकाको नक्सा***




स्रोतः  http://www.beltarbasaahamun.gov.np/en

### ४.२.१ बेल्टार बसाहा नगरपालिकाको कूल जनसंख्या विवरण


बेल्टार बसाहा नगरपालिकाको कुल जनसंख्या २६८३१ र परिवार संख्या ४६६३ रहेको छ। उक्त जनसंख्या मध्ये महिलाको जनसंख्या १३१३८ र पुरुषको जनसंख्या १३६९३ रहेको छ। कूल जनसंख्यामा महिलाको प्रतिशत ४९.२२ र पुरुषको प्रतिशत ५०.७८ रहेको छ। लैङ्गीक हिसाबले जनसंख्याको वितरण समानुपातिक नै देखिन्छ। कूल जनसंख्यामा महिलाको संख्या पुरुषको भन्दा २९२६ ले कम रहेको छ। उक्त परिवार संख्या तथा जनसंख्याको आधारमा प्रति परिवार औषत संख्या ५.८ हुन आउँदछ।

**तालिका नं १**

**कुल जनसंख्या**

| **लिङ्ग** | **कूल जनसंख्या** | **प्रतिशत** |
|---|---|---|
| महिला | १३१३८ | ४९.२२% |
| पुरुष | १३६९३ | ५०.७८% |
| **जम्मा** | २६८३१ | १०० |

*स्रोत : घरधुरी सर्वेक्षण २०६७*




*स्रोत: बेल्टार, बसाहा गाविसको बस्तुगत बिवरण २०७२*

### ४.२.२ बेल्टार बसाहा नगरपालिकाको वडागत रुपमा घरमूली संख्या:

**तालिका नं.२**

| वडा नं. | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १ | ९० | ५३५ | ६२५ |
| २ | ४९ | ३१८ | ३६७ |
| ३ | ५५ | ४०६ | ४६१ |
| ४ | ३८ | २८१ | ३१९ |
| ५ | ७७ | ३३८ | ४१५ |
| ६ | ४२ | ३४३ | ३८५ |
| ७ | ६१ | ४७४ | ५३५ |
| ८ | ४० | २४८ | २८८ |
| ९ | ३१ | २५७ | २८८ |
| १० | ५७ | ४७५ | ५४२ |
| ११ | ६९ | ३७९ | १०४८ |
| **जम्मा** | **६०९** | **४०५४** | **४६६३** |

कूल ४६६३ घरधुरी रहेको यस नगरपालिकामा नेपाली समाजका अन्य स्थानहरुमा जस्तै घरमुलीको रुपमा पुरुषको नै बाहुल्यता रहेको छ । घरधुरी सर्वेक्षण २०६७ का अनुसार ४०५४ (८६.९४%) घरपरिवारमा पुरुष घरमुली रहेका छन् । त्यसैगरि ६०९ (१६.०६%) परिवारमा महिला घरमुली रहेका छन् ।

### ४.२.३ बेल्टार बसाहा नगरपालिकाको वडागत रुपमा परिवार संख्या सहित कूल जनसंख्याः

**तलिका नं. ३**

| वार्ड नं. | परिवार संख्या | कूल जनसंख्या | | | | जम्मा | प्रति परिवार औषत जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| | | महिला | प्रतिशत | पुरुष | प्रतिशत | | |
| १ | ६२५ | १६६४ | ४८.९४ | १७३६ | ५१.०६ | ३४०० | ५.४ |
| २ | ३६७ | १०१४ | ५०.५० | ९९४ | ४९.५० | २००८ | ५.५ |
| ३ | ४६१ | १३६२ | ४९.७८ | १३७४ | ५०.२२ | २७३६ | ५.९ |
| ४ | ३१९ | ९३६ | ४९.०१ | ९७४ | ५०.९९ | १९१० | ६.० |
| ५ | ४१५ | ११२१ | ४८.६१ | ११९१ | ५१.३९ | २५१२ | ६.१ |
| ६ | ३८५ | १०३८ | ४८.०१ | ११२४ | ५१.९९ | २१६२ | ५.६ |
| ७ | ५३५ | १५९३ | ५०.३१ | १५७३ | ४९.६९ | ३१६६ | ५.९ |
| ८ | २८८ | ८१८ | ५०.१२ | ८१४ | ४९.८८ | १६३२ | ५.७ |
| ९ | २८८ | ८९७ | ५०.३४ | ८८५ | ४९.६६ | १७८२ | ६.२ |
| १० | ५३२ | १३९२ | ४७.१५ | १५६० | ५२.८५ | २९५२ | ५.५ |
| ११ | ४४८ | १३०३ | ४८.६० | १३७८ | ५१.४० | २६८१ | ६.० |
| **जम्मा** | **४६६३** | **१३१३८** | **४९.२२** | **१३६९३** | **५०.७८** | **२६८३१** | **५.८** |

*स्रोतः घरधुरी सर्भेक्षण २०६७*

१३१३८ महिला र १३६९३ पुरुष गरि जम्मा २६८३१ जनसंख्या र ४६६३ परिवार संख्या रहेको यस नगरपालिकामा सबै भन्दा बढि वार्ड नं. १ मा ३४०० जनसंख्या रहेको छ भने सबै भन्दा कम वार्ड नं.८ मा १६३२ जनसंख्या रहेको छ । यसरी हेर्दा नगरपालिकाको वडागत जनसंख्या बितरण समान रुपले देखिदैन ।

### ४.२.४ जातिगत परिवार संख्याको बिवरण:

**तलिका नं. ४**

| **क.सं.** | **जत** | **परिवार संख्या** |
|---|---|---|
| १. | क्षेत्री | १०५६ |
| २. | ब्राम्हण | १८५ |
| ३. | मगर | ३०४ |
| ४. | थारु | ७१ |
| ५. | तामाङ्ग | २२७ |
| ६. | नेवार | २५५ |
| ७. | मुसलमान | १ |
| ८. | कामी | ४१५ |
| ९. | राई | १५९७ |
| १०. | गुरुङ्ग | ३ |
| ११. | दमाई | १६६ |
| १२. | लिम्बु | ५ |
| १३. | तराई ब्राम्हण | ३ |
| १४. | मण्डल | २ |
| १५. | तेली | ७ |
| १६. | सार्की | १५१ |
| १७. | सन्यासी | ३२ |
| १८. | शेर्पा | २२ |
| १९. | घर्ती | ६२ |
| २०. | माझी | ३१ |
| २१. | ठकुरी | २ |
| २२. | मुसहर | ४५ |
| २३. | सोनार | १ |
| २४. | सुनुवार | ४ |
| २५. | हलुवाई | १५ |
| २६. | ह्जाम | १ |
| **जम्मा** | | ४६६३ |

*स्रोत: घरधुरी सर्भेक्षण २०६७*

यस नगरपालिकाको जातिगत परिवार संख्या विवरण हेर्दा यहाँ २६ थरीका जातजातीको मिश्रित बसोबास रहेको पाइन्छ । सबै भन्दा बढी राई जातीको जम्मा १५९७ रहेको छ दोस्रोमा क्षेत्रीको १०५६ रहेको छ भने तेस्रोमा कामीको ४१५ रहेको छ । यस्तै अति न्यून रुपमा सोनार, हजाम, मुसलमान, गुरुङ्ग, मण्डल लगाएतका जातजाती रहेको देखिन्छ ।

### ४.२.५ बेल्टार बसाहा नगरपालिकाको वडागत साक्षारताको अवस्थाः

शिक्षा मानिसको आधारभुत अधिकार हो । शिक्षाको कारण मानिसको पेशा, आय आर्जनका निर्धारणको साथै समाजको विकास पनि सोही अनुसार भएको हुन्छ । शिक्षाले परिवार र समाजको संरचना, संस्कृतिको विकास र राज्यको अर्थतन्त्रमा पनि ठुलो प्रभाव पारेको हुन्छ । **बेल्टार बसाहा नगरपालिका**मा ६ देखि ६० बर्ष भन्दा माथिका व्यक्तिको साक्षर र निरक्षर जनसंख्या विवरण तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ५**

| वार्ड नं. | साक्षार जनसंख्या | निरक्षर जनसंख्या | जम्मा |
|---|---|---|---|
| १ | १९२१ | ३०९ | २२३० |
| २ | १०७२ | १९२ | १२६४ |
| ३ | १६२६ | ३३४ | १९६० |
| ४ | १२१८ | ३३१ | १५४९ |
| ५ | १६३८ | ४३२ | २०७० |
| ६ | ८८० | ४७० | १३५० |
| ७ | २०९६ | ७४० | २८३६ |
| ८ | १२०० | ३१२ | १५१२ |
| ९ | १४७८ | १०८ | १५८६ |
| १० | २३१४ | ३३१ | २६४५ |
| ११ | १६७६ | ७२४ | २४०० |
| जम्मा | १७११९ | ४२८३ | २१४०२ |

*स्रोतः घरधरी सर्भेक्षण २०६७*

यस नगरपालिकाको १३१३८ महिला र १३६९३ पुरुष गरि जम्मा २६८३१ जनसंख्या भएको यस नगरपालिकाको ६ देखि ६० बर्ष भन्दा माथि उमेर समूहका व्यक्तिहरुको साक्षर तथा निरक्षर जनसंख्या लाई हेर्दा जम्मा साक्षार जनसंख्या १७११९ रहेको छ भने निरक्षर जनसंख्या ४२८३ रहेको देखिन्छ । वडागत रुपमा सबै भन्दा बढी वडा नं.१० मा २३१४ साक्षर जनसंख्या रहेको छ भने सबै भन्दा बढि निरक्षर जनसंख्या वडा नं. ७ मा ७४० रहेको छ ।

### ४.२.६ पेशा तथा रोजगारी सम्बन्धि अवस्थाः

व्यक्तिको दैनिकी लगाएत सम्पूर्ण आधारभूत आवश्यक्ता पूर्तिका लागि कुनै पेशा तथा व्यवसाय महत्वपूर्ण हुन्छ । यस नगरपालिकका मानिसहरुले आफ्नो मुख्य पेशाको रुपमा कृषि, व्यापार, सरकारी र निजी क्षेत्रको जागिर, ज्याला मजदुरी तथा उद्योगलाई अपनाउँदै आएको देखिन्छ। यसैगरि पछिल्लो समयबाट नेपाली समाजको पेशा तथा रोजगारीको रुपमा बैदेशिक रोजगारी पनि रहेको छ। जुन बेल्टार बसाहा नगरपालिकाका मानिसहरुको आर्थिक आय आर्जनको मुख्य पाटोको रुपमा बैदेशिक रोजगार पनि रहेको छ । बैदेशिक रोजगारी सम्बन्धि नगरपालिकाको हालको बिवरण अध्याबधी गरिएको छैन तर पनि २०६७ मा गरिएको घरधुरी सम्बधि बिवरण अनुसार बैदेशिक रोजगारी को अवस्थालाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**बैदेशिक रोजगारी सम्बन्धि अवस्थाः**

**तालिका नं. ६**

| वार्ड नं. | बैदेशिक रोजगारीमा सामेल | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| १ | १ | २०४ | २०५ |
| २ | २ | ९५ | ९७ |
| ३ | ० | ११५ | ११५ |
| ४ | ० | ८३ | ८३ |
| ५ | ० | १४४ | १४४ |
| ६ | ० | १०१ | १०१ |
| ७ | ० | २४ | २४ |
| ८ | ० | १० | १० |
| ९ | ० | ३८ | ३८ |
| १० | ० | ५१ | ५१ |
| ११ | ० | ५७ | ५७ |
| जम्मा | ३ | ९२२ | ९२५ |

*स्रोतः घरधुरी सर्भेक्षण २०६७*

**४.२.७ नगरपालिकामा आवद्ध संघसंस्था सम्बन्धि बिवरणः**

यस नगरपालिकामा बिभिन्न सरकारी तथा गैरसरकारी कार्यालयहरु क्रियाशिल रहेका छन् । जसको बिवरण यस प्रकारको रहेको छ ।

**नगरपालिकामा रहेका सरकारी कार्यालयहरुः**

**तालिका नं. ७**

| क.सं. | बिवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | नेपाल बाणिज्य बैंकको उपशाखा कार्यालय | १ | |
| २ | कृषि बिकास बैंक उपशाखा कार्यालय | १ | |
| ३ | सिद्धार्थ बैंक | १ | |
| ४ | नगरपालिकाको कार्यालय | १ | |
| ५ | इलाका प्रहरी कार्यालय | १ | |
| ६ | प्राथमिक स्वास्थ्य केन्द्र | १ | |
| ७ | शसस्त्र प्रहरी बल वेस क्याम्प | १ | |
| ८ | दुर संचार उपशाखा कार्यालय | १ | |
| ९ | कृषि कार्यालय | १ | |
| १० | पशु भेटनरी कार्यालय | १ | |
| ११ | इलाका हुलाक कार्यालय | १ | |
| १२ | बिद्यालय मा.वि | ७ | |
| १३ | कलेज | २ | |

**अन्य संरचनाहरुः**

**तालिका नं. ८**

| क.सं. | बिवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | गाउँ बिकास कार्यक्रम | सबै वार्डहरुममा लागू भएको छ | |
| २ | कृषक समूह | ३७२ | |
| ३ | सामुदायिक बन उपभोक्ता समूह | ३७८ | |
| ४ | सहकारी संस्था | १६ | |
| ५ | गैससहरु | १६ | |
| ६ | मेनपावर कम्पनीहरु(बेल्टार) | १ | |
| ७ | मेनपावर कम्पनी (गाइघाट) | १६ | |

### ४.२.८ लैंगिक समानता र बिकास सम्बन्धि अवस्था:

**तालिका नं. ८**

| वडा नं. | घर व्यवहार सम्बन्धि विषयमा निर्णय | | घरायसी काममा सम्लग्न | | उपभोक्ता समुहमा सहभागिता | | बिद्यालय व्यवस्थापन समितीमा सहभागिता | | उद्योग व्यापारमा सहभागिता | | बैंक खाता संचालन | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष |
| १ | ३७९ | ३०७ | ४८२ | ५६ | २०५ | ११८ | २३७ | १२९ | १४४ | १२४ | ६० | ६२ |
| २ | २३५ | १९२ | २७४ | १०७ | २५० | १८९ | २४८ | १८७ | २४५ | १८२ | १३६ | ११५ |
| ३ | २५६ | २६१ | ३५७ | २१३ | १३५ | १३० | ११४ | ९६ | ५१ | ५८ | ५२ | ६५ |
| ४ | ५३ | २६७ | ३१५ | ७ | १ | ७ | ० | ६ | ० | ३ | २ | १३ |
| ५ | २२३ | २३१ | ३७४ | २३७ | ३० | ३५५ | १ | १२ | ० | ० | ४ | ६ |
| ६ | १५७ | २५५ | ४७४ | १८७ | १११ | १७९ | १०२ | १५४ | ९ | ७ | १८ | २६ |
| ७ | ४० | ९६ | ११२ | ३६ | ३७ | ६९ | २३ | ६८ | ९ | २१ | १९ | ४१ |
| ८ | १३ | २८ | ३७ | १ | १० | २८ | ५ | ३४ | ० | १ | १ | ४ |
| ९ | ६३ | १२१ | ११६ | १३ | ५ | ४४ | १२ | ७७ | २ | २७ | ६ | ४३ |
| १० | १९ | १२५ | १३५ | ५२ | ९८ | २७ | २८ | ६६ | २४ | ४७ | ५ | २७ |
| **११** | **२२** | **५९** | **७४** | **४** | **३** | **४२** | **७** | **४८** | **०** | **२२** | **३** | **३१** |
| **जम्मा** | **१४६०** | **१९४२** | **२७५०** | **९१३** | **८८५** | **११८८** | **७७७** | **८७७** | **४८४** | **४९२** | **३०६** | **४३३** |

*स्रोत: घरधुरी सर्भेक्षण २०६७*

# अध्याय- ५
# तथ्याङ्क प्रस्तुतीकरण तथा विश्लेषण

बेल्टार बसाहा नगरपालिकाको महिला १३१३८ र पुरुष १३६९३ गरी जम्मा २६८३१ जनसंख्या रहेको छ । बैदेशिक रोजगारीमा कति महिला गएका छन् र फर्किएको संख्या कती छ भन्ने यकिन तथ्यांक नभएको अवस्थामा नगरपालिकाका सामाजिक परिचालक, बैदेशिक रोजगारीबाट फर्किएर आएकाहरुको संजालका अध्यक्ष, वडा नागरिक मंचका अध्यक्ष, सदस्यहरु लगाएतको सुचना र सुझावका आधारमा बेल्टार बसाहा नगरपालिकाको वडा नं. १,२,३,६,७,८ मा बैदेशिक रोजगारीबाट फर्किएर आएका २० जना महिलाहरुको घरधुरी सर्भेक्षण, उनीहरुसँग संग अन्तरवार्ता, प्रश्नावली, अवलोकन, र व्यक्तिक घटना अध्ययन पद्धतिबाट सूचना संकलनगर्ने कार्य अध्ययनको उद्देश्य अनुसार गरिएको छ । बैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुको गरिएको अध्ययनबाट आएका निष्कर्षहरुलाई विभिन्न शिर्षक अनुसार तालिकामा प्रस्तुत गरिएको छ । अध्ययन क्षेत्रमा गई आएका सूचनाहरुलाई विश्लेषण गरी प्रतिशतमा राखिएको छ । बेल्टार बसाहा नगरपालिकाको बैदेशिक रोजगारीमा गएर आएका महिलाहरुको अवसर र चुनौतीका सम्बन्धमा आएका तथ्याहरुलाई विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

### ५.१ उत्तरदाताको उमेर अवस्था

यस अध्ययनमा अनुसन्धानकर्ताले बैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुलाई मात्र समावेश गराउने गरी अध्ययन गरेको कारण बैदेशिक रोजगारीसँग सम्बन्धित अन्य महिलाहरुलाई समावेश गराएको छैन । यस अध्ययनमा २० बर्ष देखि ५० बर्षका महिलाहरु समेटिएका छन् । छनौटमा परेको महिलाहरुको विस्तृत विवरण तलको तालिकामा विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**उत्तरदाताको उमेरगत विवरण**

**तालिका नं.९**

| क.स. | उमेर वर्षमा | महिलाको संख्या | जम्मा % |
|---|---|---|---|
| १ | २० -३० | ९ | ४५ |
| २ | ३१ -४० | ७ | ३५ |
| ३ | ४१- ५० | ४ | २० |
| | जम्मा | २० | १०० |

*श्रोत स्थलगत सर्वेक्षण : २०७३*

यस अध्ययनमा समेटिएका २० जना महिला मध्ये २० देखि ३० बर्ष उमेका ९ जना तथा ४५ प्रतिशत, ३१ देखि ४० बर्षका ७ जना तथा ३५ प्रतिशत, ४१ देखि ५० बर्षका ४ जना तथा २० प्रतिशत महिलाहरु समेटिएका छन् ।

### ५.३ जात जातीको अवस्था

यस अध्ययनमा खास गरेर राई, लिम्बु, मगर, बि.क., परियार, सार्की, भुजेल, श्रेष्ठ, क्षेत्री, जातका महिलालाई समेटि उनीहरु बिचमा हुने बैदेशिक रोजगारीको अवस्था कस्तो छ सो बारेमा अध्ययन गरिएको छ । यसरी समेटिएका महिलाहरुको जातीगत विवरण तल प्रस्तुत गरिएको छ ।

**जात जातीको विवरण**

**तालिका नं. १०**

| क. स. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | राई | ४ | २० |
| २. | लिम्बु | १ | ५ |
| ३. | मगर | ४ | २० |
| ४. | श्रेष्ठ | १ | ५ |
| ५. | भुजेल | १ | ५ |
| ६. | बि.क. | ३ | १५ |
| ७. | सार्की | १ | ५ |
| ८. | परियार | १ | ५ |
| ९. | क्षेत्री | ४ | २० |
| | जम्मा | २० | १०० |

*श्रोत स्थलगत सर्वेक्षण : २०७३*

अध्ययनमा सहभागिता भएको २० मध्ये राई ४ जना तथा २० प्रतिशत, लिम्बु १ जना ५ प्रतिशत, मगर ४ जना २० प्रतिशत बि.क.३ जना १५ प्रतिशत क्षेत्री ४ जना २० प्रतिशत, परियार १ जना ५ प्रतिशत, सार्की १ जना ५ प्रतिशत महिलाहरु उत्तरदाताको रुपमा पर्न गएकाछन् ।

### ५.४ धर्मको अवस्था

हाम्रो देश मात्र नभएर बेल्टार बसाहा नगरपालिकामा पनि विभिन्न धर्म मध्ये हिन्दु धर्म मान्नेहरुको संख्या सबै भन्दा ठुलो छ । धर्म अनुसार संस्कृतिको निर्माण भएको हुन्छ । धर्म र संस्कृति अनुसार समाजमा महिला र पुरुषको भुमिका, मान्यता र फरक फरक भएको हुन्छ । यस अध्ययनमा पनि अनुसन्धान कर्ताले अध्ययन क्षेत्रमा रहेको व्यक्तिहरुको धर्म सम्बन्धमा तथ्यांक संकलन गर्ने काम गरेको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**धर्मको विवरण**

**तालिका नं. ११**

| क. स. | जाती विवरण | हिन्दु धर्म | प्रतिशत | किराँत धर्म | प्रतिशत | क्रिश्चियन | प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १. | राई | २ | १० | २ | १० | | |
| २. | लिम्बु | १ | ५ | | | | |
| ३. | मगर | ४ | २० | | | | |
| ४. | श्रेष्ठ | १ | ५ | | | | |
| ५. | भुजेल | १ | ५ | | | | |
| ६. | बि.क. | २ | १० | | | १ | ५ |
| ७. | सार्की | १ | ५ | | | | |
| ८. | परियार | १ | ५ | | | | |
| ९. | क्षेत्री | ४ | २० | | | | |
| | जम्मा | १७ | ८५ | | १० | | ५ |

*श्रोत स्थलगत सर्वेक्षण : २०७३*

यहाँ रहेका २० जना मध्ये १७ जना तथा ८५ प्रतिशत हिन्दु धर्म मान्नेहरुमध्ये १० प्रतिशत राई, ५ प्रतिशत लिम्बु, २० प्रतिशत क्षेत्री र २० प्रतिशत मगर, ५ प्रतिशत नेवार, १० प्रतिशत, घर्ती ५ प्रतिशत, बि.क. ५ प्रतिशत सार्की, ५ प्रतिशत परियार रहेका छन् । त्यसरी

नै १० प्रतिशत किराँत धर्म र ५ प्रतिशत क्रिश्चियन धर्म मान्नेहरु रहेका छन् । राई र लिम्बुले हिन्दु र किराँत दुवै धर्म मिश्रित रुपमा अपनाएको पाईएको छ ।

## ५.५ वैवाहिक अवस्था

स्थलगत अध्ययनका क्रममा छनौटमा परेका महिलाको वैवाहिक अवस्थालाई तलको तालिकामा देखाईएको छ ।

**वैवाहिक अवस्था**

**तालिका नं.१२**

| क.स. | जात | विवाहित | प्रतिशत | अबिबाहित | प्रतिशत | सम्बन्ध विच्छेद | प्रतिशत | एकल | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | राई | ४ | २० | - | | | - | - | |
| २. | लिम्बु | १ | ५ | | | | - | | |
| ३. | मगर | ४ | २० | - | | | - | - | |
| ४. | श्रेष्ठ | | | | | १ | ५ | - | |
| ५. | भुजेल | | | १ | ५ | | | | |
| ६. | बि.क. | ३ | १५ | | | | | | |
| ७. | सार्की | १ | ५ | | | | | | |
| ८. | परियार | | | १ | ५ | | | | |
| ९. | क्षेत्री | २ | १० | १ | ५ | | | १ | ५ |
| | जम्मा | १५ | ७५ | ३ | १५ | १ | ५ | १ | ५ |

*श्रोत स्थलगत सर्वेक्षण : २०७३*

यस अध्ययनमा जम्मा ७५ प्रतिशत विवाहित, १५ प्रतिशत अबिबाहिते, ५ प्रतिशतको सम्बन्ध विच्छेद भएको छ भने ५ प्रतिशत एकल हुनुहुन्छ । विवाहित १५ जना ७५ प्रतिशत मध्ये राई ४ जना तथा २० प्रतिशत, मगर ४ जना तथा २० प्रतिशत, क्षेत्री २ जना तथा १० प्रतिशत, कामी ३ जना तथा १५ प्रतिशत र सार्की ५ प्रतिशत, लिम्बु ५ प्रतिशत रहेको छ । यसैगरि अबिवाहितमा भुजेल १ जना ५ प्रतिशत, क्षत्री १ जना ५ प्रतिशत, परियार १ जना ५ प्रतिशत गरि जम्मा १५ प्रतिशत अबिवाहित हुनुहुन्छ । यसैगरी नेवार १ जना ५

प्रतिशतको सम्बन्ध बिच्छेद भएको छ भने क्षेत्री १ जना ५ प्रतिशतको १५ बर्ष देखि श्रीमान्सँग कुनै सम्पर्क छैन एकल हुनुहुन्छ ।

## ५.६ उत्तरदाताको शैक्षिक अवस्था

शिक्षाले मानिसको रोजगार, चेतनाको स्तर सबैको निर्धारण गर्ने काम गर्दछ । यस अध्ययनमा पनि उत्तरदाताको शिक्षाको अवस्था हेरिएको छ । उत्तरदाताहरु निरक्षर देखि उच्च माध्यमिक वा सो भन्दा बढीको महिला समेटिन आएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### शैक्षिक अवस्थाको विवरण

**तालिका नं. १३**

| क्र.स. | विवरण | | जातिगत संख्या विवरण | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राई | लिम्ब | मगर | श्रेष्ठ | भुजेल | बि.क. | सार्की | परियार | क्षेत्री | | |
| १. | निरक्षर | | | ३ | | | | | | | ३ | १५ |
| २. | साक्षर | ३ | | | | | १ | | | १ | ५ | २५ |
| ३. | ३देखि ५ कक्षा पास | | | | | | १ | | | १ | २ | १० |
| ४. | ६देखि ९ कक्षा पास | १ | १ | १ | १ | | १ | १ | १ | २ | ९ | ४५ |
| ५. | SLC पास | | | | | १ | | | | | १ | ५ |
| | जम्मा | ४ | १ | ४ | १ | १ | ४ | १ | १ | ४ | २० | १०० |

*श्रोत स्थलगत सर्वेक्षण : २०७३*

यस अध्ययनमा पर्न आएका मध्ये निरक्षर ३ जना तथा १५ प्रतिशत, साक्षर ५ जना तथा २५ प्रतिशत, ३ कक्षा देखि ५ कक्षा पास गर्नेको संख्या २ जना १० प्रतिशत, ६ देखि ९ कक्षा पास गर्नेको संख्या ९ जना ४५ प्रतिशत एस.एल.सी. पास गर्नेको संख्या १ जना ५ प्रतिशत रहेको छ । बैदेशिक रोजगारीमा जाने महिलाहरुको शिक्षाको अवस्थाको बिश्लेषण

गर्दा सबै भन्दा बढि ६ कक्षा देखि ९ कक्षा पास गरेका महिलाहरुको संख्या रहेको छ । समग्रमा हेर्दा बैदेशिक रोजगारीमा गएका महिलाहरु निरक्षर, साक्षार र माध्यमिक तहको पढाई पुरा नभएका रहेका छन् । अध्ययनका क्रममा १ जना महिला बैदेशिक रोजगारीमा जाँदा ५ कक्षामात्र पास गरेकि पछि  फर्किएर आए पछि पढाईलाई निरन्तरता दिई ११ कक्षा पास गरि १२ कक्षामा अध्ययन गर्दै गरेको अवस्था छ ।

## ५.७ पेशाको अवस्था

यस अध्ययनमा संलग्न महिलाको पेशाको बारेमा विश्लेषण गरिएको छ । अध्ययनमा संलग्न महिलाको पेशामा बारेमा यहाँ तल उल्लेख गरिएको छ ।

### उत्तरदाताको पेशाको विबरण

**तालिका नं. १४**

| क.स. | जाति | कृषी | प्रतिशत | व्यापार/व्यवसाय | प्रतिशत | बैदेशिक रोजगार | प्रतिशत | नोकरी | प्रतिशत | घरायसी काम | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | राई | १ | ५ | ३ | १५ | | | | | ४ | २० |
| २. | लिम्बु | १ | ५ | १ | ५ | | | | | १ | ५ |
| ३. | मगर | ३ | १५ | १ | ५ | २ | १० | | | ३ | १५ |
| ४. | श्रेष्ठ | | | १ | ५ | | | | | | |
| ५. | भुजेल | | | १ | ५ | | | १ | ५ | | |
| ६. | बि.क. | | | १ | ५ | | | | | २ | १० |
| ७. | सार्की | | | | | | | | | १ | ५ |
| ८. | परियार | | | | | १ | ५ | | | | |
| ९. | क्षेत्री | २ | १० | | | २ | १० | १ | ५ | २ | १० |
| | जम्मा | ७ | ३५ | ८ | ४० | ५ | २५ | २ | १० | १३ | ६५ |

*श्रोत स्थलगत सर्वेक्षण : २०७३*

**नोटः बहुउत्तर भएकोले उत्तरदाताको संख्या बढेको छ ।**

अध्ययन गरिएका मध्ये कृषि पेशामा सम्लग्न मध्ये ३ जनाको मात्र मुख्य पेशा कृषि रहेको छ बाँकी ४ जनाको मुख्य पेशा व्यापार व्यवसाय रहेको छ । बैदेशिक रोजगारी नै मुख्य पेशा हुने जम्मा ५ जना रहेका छन् जो केहि समयको लागि मात्र नेपाल फर्किका हुन पुनः

बैदेशिक रोजगारीमा जाने तयारीमा रहेका छन् । यसै गरि नोकरीमा २ जना सम्लग्न छन् भने व्यापार व्यवसाय नै प्रमुख स्रोतको रुपमा रहेका ८ जना छन् र घरायासी काममा मात्र सिमित हुने महिलाहरुको संख्या जम्मा २ जना रहेको छ ।

### ५.८ परिवारीक अवस्था

यस अध्ययनमा समाबेश भएका व्यक्तिहरुको परिवारको अवस्थालाई तलको तालिकामा विस्तृत रुपमा प्रस्तुत गरिएको छ ।

**पारिवारिक बिवरण**

**तालिका नं. १५**

| पारिवारीक बिवरण | परिवारको संख्या | प्रतिशत |
|---|---|---|
| १ देखि ४ जनाको | ७ | ३५ |
| ५ देखि ६ | ९ | ४५ |
| ७ देखि ८ | ४ | २० |
| जम्मा | २० | १०० |

*स्रोत: स्थलगत सर्भेक्षण २०७३*

अध्ययन गरिएका महिलाहरुको परिवार संख्या हेर्दा ४ जना सम्म परिवार संख्या भएको ७ जना अर्थात २० प्रतिशत रहेको छ भने ६ जना सम्म परिवार संख्या भएको ९ जना अर्थात ४५ प्रतिशत रहेको छ त्यसैगरि ८ जना सम्म परिवार संख्या हुने ४ जना अर्थात २० प्रतिशत रहेको छ ।

### ५.९ आर्थिक अवस्थाः

मानिसको जिविको पार्जनको एक मुख्य पाटो हो आर्थिक अवस्था । आर्थिक अवस्थाले व्यक्तिको आगामी योजना तथा लक्ष्यहरु पुरा गर्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ । यस अध्ययनमा सम्लग्न महिलाहरुको आर्थिक अवस्थाको बारेमा लिइएको तथ्यांकहरुको बिश्लेषण गरिएको छ । जसलाई तलको तालिकामा देखाईएको छ ।

## उत्तरदाताहरुको आर्थिक अवस्था

### तालिका नं. १६

| क. | विवरण | | जातिगत संख्या विवरण | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स. | | राई | लिम्बु | मगर | श्रेष्ठ | भुजेल | बि.क. | सार्की | परियार | क्षेत्री | | |
| १. | आफ्नो स्वामित्वको जग्गा | २ | | १ | | | २ | १ | | ३ | ९ | ४५ |
| २. | घडेरी हुने | ३ | १ | ४ | | १ | ३ | १ | १ | ४ | १८ | ९० |
| ३. | भिठा बारी हुने | २ | | ४ | | | २ | | १ | ४ | १३ | ६५ |
| ४. | खेत हुने | | १ | २ | | | | १ | | ३ | ७ | ३५ |
| ५. | खेत अधियामा गर्ने | | | १ | | | | | १ | १ | ३ | १५ |

*श्रोत स्थलगत सर्वेक्षण : २०७३*

यस अध्ययनको आधारमा हेर्दा आफ्नै स्वामित्वमा जग्गा हुने महिला संख्या ९ जना तथा ४५ प्रतिशत रहेको छ जुन उनीहरुले बैदेशिक रोजगारी पछि खरिद गरेका हुन् । त्यसै गरि आफ्नै घर घरेडी भएका महिलाहरु १८ जना तथा ९० प्रतिशत रहेका छन् भने बाँकी २ जना बाहालमा व्यवसाय संचालन गरेर बसेका छन् । यस अध्ययनमा संलग्नहुनेहरुको खेती गर्ने जमिन हुने ७ जना रहेका छन् । ३ जनाले अरुको जग्गा अधिया गरेर आफ्नो जिविकोपार्जन गरेका छन् ।

## ५.१० उत्तरदाताहरुको खेतिबाट खान पुग्ने समय

**तालिका नं.१७**

| क. स. | खेतिबाट खान पुग्ने समय | जातिगत संख्या विवरण | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राई | लिम्बु | मगर | श्रेष्ठ | भुजेल | बि.क. | सार्की | परियार | क्षेत्री | | |
| १. | १ देखि ३ महिना | २ | | १ | | | १ | १ | | १ | ६ | ४२.८६ |
| २. | ३ देखि ६ महिना | | | १ | | | | | | १ | २ | १४.२८ |
| ३. | ६ देखि ९ महिना | | | २ | | | | | १ | | ३ | २१.४३ |
| ४. | ९ देखि १२ महिना | | १ | | | | | | | २ | ३ | २१.४३ |
| | **जम्मा** | २ | १ | ४ | | | १ | १ | १ | ४ | १४ | १०० |

बैदेशिक रोजगारमा जाने महिलाहरुको आफ्नो जग्गा जमिनबाट खानपुग्ने समयको बिश्लेषण गर्दा खेती हुने र खेती गर्ने जम्मा १४ जना मध्ये ६ जना तथा ४८.८६ प्रतिशतलाई १ देखि ३ महिना सम्म खान पुग्छ भने २ जना अर्थात १४.२८ प्रतिशतलाई ३ देखि ६ महिना खान पुग्छ त्यसैगरि ३ जना तथा २१.४३ प्रतिशतलाई ६ देखि ९ महिना र ३ जना तथा २१.४३ प्रतिशतलाई ९ देखि १२ महिना सम्म खान पुग्ने अवस्था छ। अध्ययन गरिएका २० जना मध्ये ६ जनाको खेती गर्ने जमिन नै नभएको देखिएको छ।

## ५.११ बैदेशिक रोजगारीमा रहँदाको बार्षिक आम्दानी

**तालिका नं.१८**

| क. स. | बर्षिक आम्दानी | जातिगत संख्या विवरण | | | | | | | | | जम्मा | प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | राई | लिम्बु | मगर | श्रेष्ठ | भुजेल | बि.क. | सार्की | परियार | क्षेत्री | | |
| १. | ५० हजार देखि १ लाख सम्म | १ | | १ | | | | | | | २ | १० |
| २. | १ देखि २ लाख सम्म | ३ | १ | २ | १ | १ | २ | १ | | २ | १३ | ६५ |
| ३. | २ देखि ३ लाख सम्म | | | | | | १ | | | २ | ३ | १५ |
| ४. | ३ देखि ५ लाख सम्म | | | | | | | | १ | | १ | ५ |
| ५. | ५ भन्दा माथि | | | १ | | | | | | | १ | ५ |
| | जम्मा | ४ | १ | ४ | १ | १ | ३ | १ | १ | ४ | २० | १०० |

बैदेशिक रोजगारिमा गएर फर्किएका महिलाहरुसँग गरिएको कुराकानी अनुसार उनीहरुको बार्षिक आम्दानी रु. ५ लाख भन्दा बढि हुने महिलाको संख्या १ रहेको छ । बार्षिक आम्दानी ३ लाख देखि ५ लाख सम्म हुने संख्या १ रहेको छ भने सबै भन्दा बढि बार्षिक आम्दानी १ लाख देखि २ लाख सम्म हुनेहरुको संख्या १३ जना तथा ६५ प्रतिशत रहेको छ । यसै गरि बार्षिक २लाख देखि ३ लाख सम्म कमाउनेको संख्या ३ जना तथा १५ प्रतिशत रहेको छ । सबै भन्दा थोरै ५० हजार देखि १ लाख सम्म कमाउने संख्या २ जना अर्थात १० प्रतिशत रहेको छ ।

## ५.१२ बैदेशिक रोजगारीबाट आएको आम्दानीको खर्च बिवरणः

**तालिका नं.१९**

| क्र. स. | जात | घर निर्माण तथा मर्मत | शिक्षा | घरायसी खर्च | स्वास्थ्य उपचार | ऋण तिर्न | व्यापार /व्यवसाय | जग्गा खरिद | बचत | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | राई | २ | २ | ४ | २ | १ | २ | २ | | १ |
| २. | लिम्बु | | १ | १ | | | | | | |
| ३. | मगर | २ | २ | ३ | २ | २ | १ | २ | १ | |
| ४. | श्रेष्ठ | | १ | १ | | | १ | | | |
| ५. | भुजेल | १ | १ | १ | | १ | १ | | | १ |
| ६. | बि.क. | १ | ३ | १ | १ | २ | | २ | १ | १ |
| ७. | सार्की | १ | | १ | | १ | | १ | | |
| ८. | परियार | १ | १ | १ | १ | १ | | | १ | |
| ९. | क्षेत्री | ३ | ३ | ४ | १ | २ | | ३ | ३ | १ |
| | जम्मा | १० | १३ | १७ | ७ | ९ | ५ | ९ | ६ | ४ |

*श्रोत स्थलगत सर्वेक्षण : २०७३*

महिलाहरुको बैदेशिक रोजगारीको आम्दानी रकमको खर्चको अवस्थाको बिश्लेषण गर्दा अध्ययन गरिएका २० जना मध्ये सबै भन्दा बढी घरायसी खर्चमा १७ जनाको रकम खर्च भएको छ भने दोस्रोमा शिक्षामा १३ जना र तेस्रोमा १० जनाले घर बनाउन तथा घरको मर्मत गर्न र चौथोमा ९ जनाले जग्गा किन्न रकम खर्च गरेको बताएका छन्।

## ५.१३ सामाजिक अवस्थाः

मानिस सामाजिक प्राणी भएका कारण उसका हरेक गतिबिधिले समाजमा कस्तो प्रभाव पारेको हुन्छ भनी सामाीजक अवस्था अध्ययन गर्न महत्वपूर्ण हुन्छ। सामाजिक सम्बन्धहरु घरपरिवार देखि समाज सम्म कस्तो रहेको छ भनेर हेर्न आवश्यक हुन्छ। यस अध्ययनमा बैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुको सामाजिक अवस्थाको बारेमा लिइएको तथ्यांकहरुको बिश्लेषण गरिएको छ। जसलाई तलको तालिकामा देखाईएको छ।

## बैदेशिक रोजगारीमा गएर फर्किएर आएका महिलाहरुको सामाजिक अवस्थाः

### तालिका नं.१८

| जाती | घरायसी व्यवहारको निर्णय क्षमताको अवस्था | | प्रतिशत | | पारिवारिक सम्बन्धको अवस्था | | प्रतिशत | | समूह/संस्था सहभागिता | | प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लिन सक्ने | नसक्ने | सक्ने | नसक्ने | राम्रो | नराम्रो | राम्रो | नराम्रो | भएको | नभएको | भएको | नभएको |
| राई | ३ | १ | १५ | ५ | ३ | १ | ७५ | ५ | ३ | १ | १५ | ५ |
| लिम्बु | १ | | ५ | | १ | | ५ | | १ | | ५ | ५ |
| मगर | ४ | | २० | | ३ | १ | १५ | ५ | २ | २ | १० | १० |
| श्रेष्ठ | | १ | | ५ | | १ | | ५ | | १ | | ५ |
| भुजेल | १ | | ५ | | १ | | ५ | | १ | | ५ | |
| बि.क. | ३ | | १५ | | २ | १ | १० | ५ | | ३ | | १५ |
| सार्की | १ | | ५ | | १ | | ५ | | | १ | | ५ |
| परियार | | १ | | ५ | १ | | ५ | | | १ | | ५ |
| क्षेत्री | ३ | १ | १५ | ५ | ३ | १ | १५ | ५ | २ | २ | | १० |
| **जम्मा** | **१६** | **४** | **८०** | **२०** | **१५** | **५** | **७५** | **२५** | **९** | **११** | **४५** | **५५** |

*स्रोतः स्थलगत सर्भेक्षण २०७३*

बैदेशिक रोजगारीमा गएर फर्किएर आएका महिलाहरुको सामाजिक बिश्लेषण गर्नका लागि तयार गरिएको प्रश्नावली अनुसार महिलाहरुलाई घरपरिवारमा सरसल्लाह र निर्णय लिने कुराको बारेमा प्रश्न गर्दा २० जना मध्ये १६ जना ८० प्रतिशत ले परिवारमा सल्लाह हुने तर निर्णय आफुले भने बमोजिम गर्ने जानकारी दिनु भएको छ, भने ४ जना २० प्रतिशतले परिवारका अन्य सदस्यहरुले निर्णय लिने गरेको बताएका छन् । त्यसैगरि बैदेशिक रोजगारीमा गएको कारण परिवार सँगको सम्बन्ध कस्तो रहेको छ भन्ने प्रश्नमा १५ जना ७५ प्रतिशतको पारिवारिक सम्बन्ध राम्रो रहेको बताएका छन् भने ५ जना १५ प्रतिशतको

पारिवारीक सम्बन्ध नराम्रो रहेको देखिएको छ । जसमध्ये बैदेशिक रोजगारीमा गएकै कारण पारिवारिक सम्बन्ध नराम्रो भएको २ जना ताथ १० प्रतिशत छ भने अन्य २ जना १० प्रतिशतको श्रीमान्ले दोस्रो बिबाह गरेको कारण सम्बन्ध बिग्रिएको देखिएको छ । त्यसैगरि पहिला सम्बन्ध नराम्रो रहेको तर बैदेशिक रोजगारीबाट फर्किएर आए पछि ३ जनाको पारिवारिक सम्बन्ध राम्रो भएको पनि छ । बैदेशिक रोजगारीमा गएर फर्किएर आएका महिलाहरुको समुदायमा भएको महिला समुह तथा सहकारीसँगको आवद्धता हेर्दा ९ जना अर्थात ४५ प्रतिशत महिलाहरु बिभिन्न समूह, सहकारी तथा बित्तिय संस्थाहरुसँग आवद्ध हुनुहुन्छ भने ११ जना अर्थात ५५ प्रतिशत कुनै पनि समूह तथा सहकारीमा आवद्ध नभएको पाइयो ।

## ५.१४ बैदेशिक रोजगारीमा जाँदाको निर्णयको अवस्थाः

**तालिका नं.१९**

| जाती | परिवारको सल्लाहमा जाने | प्रतिशत | आफु खुशि जाने | प्रतिशत |
|---|---|---|---|---|
| राई | ४ | २० | | |
| लिम्बु | | | १ | ५ |
| मगर | ३ | १५ | १ | ५ |
| श्रेष्ठ | १ | ५ | | |
| भुजेल | १ | ५ | | |
| बि.क. | २ | १० | १ | ५ |
| सार्की | १ | ५ | | |
| परियार | | | १ | ५ |
| क्षेत्री | ४ | २० | | |
| **जम्मा** | **१६** | **८०** | ४ | २० |

*स्रोतः स्थलगत सर्भेक्षण २०७३*

बैदेशिक रोजगारीमा जाँदा परिवारको सल्लाहमा जानु भएको थियो की आफु खुसी जानु भएको हो भन्ने प्रश्नमा २० जनामा गरिएको अध्ययनको आधारमा जम्मा १६ जना अर्थात

८० प्रतिशतले परिवारका सदस्यहरुको सल्लाहमा गएको पाइयो भने ४ जना अर्थात २० प्रतिशतले आफुखुशी गएको पाइएको छ ।

### ५.१४ बैदेशिक रोजगारीमा जाँदाको उमेरको अवस्था:

**तलिका नं.२०**

| बैदेशिक रोजगारीमा जाँदाको उमेर | महिलाको संख्या | प्रतिशत | कैफिएत |
|---|---|---|---|
| १८ देखि २४ बर्ष | १३ | ६५ | १ जना उमेर बढाएर गएको । |
| २५ देखि ३४ बर्ष | ४ | २० | |
| ३५ देखि ३९ बर्ष | २ | १० | |
| ४० भन्दा माथि | १ | ५ | |
| जम्मा | २० | १०० | |

*स्रोत: स्थलगत सर्भेक्षण २०७३*

अध्ययनका क्रममा बैदेशिक रोजगारीमा गएर फर्किएका महिलाहरुको बैदेशिक रोजगारीमा जाँदाको उमेरको अवस्था हेर्दा १३ जना अर्थात ७० प्रतिशत महिलाहरु १८ देखि २४ बर्ष उमेरमा बैदेशिक रोजगारीमा गएको पाइयो त्यसैगरि २५ देखि ३४ बर्ष सम्मका ४ जना अर्थात २० प्रतिशत, ३५ देखि ३९ उमेर समुहमा १० प्रतिशत र ४० भन्दा माथि उमेर समूहमा ५ प्रतिशत महिलाहरु बैदेशिक रोजगारी गएको पाईएको छ । अध्ययनका क्रममा १ जना महिला १६ बर्षको उमेरमा उमेर बढाएर बिदेश गएको देखिएको छ । यो संख्यामा त्यस समयमा बिबाह भएर बैदेशिक रोजगारीमा जाने महिलाको संख्या १४ रहेको छ भने अबिबाहित अवस्थामा बैदेशिक रोजगारीमा जानेको संख्या ६ जना रहेको पाइएको छ ।

## ५.१५ बैदेशिक रोजगारीमा जानुको कारण

तालिका नं.

| जाती | श्रीमान तथा परिवारबाट हिंसा भएर | प्रतिशत | आर्थिक समस्या | प्रतिशत | रहर तथा पैसा कमाउन | प्रतिशत |
|---|---|---|---|---|---|---|
| राई | १ | ५ | ३ | १५ | | |
| लिम्बु | | | १ | ५ | | |
| मगर | २ | १० | २ | १० | १ | |
| श्रेष्ठ | | | १ | ५ | | |
| भुजेल | | | १ | ५ | | |
| बि.क. | १ | ५ | | | २ | १० |
| सार्की | | | | | १ | ५ |
| परियार | | | १ | ५ | | |
| क्षेत्री | २ | १० | २ | १० | | |
| **जम्मा** | **६** | **३०** | **११** | **५५** | **४** | **२०** |

*स्रोत: स्थलगत सर्भेक्षण २०७३*

अध्ययनका क्रममा महिलाहरुलाई बैदेशिक रोजगारीमा जानुको कारण के हो भनी सोधिएको प्रश्नमा ६ जना अर्थात ३० प्रतिशत श्रीमान् र तथा परिवारका सदस्यबाट हिंसा भएको कारण बैदेशिक रोजगारीमा गएको पाईयो भने ११ जना अर्थात ५५ प्रतिशत परिवारमा आर्थिक समस्या भएको कारण बै बैदेशिक रोजगारिमा गएको पाइयो । यसैगरि साथीसंगी गएको देखेर प्लेन चढ्ने, बिदेश हेर्ने रहर लागेर ४ जना अर्थात २० प्रतिशत बैदेशिक रोजगारीमा गएको पाईयो ।

## ५.१६ बैदेशिक यात्राको अवस्थाः

**तालिका नं.२१**

| जाती | बैदेशिक रोजगारीको कामको बिवरण | | यात्रा को बिवरण | | भाषा तथा सीप | | | |
|---|---|---|---|---|---|---|---|---|
| | घरेलु काम | कम्पनीको काम | नेपालको बाटो | भारत को बाटो | भाषा सिकेको | भाषा नसिकेको | सीप सिकेको | सीप नसिकेको |
| राई | ४ | | १ | ३ | | ४ | | ४ |
| लिम्बु | १ | | | १ | | १ | | १ |
| मगर | ३ | १ | ३ | १ | | ४ | १ | ३ |
| श्रेष्ठ | १ | | १ | | | १ | | १ |
| भुजेल | १ | | | १ | १ | | | १ |
| बि.क. | ३ | | १ | २ | | ३ | | ३ |
| सार्की | १ | | | १ | | १ | | १ |
| परियार | | १ | १ | | | १ | | १ |
| क्षेत्री | २ | २ | ३ | १ | | ४ | | ४ |
| **जम्मा** | १६(८०%) | ४(२०%) | १०(५० %) | १०(५०%) | १(५ %) | १९ (९५%) | १(५%) | १९ (९५%) |

*स्रोतः स्थलगत सर्भेक्षण २०७३*

बैदेशिक रोजगारीमा जाने अवस्थाको बिश्लेषण गर्दा अध्ययन गरिएका २० जना मध्ये १६ जना अर्थात  ८० प्रतिशत महिलाहरु घरेलु कामदारको रुपमा गएका छन् भने कम्पनीको काममा ४ जना अर्थात २० प्रतिशत महिला मात्र गएका छन् । त्यसैगरि बैदेशिक यात्राको क्रममा नेपालको एयरपोर्ट भएर सुरक्षित यात्रा गर्ने १० जना अर्थात ५० प्रतिशत रहेका छन् भने भारत हुँदै असुरक्षित किसिमबाट जाने १० जना अर्थात ५० प्रतिशत रहेका छन् । बैदेशिक रोजगारीमा जानको लागि सम्बन्धित देशको भाषा र गर्ने कामको बारेमा जानकार राख्नु अती आवश्यक हुन्छ तर यस अध्ययनका क्रममा पाइएका व्यक्तिहरु कसैले पनि भाषा सिक्नु भएको थिएन भने १ जना अर्थात ५ प्रतिशतले मात्र सीप सिकेर बैदेशिक रोजगारीमा जानु भएको थियो । अध्ययनका क्रममा २० जना महिलाहरुले नै बैदेशिक रोजगारीमा जाँदा भाषा र सीप सिकेर नेपालको एयरपोर्टबाट जानुपर्ने कुरा बताएका छन् ।

### ५.१६ परिवारको सहयोगको अवस्थाः

तालिका नं. २२

| जाती | बच्चाको जिम्मेवारी | | | खर्च व्यवस्थापन | | |
|---|---|---|---|---|---|---|
| | श्रीमान्ले लिएको | परिवारका अन्य सदस्य | बच्चा नभएको | परिवारबाट व्यवस्था | आफैंले व्यवस्था | आफ्नो खर्च नलागेको |
| राई | १ | २ | १ | २ | १ | १ |
| लिम्बु | | १ | | | १ | |
| मगर | २ | २ | | १ | २ | १ |
| श्रेष्ठ | | १ | | | १ | |
| भुजेल | | | १ | | १ | |
| बि.क. | | २ | १ | | २ | १ |
| सार्की | | | १ | | १ | |
| परियार | | | १ | | १ | |
| क्षेत्री | १ | २ | १ | | ४ | |
| **जम्मा** | ४(२०%) | १०(५०%) | ६(३०%) | ३(१५%) | १७(८५%) | ३(१५%) |

*स्रोतः स्थलगत सर्भेक्षण २०७३*

बैदेशिक रोजगारीमा गएका महिलाको पारिवारिक सहयोगको अवस्थाको बिश्लेषण गर्दा ४ जना महिलाका श्रीमान्ले मात्र आफ्नो बच्चाको हेरचाहको जिम्मेवारी लिएको देखिन्छ भने १० जनाले परिवारका अन्य सदस्यहरु सासू ससूरा, आमा, दिदिले बच्चाको हेरचाह गरिदिएका छन् भने ६ जनाको बच्चा नै नभएको अवस्था रहेको छ । त्यसैगरि बिदेश जानका लागि खर्चको व्यवस्थापनमा ३ जनालाई मात्र परिवारका सदस्यहरुले खर्च व्यवस्थापनमा सहयोग गरेका छन् । १७ जनाले आफैंले ऋण खोजेर, गहना पेवा बेचेर खर्चको व्यवस्थापन गरेका छन् भने ३ जनालाई कुनै खर्च नलागेको एजेण्टले नै व्यवस्था गरेको बताएका छन् ।

## ५.१७ वैयक्तिक घटना अध्ययन

**भक्तिमायाको कथाः**

जमान सिं भुजेल र रत्नीमाया भुजेल की कान्छी छोरी भक्तिमाया भुजेल अहिले २८ बर्षकी भइन् । दुई दिदि बहिनी र बुवा आमा गरि चार जनाको सानो परिवार थियो भक्तिमायाको । बुवा अली रोगी काम गर्न नसक्ने अवस्थाको भएको हुँदा आमाले नै सबै घरव्यवहार चलाउनु हुन्थ्यो । भक्तिमायको बाल्यकालको केहि समय सुनसरीको इटहरीमा बितेको छ त्यस समयमा आमाले दाउरा बेचेर सबै परिवारलाई पाल्नु हुन्थ्यो । २०५२ सालमा बेल्टार बसाहा नगरपालिकाको बडा नं. ७ शनिबारेमा उनीहरु बसाई सराइँ गरे त्यस समयमा उनी २ कक्षामा पढ्दथिन् । दिदि बहिनी मिलेर जाँड बनाएर जाँडको व्यापार गरि परिवारको दैनिक गुजारा गर्दै आफुलाई पढ्ने खर्च पनि जुटाउने गर्दथिन् । २०५५ सालमा दिदिको बिबाह भएपछि उनले नपढ्ने निधो गरिन त्यसबेला उनले ५ कक्षा उत्तीर्ण गरिसकेकी थिइन् । पढाई छाडेपछि उनी इटहरीमा राई परिवारमा घरेलु श्रमिकको रुपमा काम गर्न बसिन् । परिवार राम्रो थियो पढ्नु भन्नु भएको थियो तर आफैले मानिनन् । सात बर्ष त्यो घरमा उनी बसिन् । दिदिको बिबाह भैसकेको बुवा बिरामी घरमा ऋण पनि लागेको थियो यी सबै कुराहरुको समाधान गर्न परिवारको सल्लाहमा उनले बैदेशिक रोजगारीमा जाने निधो गरिन् र आफु बसेकै घरको आर्थिक सहयोगमा निर्व्याजी ३० हजारको सहयोगमा उनी बिदेश जानको लागि एजेण्ट मार्फत भारतको बाटो हुँदै साउदी गएकी हुन् । साउदी जाने क्रममा ३ महिना उनी भारतमा नै बसिन् त्यहिँ बस्दा उनले साउदी भाषा सिकिन् सामान्य बोल्न चाहिँ जान्दथिन् । घरेलु श्रमिकको रुपमा काम गर्दा नै उनले भ्याकुम क्लिनर, आइरन, राईसकुकर लगाएतका इलेक्ट्रिक सामानहरु चलाउन जानेकी थिइन जसले गर्दा साउदीमा घरेलु कामगर्दा धेरै नै सजिलो भएको उनी बताउँछिन् । साउदी भाषा र अंग्रेजी भाषाको पनि सामान्य ज्ञान भएको कारण पढेकी छ बुझ्केकी छ भन्ने बिश्वास गर्थे मालिकले । घर मालिकले राम्रो व्यवहार गर्थे आफु जहाँ गयो त्यहिँ लिएर जाने गर्थे । तलब मासिक रुपमा दिने गर्दथे । गएको तीन महिनामा नै घरको सबै ऋण तिर्न सफल भईन । साउदीमा उनी २ बर्ष ४ महिना बसिन् । त्यस अवधिमा कमाएको पैसाले घरपरिवारमा घरखर्च गर्न सहयोग गरिन् र घर बनाउन पनि सफल भइन् ।

बुवा आमा रोगी भएको कारण र भिसा पनि सकिएको कारण घर आएँ आएपछि आमाले ऋण तिरिहालियो अब नजा भनेपछि उनी बैदेशिक रोजगारीमा गइनन् तर फेरी पहिला काम गर्न बसेको घरमा नै गएर बसिन् र त्यहाँ उनले व्युटिपार्लर को एड्भान्स सम्मको कोर्षको तालिम लिइन् र शनिबारे आएर पार्लर नचल्ला जस्तो लागेर दिदिसँग मिलेर खाजा होटल संचालन गरेकीछन् । यसै क्रममा उने पढाई छाडेको १४ बर्षमा पुनः बिद्यालयमा कक्षा ८ मा नाम लेखाएर स्कूल नै गएर पढ्न थालिन् । बिद्यालयमा टिफिन समयमा चटपटे बनाएर बेच्दै पढ्दै गर्थिन । ९ कक्षामा उनी चौथो भइन् सरमिसले नम्बर दिएर अगाडी आएकी भनेरे कुरा कटेकोले नपढ्ने बिचार गरेको थिएँ तर सरमिसले पढ्न उत्सहित गरेपछि पढाइ निरन्तरता दिइन् कक्षा ९ मा उनी पाँचौ भइन पदक र छात्रबृत्ति पाइन् । १० कक्षामा पढ्दै गर्दा सामी परियोजना अन्तरगत सामाजिक परिचालकको जागिर खान थालिन् र पढाइपनि निरन्तरता दिइरहेकी थिइन् एसएलसीमा दोस्रो श्रेणीमा उत्तीर्ण गरिन् । एसएलसी पास गरेपछि पढाईलाई निरन्तरता दिन सामीको काम छाडिन् । अहिले उनी ११ कक्षा पास गरि १२ कक्षामा पढ्दैछिन् नजिकैको बोर्डिंग स्कूलमा लेखा साहायकको काम गर्छिन् भ्याएको समय होटलमा दिदिलाई सहयोग गर्छिन् ।

उनले घरपरिवार र समाजबाट धेरै माया र सहयोग पाइरहेकी छिन् । छोराले मात्र गर्छ भन्ने समाजमा केहि गरेर देखाउन सकेको मा उनी धेरै खुसी छिन् । अरुको अनुपातमा धेरै नै गर्न सकेको लाग्छ उनलाई । दैनिक छाक टार्न मुश्किल भई दुःख र अभावको जिन्दगी बाँचेको परिवारमा अहिले मासिक ६००० को औषधी खर्च, दिदिको ३ जनाको परिवार सहित ६ जनाको परिवारलाई लाउन खान होटल व्यवसायले पुगिरहेको छ आफुले कमाएको पैसा आफ्नो अध्ययनको लागि खर्च गर्न सकेकोमा उनी धेरै खुशि छिन् ।

उनको अनुभवमा महिलाहरु बैदेशिक रोजगारीको लागि जानु राम्रो हो तर धेरै उमेर भएको मान्छे, उमेर बढाएर जाने मान्छे, नपढेको मान्छे जान जोखिम रहेको छ । भाषाको सामान्य ज्ञान लिएर, प्लेनको यात्राको बारेमा सामान्य जानकारी लिएर काँटा चम्चाको प्रयोग, कमटको प्रयोग जस्ता कुराहरुको जानकारी लिएर मेनपावर कम्पनी मार्फत जान राम्रो भन्छिन् ।

## रेणुका राईको कथा

२०२५ सालमा भारतको सिलगढिमा जन्मिएकी रेणुकाको ५ भाई २ दिदि बैनी मध्येकी जेठि छोरी हुन् । उनकी आमा लिम्बु र बाबु राई जातको हुनुहुन्थ्यो । बुबाको घर दिक्तेल भएकाले उनको बाल्यकाल दिक्तेलमा नै बित्यो । धेरै छोराछोरी भएको र पढाई त्यति महत्व नबुझेका छारीले पढ्यो भने बोक्सि भइन्छ भन्ने डरले पनि पढ्न जान मन लाग्दैनथ्यो उनलाइ । १४ बर्षको उमेरमा आफु भन्दा १३ बर्ष जेठो केटासँग बिबाह भएर उनी बसाहा आइन् । १५ बर्षमा पहिलो सन्तान छोरी जन्माएकी थिइन् हाल उनका ३ छोरी र १ छोरा छन् । बैदेशिक रोजगारीमा जानु भन्दा अगाडी उनको परिवारको जम्मा ५ कट्ठा जग्गा थियो बस्तु पालेको थियो श्रीमान् मेघालयमा कोइला खानीमा काम गर्नुहुन्थ्यो त्यहिबाट पठाएको पैसाले छोरा छोरी हुर्काएकी थिइन् । जब २०४० सालमा श्रीमान् बिरामी परे त्यसपछि दैनिक गुजाराका लागि श्रीमान्ले विभिन्न समय र स्थानमा मासु व्यापार, तरकारी व्यापार, सूर्ती व्यापार, जाँड रक्सिको व्यापार, कपडा पसल को व्यापार गर्ने गरेका थिए । पछि गाउँको जग्गा बेचेर बसाहाको शनिबारे चोकमा घडेरी र घर बनाइन् यसपछि श्रीमान्लाई टिबी रोग लागेर बिरामी भए त्यस समयमा टिबीको औषधी जनकपुर अञ्चल अस्पतामा मात्र पाइने भएको ले बिरामीको उपचार हुन निकै समय लाग्यो । त्यस समयमा ऋण पनि लागिसकेको थियो छोराछोरीहरुको पढाई खर्च पनि थियो त्यसोत त्यस समयमा पनि उनी शनिबारेमा चिया पसल चलाउँथिन् भने श्रीमान् मुन्सी काम गर्दथे तर व्यवहार चलाउन गाह्रो भैरहे पछि श्रीमानको सल्लाहमा ऋण खोजेर गाउँका मान्छेको आफन्तसँग भारतको बाटो हुँदै  घरेलु कामका लागि कुवेत पुगिन् । कुवेतमा उनले ३ जना बच्चा हेर्ने काम गर्नु पर्थ्यो सुरुमा भाषा नजानेकोले निकै गारो भयो १ बर्ष सम्म त उनले घाम पनि देख्न पाईनन् । सबैले नराम्रो हुन्छ पाहुनालाई नै छोरी मान्छे जिम्मा लगाउँछन् भनेको सुनेको थिए तर त्यस्तो केहि पनि होइन रहेछ । दुई बर्ष छ महिना बसेकी उनले बैदेशिक रोजगारीको कमाइले छोरा छोरीको शिक्षामा राम्रो सहयोग भएको छ । उनको १ छोरीले वि.ए.पास १ छोरीले एम.ए पास गरि नोकरी गरिरहेका छिन भने १ छोरीले ११ पास गरेकी छन् तीन वटै छोरीहरुको बिवाह भैसकेको छ । छोराले १२ पास गरि मलेशिया १ बर्ष बसेर अहिले व्यापारमा सहयोग गरिरहको छ । घरको सबै ऋण तिर्न सफल भइ घरमा आवश्यक फर्निचर, कपडाहरुको बन्दोबस्त गरिन् । हाल उनी किराना पसल र खाजा होटल संचालन गरेर परिवारको दैनिक जिवन यापन गरिरहेकी छिन् । समाजमा हुने छलफलहरुमा उनको

उपस्थितीलाई सबैले खोज्ने गरेकाछन् । सामाजिक काममा पनि सकेको सहयोग गर्न पाएकोमा र अहिले छोरीहरुले पनि बेला बेलामा सहयोग गर्ने गरेकोमा उनी खुसि छिन् ।

उनको अनुभवमा सबै भन्दा श्रीमान् श्रीमती बिच सुमधुर सम्बन्ध हुनुपर्ने एकअर्काप्रति बिश्वास हुनु पर्ने उनको अनुभव छ । महिलाहरु बेरोजगारी भएर हेपिएर बस्नु भन्दा बिदेश गएर कमाउनु बेश भन्छिन् । काठमाण्डौको एयरपोर्टबाट प्रकृया पुऱ्याएर जानुपर्छ । दुर्घटना भन्ने कुरा आफ्नै देशमा पनि हुन्छ त्यसमा सचेत हुनुपर्छ कमाएको बचत गर्ने र कम्पनीको काममा जाँदा राम्रो हुने उनको अनुभव रहेको छ ।

## ५.१८ तथ्यांकको गुणात्मक बिश्लेषणः

रोजगारीका लागि नेपाली युवाहरु बैदेशिक रोजगारमा जाने क्रम बर्षेनी बढ्दो छ । देशमा प्रयाप्त मात्रामा रोजगारीका अवसरहरु नभएका कारण पनि यो अवस्था रहेको हो । बैदेशिक रोजगीबाट नेपाली श्रमशक्तिलाई रोजगारी र आय आर्जनको अवसर साथै राज्यलाई ठूलो मात्रामा बिप्रेषणको रुपमा बिदेशी मुद्रा प्राप्त भैरहेको छ यो पनि एक सकारात्मक पक्ष हो । पछिल्लो समयमा बैदेशिक रोजगारीमा महिलाको सहभागीता पनि उल्लेख्य रहेको छ । यो क्रम बर्षेनी बढ्दो संख्यामा रहेको छ । महिलाको बैदेशिक रोजगारी त्यति सहज र सरल भने छैन । बैदेशिक रोजगारीमा साक्षर निरक्षर देखि माध्यमिक तथा उच्च शिक्षा हासिल गरेका सबै खाले महिलाहरु जाने गरेको देखिन्छ । अति बिपन्न देखि मध्यम वर्गमो महिलाहरु बैदेशिक रोजगारीमा जाने गरेको पाइन्छ । त्यस्तै आर्थिक समस्या तथा रोजगारीको कारण मात्र नभई घरेलु हिंसाका कारण पनि महिलाहरु बैदेशिक रोजगारीमा गएको देखिएको छ ।

महिलाको बैदेशिक रोजगारीले परिवारको आर्थिक सुदृढिकरणमा सहयोग पुगेको छ । हिजो आफ्नो नाममा कुनै जमिन र पैसा नभएका महिलाहरु आज घर जग्गाको मालिक भएका छन् । समाजमा २/४ पैसा पत्याउने भएका छन् । हाम्रो समाजमा बैदेशिक रोजगारीमा जाने महिला प्रति हेर्ने दृष्किोणमा क्रमशः परिवर्तन हुँदै आएको भएता पनि पूर्ण रुपमा सुधार हुन सकेको छैन । महिलाको बैदेशिक रोजगारीलाई हेर्ने दृष्टिकोणमा सकारात्मक सोचको बिकास गर्न जरुरी देखिन्छ ।

यस अध्ययनमा महिलाको बैदेशिक रोजगारीको अवस्थाको बारेमा समुदायका बिभिन्न किसिमका सरोकारवाला व्यक्तिहरुसँग कुराकानी गरिएको छ । उक्त कुराकानी (अनुसुच ४) को प्रश्नावलीको आधारमा बेल्टार बसाहा नगरपालीका र उदयपुर जिल्ला सदरमुकाममा बिभिन्न संस्था र भूमिकामा कार्यरत १० जना व्यक्तिहरुसँग गरिएको अन्तरवार्ता तथा कुराकानी बाट आएका कुराहरुलाई निम्न बमोजिम प्रस्तुत गरिएको छ ।

### ५.१८.१ बैदेशिक रोजगारीमा महिला सहभागीता

बैदेशिक रोजगारीमा जाने महिलाहरुको सहभागितालाई के भन्नु हुन्छ भनी गरिएको प्रश्नमा सहभागि हरुले बेल्टार बसाहा नगरपालिकाबाट बैदेशिक रोजगारीमा जाने महिलाको तथ्यांक यति कै संख्यामा छ भन्न सकिने अवस्था नरहेको तर हरेक वार्डबाट १० देखि १५ जनाको संख्यामा बैदेशिक रोजगारीमा जाने गरेको बताउनु भएको छ । बैदेशिक रोजगारीमा जानेहरुका लागि नगरपालिकाबाट कुनै पनि सिफारिस गर्नु नपर्ने भएकाले यसको बारेमा कुनै रेकर्ड नरहेको हो । यस क्षेत्रबाट बिशेष गरि राई, मगर, बि.क., क्षेत्री, सार्की, परियारहरु बैदेशिक रोजगारीमा गएका देखिन्छन् । बैदेशिक रोजगारीमा जानेहरुका लागि परामर्श सेवा प्रदान गरिरहेका परामर्शकर्ताका अनुसार राहदानी बनाउँदाको क्रममा नै बैदेशिक रोजगारीमा जानेहरुका लागि अहिले सुचना अनिबार्य गरिएकोले यस सम्बन्धि सुचना नपाउनेको संख्या न्यून रहेको देखिन्छ । तर सुचना पाएर पनि प्रकृयागत रुपमा जनेको संख्या संतोषजनक देखिदैन । जिल्लाबाट राहदानी बनाउने संख्या मध्ये एक तिहाईले श्रम स्वीकृति लएर जाने गरेको, एक तिहाई स्वदेशमा नै रहेकाछन् भने बाँकीको एक तिहाई कता छन् यो संख्या श्रम स्वीकृति बिना बैदेशिक रोजगारीमा गएको हुन सक्ने सम्भावना रहेको देखिन्छ यो खोजीको बिषय रहेको छ ।

बैदेशिक रोजगारीमा जाने महिलाहरु बिवाहित, अबिबाहित, एकल, शिक्षित, अशिक्षित सबै खाले छन् । बिशेष गरि आर्थिक बिपन्नता भएका, कुनै न कुनै किसिमबाट हिंसामा परेका महिलाहरु बैदेशिक रोजगारीमा गएको देखिन्छ । महिला बैदेशिक रोजगारीमा जानु राम्रो हो तर सुरक्षित भएर सकभर कम्पनीको काममा परिवारीक सरसल्लाहमा जान राम्रो हुन्छ । पारिवारीक सहयोग सकारात्मक भएमा बालबच्चाको राम्रो हेरचाह तथा शिक्षामा राम्रो लगानी भएको छ । बैदेशिक रोजगारीमा गएका महिलाका बालबच्चाहरु राम्रो स्कूलमा पढिरहेकाछन् । घरको ऋण तिरेका छन पारिवारीक जीवन यापनमा सुधार भएको छ ।

महिलाहरु दुई चार पैसा निकाल्न सक्षम भएका छन् । यसका साथै शहरमा बसाइँ सराई बढ्दो छ । बच्चा पढाउनका लागि शहरको बसाई प्राथमिकतामा परेको छ । यसैगरि बैदेशिक रोजगारीमा जाने महिलाका परिवारका सदस्यहरुले सहि किसिमबाट घरपरिवारको व्यवस्थापन नगरेको खण्डमा बालबच्चाहरुको बेस्यहार भएको छ। बच्चाहरुको खान पानको टुंगो छैन स्कूल गए नगएको कसैलाई मतलब छैन जसले गर्दा बच्चा कुलतमा फस्ने, बच्चाहरुमा न्यास्रोपना हुने मायाबाट बञ्चित हुने समस्या रहेको छ । भने पुरुषहरु जाँड रक्सिमा डुबेर बस्ने परिवार बिखण्डनहुने र बिदेशमा दुःख गरेर कमाएको सम्पत्ती पनि नास हुने अवस्था रहेको देखिन्छ ।

### ५.१८.२ बैदेशिक रोजगारीको आम्दानीको अवस्थाः

महिलाको बैदेशिक रोजगारीबाट भएको आम्दानी के मा खर्च भएको छ भन्ने प्रश्नमा सम्बन्धित सरोकारवालाहरुका अनुसार महिलाहरुको बैदेशिक रोजगारीको आम्दानी बिशेष गरि परिवारको दैनीक जीवन यापनमा घरायसी घर खर्च, लताकपडा, बैदेशिक रोजगारीमा जाँदाको र अन्य समयको ऋण तिर्न, छोराछोरी पढाउन, परिवारका सदस्यहरुको स्वास्थ्य उपचारमा खर्च भएको त्यसैगरि घर बनाउने, घडेरी किन्ने जस्तो काममा खर्च भएको छ । व्याजमा पैसा लगाउने, त्यसैगरि  केहि मात्रामा व्यापार व्यवसायमा पनि लगानी भएको देखिन्छ ।

### ५.१८.३ बैदेशिक रोजगारीमा सम्लग्न महिलाहरुको सामाजिक अवस्थाः

बैदेशिक रोजगारीमा जाने र गएर आएका महिलाहरुको सामाजिक अवस्था कस्तो रहेको छ भन्ने प्रश्नमा सरोकारवालाहरुले परिवारसँगको सम्बन्ध र सहयोगमा सामाजिक अवस्था सकारात्मक र नकारात्मक रहेको बताएका छन् । बिबाहित महिलाका लागि उसको श्रीमान् तथा परिवारका सदस्यसँगको सम्बन्ध राम्रो छ भने समाजिक रुपमा पनि सहज भएको देखिन्छ । बैदेशिक रोजगारीमा गएर फर्किएर आएका महिलालाई उसको कमाईको आधारमा पनि फरक व्यवहार गरेको देखिन्छ । राम्रो पैसा कमाएर आएको छ भने परिवारले सहज स्वीकार्ने र समाजमा पनि सहज हुने देखिएको छ । राम्रो कमाई गरेका र रकमको सही सदुपयोग भएको महिलालाई हेर्ने सामाजले आँटी महिला, संघर्षशिल महिला भनेर उदाहरण पनि दिने गरेको देखिन्छ । बिशेष गरि कम्पनीको काममा जाने महिलालाई हेर्ने दृष्टिकोण

सकारात्मक रहेकोछ । कम्पनीमा काम गर्ने महिलहरुले बिदेशमा पनि बाहिरी अनुभव पाएका हुन्छन् भने घरेलु श्रममा खाडी मुलुकमा जाने महिलाहरुले बाहिरी अनुभव खासै पाएका हुदैनन् । बैदेशिक रोजगारीमा जाने पढेलेखेका महिलाहरु, सक्रिय र निडर महिलाहरु सामाजिक भूमिकामा सक्रिय रहेकाछन् । फर्किएर आएपछि पुनः पढ्ने लेख्ने गरेर आफ्नो क्षमता बृद्धि पनि गरेकाछन् । यसैगरि नगरका बजार क्षेत्रका महिलाहरु समूह तथा संस्थामा आवद्ध हुने नगरपालिका कार्यालयद्वारा संचालित बिभिन्न कार्यक्रमहरुका समितिहरुमा, वडा नागरिक मंचमा नगरस्तरिय भेलाहरुमा भाग लिने गर्दछन् भने समाजमा भएका बिभिन्न सामाजिक भैंभगडाहरुमा, घरेलु हिंसाका घटनाहरुमा छलफलमा सहभागी भई निर्णायक भूमिका पनि खेलेको निर्णायक क्षमतामा बृद्धि भएको देखिन्छ । महिलाहरुमा केहि गरि खान सकिन्छ भन्ने आत्मबिश्वास र आत्मबल बढेको देखिन्छ ।

### ५.१८.४ बैदेशिक रोजगारीमा गएर फर्किएर आएका महिलाहरुको सामाजिक चुनौतीः

बैदेशिक रोजगारीमा गएर फर्किएर आएका महिलाहरुको सामाजिक चुनौती के कस्ता रहेका छन् भन्ने प्रश्नमा सरोकारवालाहरुले सर्बप्रथमत महिलाहरुले बैदेशिक रोजगारीमा जान्छु भन्नु नै चुनौती रहेको छ । एकल लगाएत पिडित महिलाका लागि आर्थिक जुटाउन नै कठिन छ । आफुसँग पैसा हुँदैन घरपरिवारले सहयोग नगर्ने चर्को व्याजमा ऋण लिएर खर्चको जोहो गरेको देखिन्छ । पासपोर्ट लगाएत पैसाको जोहो गरिदिनेबाट नै शोषणमा पर्ने जोखिम बढी छ । सामाजिक रुपमा पैसा कमाएर आएपनि बिदेश गएर आएकी भनी हेयले हेर्ने, सहि नियतले कमाएकी हो र ? भनेर कुरा काट्ने पनि गर्दछन् भने पैसा कमाउन नसकेका महिलाहरु दोहोरो पिडामा परेको देखिन्छ । खास गरि पारिवारिक सम्बन्ध बिग्रिएका सम्बन्ध बिच्छेद गरेर बसेका महिलाहरुलाई समाजले हेर्ने दृष्टिकोण फरक रहेको छ । त्यसै गरि घरेलु श्रममा जाने, खाडी मुलुकमा जाने र कम्पनीमा काम गर्ने इजरायल जाने महिलाहरुमा हेर्ने दृष्टिकोणमा फरक छ । बैदेशिक यात्रामा गएपछि पनि आर्थिक उन्नती हुन्छ हुँदैन सम्झौता अनुसारको रकम पाइन्छ पाइँदैन, रोजगारदाता कस्तो हुन्छ ? भाषा नजानेको कारण पनि ठूलो चुनौती खेप्नु पर्छ । महिलालाई बैदेशिक रोजगारीमा जानको लागि घरबाट निस्किए देखि फर्किएर आए पछि सम्म पनि चुनौती नै चुनौती रहेको छ ।

### ५.१८.५ बैदेशिक रोजगारीले सामाजिक बिकासमा पारेको प्रभावः

समग्रमा महिलाको बैदेशिक रोजगारीले सामाजिक बिकासमा कस्तो प्रभाव पारेको छ भनी गरिएको  प्रश्नमा सरोकारवालाहरुले गाउँमा प्रायजसो घरबाट कम्तिमा पनि १ जना व्यक्ति बैदेशिक रोजगारीको लागि गएको छ । गाउँगाउँमा रेमिट्यान्सको रकम भित्रीएको छ । व्यक्तिको आर्थिक स्तरोन्नती भएको छ ।  मानिसहरुको दैनिकी खानपानमा परिवर्तन आएको छ । घरपरिवारको क्रय शक्ति बढेको छ । गाउँ गाउँमा किराना पसलहरु, चिया पसलहरु खुलेका छन् । केटाकेटीको गुणस्तरिय शिक्षाको लागि लगानी भएको छ । स्वस्थ्य उपचारमा ध्यान दिने त्यसमा खर्च गर्ने अवस्था रहेको छ । खेती गर्ने प्रबिधिमा सकारात्मक परिवर्तन देखिन थालेको छ । व्यवसायिक र आधुनिध तरिकाबाट खेती गर्न सुरुवात भएको छ । कतिपय अवस्थामा खेतीपाती आफैं नगर्ने, पसल व्यवसायमा लाग्ने गरको पनि देखिन्छ । त्यस्तै सीप लिएर आउने पुरुषहरुले गाडी संचालन गर्ने, खाद्यान्न मिल संचालन गर्ने, कुखुरा फार्म संचालन गर्ने, व्यवसायिक तरकारी खेती गर्ने परिवारलाई व्यवस्थित गरेर अगाडी बढाएका छन् । त्यसै गरि केहि बिकृतिहरु पनि रहेको छ । जसमा अनावश्य ठूला भोजभतेर गर्ने, तडक भडक देखाउने, बिना कारण जमघट हुने र मादक पदार्थको सेवन गरि होहल्ला र झैझगडा गर्ने । पारिवारीक बिखण्डन पनि हुने गरेको छ । समग्रमा महिलाको बैदेशिक रोजगारीले समाजमा नराम्रो भन्दा राम्रो नै बढी गरेको छ ।

**मूख्य सुचनादाताहरुको बिवरणः**

**तालिका नं. २३**

| क.सं. | नम | ठेगाना | संस्था/समूह | जिम्मेवारी |
|---|---|---|---|---|
| १. | नेत्र बि.क. | बेल्टार बसाहा न.पा ८ | नगरपालिका कार्यालय, बेल्टार | सामाजिक तथा सुचना शाखा |
| २. | निर्मला राई | बेल्टार बसाहा न.पा १ | वडा नागरिक मञ्च | संयोजक |
| ३. | अर्जुन घिसिङ्ग | बेल्टार बसाहा न.पा ७ | संघिय समाजबादी फोरम | राजनीतिकर्मी |
| ४. | रत्ना थापा | बेल्टार बसाहा न.पा ६ | ओरेक | सामाजिक परिचालक |
| ५. | भूपाल पौडेल | बेल्टार बसाहा न.पा ५ | बैदेशिक रोजगारीमा गएर फर्किएकाहरुको संजाल | अध्यक्ष |
| ६. | रमा खड्का | बेल्टार बसाहा न.पा १ | बैदेशिक रोजगारीमा गएर फर्किएका महिलाहरुको संजाल | अध्यक्ष |
| ७. | सीता राई | बेल्टार बसाहा न.पा १ | नेपाली कांग्रेस | राजनीतिकर्मी |
| ८. | काजी राई | बेल्टार बसाहा न.पा ८ | श्री नारद आदर्श उच्च मा बि | शिक्षक |
| ९. | चित्र कार्की | त्रियुगा नगरपालिका १५ | जिल्ला बिकास समिति उदयपुर | सुरक्षित स्थानागमन कार्यक्रम परामर्शकर्ता |
| १०. | नेत्र लिम्बु | त्रियुगा नगरपालिका २, | मेरिडियन ओभरसिज प्रा.लि. | संचालक |

# अध्याय : ६

# सारांश र निष्कर्ष

यो अध्यायमा बैदेशिक रोजगारीमा महिलाको अवसर र चुनौतीः उदयपुर जिल्ला, बेल्टार बसाहा नगरपालिकामा बैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुको अध्ययनबाट आएका तथ्यहरुको, सारांस र निष्कर्षहरु प्रस्तुत गरिएको छ ।

## ६.१ सारांश

नेपाल एउटा बहुभाषीक, बहुसांस्कृतिक, बहु जातीय भएको धर्म निरपेक्ष, समावेशी र संघिय लोकतान्त्रिक गणतन्त्र भएको राज्य हो । पितृसत्तात्मक समाज भएको नेपालमा लैङ्गिक विभेद व्याप्त छ जसको कारण महिलाहरु आर्थिक, सामाजिक र राजनैतिक सबै क्षेत्रमा पछाडी पारिएका छन् । देशको कूल जनसंख्याको ५१ प्रतिशत ओगट्ने महिलाहरु परिवार, समाज र राष्ट्र सबैबाट पाखा लागाइएका छन् । समाजमा महिलाको भूमिका अनुत्पादक रुपमा रहेको देखिन्छ । जुन महिला १८ घण्टा काम गर्छिन उनको कुनै काम नै छैन भन्ने मान्यता समाजमा व्याप्त रहेको छ । महिलाको काम सेवा मूलक कामको रुपमा मात्र स्थापित छ जस्को कुनै मूल्य छैन । परिवार, बालबच्चा, बृद्धबृद्धाको रेखदेख महिलाको नै जिम्मेवारीमा रहेको छ । हाम्रो समाजले महिलाको जिवनका हरेक कालखण्डमा कुनै न कुनै पुरुष व्यक्तिको संरक्षण आवश्यक ठान्दछ । जसले गर्दा पनि महिलाहरु सधैं परनिर्भर बनाइरहेको हुन्छन् । कुनै पनि व्यक्ति आफ्नो पहिचान, इज्जत र आत्मसम्मानका साथ बाँच्न चाहन्छ । यो चाहना महिला पनि हुनु स्वभाविक नै हो । महिलाहरु पनि रोजगारी गरि आत्मनिर्भर भई आर्थिक आयआर्जन गर्न चाहन्छन् । आफ्ना बाल बच्चाको राम्रो शिक्षा, परिवारलाई आर्थिक सहयोग गर्ने र आवश्यक्ता परेको बेलामा आफ्ना लागि दुई चार पैसा निकाल्न सक्ने हैसियत बनाउन चाहने आशाले नै नेपाली महिलाहरु बैदेशिक रोजगारीमा गएका देखिन्छन् । अहिलेको यो बिश्वव्यापिकरणको समयमा कुनै पनि व्यत्ति एक देशबाट अर्को देशमा गई रोजगारी गर्ने कार्य स्वभाविक हो । यो व्यक्तिको मानव अधिकार हो । बैदेशिक रोगजारीलाई व्यवस्थीत र मर्यादित गर्न हाम्रो देशमा बैदेशिक रोजगारी ऐन २०६४ को व्यवस्था भएको छ । ऐनले बिदेशमा गएर रोजगारी गर्ने कार्य नै बैदेशिक रोजगार हो भनी स्पष्ट रुपमा

परिभाषा गरेको छ । बैदेशिक रोजगारीलाई व्यवस्थित गर्न त्यस सम्बन्धि सुचनाहरु प्रवाह गर्न धेरै संघ संस्थाहरु पनि क्रियाशिल रहेका छन् ।

यसरी बैदेशिक रोजगारीको अवसरमा महिलाहरुको सहभागिता हुनु भनेको महिलाको लागि अवसर र चुनौती दुबै रहेको देखिन्छ ।

यस अनुसन्धानमा अनुसन्धानकर्ताद्वारा बैदेशिक रोजगारीमा महिलाको अवसर र चुनौती बिषयमा उदयपुर जिल्लाको बेल्टार बसाहा नगरपालिकामा बैदेशिक रोजगारीबाट फर्किएका महिलाहरुको बारेमा एक अध्ययन गरिएको छ । यस अध्ययनका लागि बेल्टार बसाहा नगरपालिकाका कर्मचारी, सामाजिक परिचालक, वडा नागरिक मंचका पदाधिकारी, राजनैतीक दलका व्यक्तिहरुहरु लगाएत अन्य सरोकारवाला निकायहरुको सुझावमा नगरपालिकाको वडा नं. १,२,३,६,७,८ मा बैदेशिक रोजगारीबाट फर्किएर आएका २० जना महिलाहरुको विस्तृत अध्ययन गरिएको छ । अध्ययनमा २० देखि ५० बर्ष सम्मका महिलाहरुको अनुभव र बिचारलाई समेटिएको छ । त्यसै गरि अन्य सम्बन्धीत व्यक्तिहरुको बिचारलाई पनि समेटिएको छ । अध्ययनमा नौ जात जातीका महिलाहरुको शैक्षिक, आर्थिक, सामाजिक, पारिवारीक अवस्थाको बारेमा तथ्याङ्क संकलन गरिएको छ । यो शोधकार्यको उद्देश्य पुरा गर्न विभिन्न विद्धान्का लेख, रचना, अनुसन्धानको पनि सहयोग लिईएको छ । यो शोधपत्र तयार गर्न घरधुरी सर्भेक्षण, बैदेशिक रोजगारीबाट फर्किएर आएकाहरुसँगको अन्तरवार्ता, मुख्य सुचनादाताहरुसँगको अन्तरवार्ता, लिनुका साथै अवलोकन र घटना अध्ययन तयार गरी बैदेशिक रोजगारीमा महिलाको अवसर र चुनौती बिषयमा शोधकार्य पुरा गरिएको छ ।

- यस अध्ययनमा समेटिएका २० जना महिला मध्ये २० देखि ३० बर्ष उमेका ९ जना तथा ४५ प्रतिशत, ३१ देखि ४० बर्षका ७ जना तथा ३५ प्रतिशत, ४१ देखि ५० बर्षका ४ जना तथा २० प्रतिशत महिलाहरु समेटिएका छन् । ८५ प्रतिशत विवाहित र १५ प्रतिशत अबिबाहित महिला रहेका छन् भने बिबाहित मध्ये ५ प्रतिशत सम्बन्ध विच्छेद भएको र ५ प्रतिशत एकल रहेको देखिएको छ । विवाहित ८५ प्रतिशत मध्ये राई २० प्रतिशत, लिम्बु ५ प्रतिशत, मगर २० प्रतिशत क्षेत्री १५ प्रतिशत बि.क. १५ प्रतिशत सार्की ५ प्रतिशत र श्रेष्ठ ५ प्रतिशत रहेका छन् । बैदेशिक रोजगारीमा गएर फर्किए

पछि १ जना ५ प्रतिशतको सम्बन्ध बिच्छेद भएको छ । शैक्षिक अवस्थाको अध्ययन गर्दा निरक्षर १५ प्रतिशत, साक्षर २५ प्रतिशत, ३ कक्षा देखि ५ कक्षा पास गर्नेको संख्या १० प्रतिशत, ६ देखि ९ कक्षा पास गर्ने ४५ प्रतिशत र एस.एल.सी. पास गर्नेको संख्या ५ प्रतिशत रहेको छ । बैदेशिक रोजगारीमा जाने महिलाहरुको शिक्षाको अवस्थाको बिश्लेषण गर्दा सबै भन्दा बढि ६ कक्षा देखि ९ कक्षा पास गरेका महिलाहरुको संख्या रहेको छ । समग्रमा हेर्दा बैदेशिक रोजगारीमा गएका महिलाहरु निरक्षर, साक्षार र माध्यमिक तहको पढाई पुरा नभएका रहेका छन् । अध्ययनका क्रममा १ जना महिला बैदेशिक रोजगारीमा जाँदा ५ कक्षामात्र पास गरेकि पछि फर्किएर आए पछि पढाईलाई निरन्तरता दिई ११ कक्षा पास गरि १२ कक्षामा अध्ययन गर्दै गरेको अवस्था छ ।

- अध्ययनका क्रममा बैदेशिक रोजगारीमा गएर फर्किएका महिलाहरुको बैदेशिक रोजगारीमा जाँदाको उमेरको अवस्था हेर्दा १३ जना अर्थात ७० प्रतिशत महिलाहरु १८ देखि २४ बर्ष उमेरमा बैदेशिक रोजगारीमा गएको पाइयो त्यसैगरि २५ देखि ३४ बर्ष सम्मका ४ जना अर्थात २० प्रतिशत, ३५ देखि ३९ उमेर समुहमा १० प्रतिशत र ४० भन्दा माथि उमेर समूहमा ५ प्रतिशत महिलाहरु बैदेशिक रोजगारी गएको पाईएको छ । त्यस समयमा बिबाह भएर बैदेशिक रोजगारीमा जाने महिलाको संख्या १४ रहेको छ भने अबिबाहित अवस्थामा बैदेशिक रोजगारीमा जानेको संख्या ६ जना रहेको पाइएको छ ।
- बैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरु कृषि पेशामा सम्लग्न मध्ये ३ जनाको मात्र मुख्य पेशा कृषि रहेको छ बाँकी ४ जनाको मुख्य पेशा व्यापार व्यवसाय रहेको छ । बैदेशिक रोजगारी नै मुख्य पेशा हुने जम्मा ५ जना रहेका छन् जो केहि समयको लागि मात्र नेपाल फर्किका हुन पुनः बैदेशिक रोजगारीमा जाने तयारीमा रहेका छन् । यसै गरि नोकरीमा २ जना सम्लग्न छन् भने व्यापार व्यवसाय नै प्रमुख स्रोतको रुपमा रहेका ८ जना छन् र घरायासी काममा मात्र सिमित हुने महिलाहरुको संख्या जम्मा २ जना रहेको छ । बैदेशिक रोजगारमा गएका मध्ये ८० प्रतिशत महिलाहरु

घरेलु श्रममा गएका छन् जसले खाना पकाउने सीप सिकेका छन् भने २० प्रतिशत कम्पनिको काममा जाने महिलाहरुले प्याकिंग र लेबलिंग, व्युटिपार्लरको सीप जानेका छन् । रोजगारीमा जाने महिलाहरु मध्ये ५० प्रतिशत नेपालको एयरपोर्ट र ५० प्रतिशत भारत हुँदै गएका छन् । ९५ प्रतिशतलाई न त भाषाको ज्ञान थियो न त कुनै सीप नै ।

- यस अध्ययनको आधारमा हेर्दा आफ्नै स्वामित्वमा जग्गा हुने महिला संख्या ९ जना तथा ४५ प्रतिशत रहेको छ जुन उनीहरुले बैदेशिक रोजगारी पछि खरिद गरेका हुन् । त्यसै गरि आफ्नै घर घरेडी भएका महिलाहरु १८ जना तथा ९० प्रतिशत रहेका छन् भने बाँकी २ जना बाहालमा व्यवसाय संचालन गरेर बसेका छन् । यस अध्ययनमा संलग्नहुनेहरुको खेती गर्ने जमिन हुने ७ जना रहेका छन् । ३ जनाले अरुको जग्गा अधिया गरेर जिविको पार्जन गरेका छन् । जसलाई कृषि उत्पादने १२ महिना खान पुग्दछ ।
- महिलाहरु बैदेशिक रोजगारीमा जानुको कारणको अध्ययन गर्दा ५० प्रतिशत महिलाहरुले आर्थिक समस्याको कारण ३० प्रतिशत महिलाले हिंसाको कारण बैदेशिक रोजगारीमा गएको देखिएको छ । २० प्रतिशत मात्र महिलाहरु रहरले बिदेश हेर्न या पैसा कमाउनका लागि बैदेशिक रोजगारीमा गएको देखिएको छ यसले महिलाहरु बैदेशिक रोजगारीमा कुनै न कुनै बाध्यता तथा अवसरको खोजीको कारण मात्र गएका छन् भन्ने कुरा देखिएको छ । । बैदेशिक रोजगारीमा गएपछि महिलाको पारिवारीक सम्बन्ध राम्रो भएको पनि देखिएको छ जुन ४ जना अर्थात २० प्रतिशत रहेको छ ।
- बैदेशिक रोजगारिबाट उनीहरुको बार्षिक आम्दानी रु. ५ लाख भन्दा बढि हुने महिलाको संख्या १ रहेको छ । बार्षिक आम्दानी ३ लाख देखि ५ लाख सम्म हुने संख्या १ रहेको छ भने सबै भन्दा बढि बार्षिक आम्दानी १ लाख देखि २ लाख सम्म हुनेहरुको संख्या १३ जना तथा ६५ प्रतिशत रहेको छ । यसै गरि बार्षिक २लाख देखि ३ लाख सम्म कमाउनेको संख्या ३ जना तथा १५ प्रतिशत रहेको छ । सबै भन्दा थोरै ५० हजार देखि १ लाख सम्म कमाउने संख्या २ जना अर्थात १० प्रतिशत रहेको छ । आम्दानी रकमहरु

सबै भन्दा बढी घरायसी खर्चमा १७ जनाको भएको छ भने दोस्रोमा छोराछोरीको शिक्षामा लगानी गर्ने १३ जना तेस्रोमा घर बनाउन तथा घरको मर्मत गन १० जनाले गरेको देखिएको छ साथै सर्बेक्षण गरिएका मध्ये ९ जना अर्थात ४५ प्रतिशतले आफ्नो नाममा जग्गा किनेको देखिएको छ ।

- यस अध्ययनमा महिलाहरुको बैदेशिक रोजगारीले महिलामा के कस्ता परिवर्तन आएका छन् भन्ने कुरालाई बिभिन्न माध्यमबाट अध्ययन गरिएको थियो यस क्रममा महिलाको बैदेशिक रोजगारीले अध्ययनममा सम्लग्न एक सहभागि गोमा कार्कीका अनुसार बैदेशिक रोजगारीमा जाने क्रममा दुइ चार हजार ऋण नपत्याउने समाज अहिले एक दुई लाख रकम पत्याउने भएको छ । अध्ययनमा सम्लग्न सबै महिलाहरुमा बैदेशिक रोजगारीको अवसरले आफुप्रति बिश्वास जागेको र केहि गरि खान सकिन्छ भन्ने आत्मबलको बिकास भएको देखिएको छ । घरपरिवारमा लाउने खाने तरिकामा परिवर्तन आएको छ । सरसफाईमा तथा बोली व्यवबहारमा राम्रो भएको छ । सहभागी पार्बती बि.क. का अनुसार बाहिरी संसार हेर्ने मौका मिलेको छ साथै पैसा कमाउने अनुभव भएको र पैसाको सदुपयोग कसरि गर्ने भन्ने अनुभव भएको छ ।

- बैदेशिक रोजगारीमा गएका महिलाको चुनौतीको बारेमा अध्ययन गर्दा उनीहरुलाई पारिवारिक सहयोगको अवस्थाको बिश्लेषण गर्दा ४ जना महिलाका श्रीमान्ले मात्र आफ्नो बच्चाको हेरचाहको जिम्मेवारी लिएको देखिन्छ भने १० जनाले परिवारका अन्य सदस्यहरु सासू ससूरा, आमा, दिदिले बच्चाको हेरचाह गरिदिएका छन् भने ६ जनाको बच्चा नै नभएको अवस्था रहेको छ । त्यसैगरि बिदेश जानका लागि खर्चको व्यवस्थापनमा ३ जनालाई मात्र परिवारका सदस्यहरुले खर्च व्यवस्थापनमा सहयोग गरेका छन् । १७ जनाले आफैंले ऋण खोजेर, गहना पेवा बेचेर खर्चको व्यवस्थापन गरेका छन् भने ३ जनालाई कुनै खर्च नलागेको एजेण्टले नै व्यवस्था गरेको देखिएको छ । भाषा तथा सीप नजानेका कारण ९५ प्रतिशतले काम गर्न गाह्रो भएको देखिएको छ । बैदेशिक रोजगारीमा गएर बिभिन्न कारणबाट करार अवधि पुरा नगरी ४/६ महिना मा नै फर्किन बाध्य २ जना

महिलालाई बेला बेलामा परिवारका सदस्यबाट हुने घोचपेच का कारण पिडा दिइरहेको छ ।

- रोजगारी, बिदा, तलब सुबिधा तथा कुनै अप्ठ्यारो परेको अवस्थामा कतै उजुरी गरेको नगरेको भन्ने बारेमा यस अध्ययनमा १९ जनाले भनेकै काम पाएको १८ जनाले समयमा नै तलब पाउएको १६ जना घरेलु काममा जानेले साप्ताहिक बिदा नपाएको दैनिक ६ घण्टा देखि १८ घण्टा सम्म काम गर्नु परेको १८ जनाले गरेको कामको तलब पाएको तर २ जनाले आफुले गरेको समयाबधीको पुरा तलब नपाएको र नेपालमा आएर १ जनाले आफुलाई पठाउने मान्छे सँग कुरा गर्दा कुनै पनि सहयोग नपाएको देखिएको छ ।

## ६.२ निष्कर्ष:

मानिस एक चेतनशिल प्राणी हो । समयको गतिशिलता सँगै मानिसले पनि आफुमा विभिन्न परिवर्तनहरु गर्दै आईरहेको हुन्छ । मानिसको यहि परिवर्तनशित व्यवहारले नै आजको आधुनिक बिश्वको बिकास हुन सम्भव भएको हो । मानिस आफ्नो जीवनयापन तथा दैनिकीलाई सहज बनाउन सधैं नै प्रयासरत रहन्छ, जसका लागि ऊ एक स्थानमा मात्र सिमित भएर रहन सक्दैन । घुमन्ते र फिरन्ते जीवनबाट नै आजको सभ्य र भव्य जीवनशैलीको विकास भएको हो ।

यस अध्ययनमा बैदेशिक रोजगारीमा जानेहरुको अवस्था हेरिएकोमा सबै भन्दा बढि संख्या राई, मगर, क्षेत्री, बि.क. हरुको पाईएको छ । शिक्षा बिकास र समानताका लागि महत्वपूर्ण बिषय हो । शिक्षाले हरेक मानिसको पेशा, आर्थिक, सामाजिक पक्षहरुको निर्धारण गर्दछ । यस अध्ययनले पनि महिलाहरुको शिक्षाको अवस्थामा निरक्षर, साक्षार, प्राथमिक, माध्यमिक सम्मको अध्ययन गरेको देखाएता पनि यो अती नै न्यून र नाजुक अबस्था हो । अध्ययनमा परेका मगर, राईहरुको शैक्षिक अवस्था नाजुक रहेको छ अन्यको अनुपातमा । गुणात्मक र उच्च शिक्षाको अभावमा महिलाहरु बेरोजगारी र परनिर्भर हुनु परेको अवस्था छ । जसले गर्दा महिलाप्रतिको हेपाहा प्रबृत्ति र त्यसबाट हुने बिभेदपूर्ण व्यवहारले महिलाहरुले जोखिम मोलेर भएपनि बैदेशिक रोजगारी अपनाएको देखिन्छ । तसर्थ महिलालाई शिक्षित र आर्थिक

सशक्तिकरण गर्ने हो भने समाज र परिवारमा महिला प्रतिको बिभेदपूर्ण व्यवहारको न्यूनिकरण हुन ठूलो सहयोग पुग्न सक्दछ ।

महिला भनेको घर परिवार हेर्ने बालबच्चा स्याहार्ने जात हो उ कुनै न कुनै रुपमा पुरुषको नियन्त्रणमा हुनुपर्छ नभए घर बिग्रिन्छ, समाजमा बिकृति फैलिन्छ भन्ने मानसिकता अझै पनि व्याप्त रहेको छ । महिलाले सहनु र पर्खनुको बाहेक उपाय छैन भन्ने मानसिकताबाट अहिलेको महिलाको सोचाइमा बिस्तारै परिवर्तन आएको देखिन्छ जसले गर्दा महिलाहरुमा घर बाहिरको संसार हेर्ने परिवारको उत्तरदायित्व फरक ढंगबाट बहन गर्ने साथै श्रीमान्बाट साथ नपाए आफै पनि केहि गर्न उद्दत भएको देखिन्छ । बैदेशिक रोजगारीमा बिशेष गरि श्रीमान्ले रात दिन झगडा गर्ने कुटपिट गर्ने, दोस्रो बिबाह गरि परिवारको कुनै वास्ता नगर्ने, श्रीमान्को मृत्यु भई परिवारले सहयोग नगरेका एकल महिलाहरु आफ्नो र बच्चाको भविष्यको लागि बैदेशिक रोजगारीमा गएको देखिन्छ ।

बैदेशिक रोजगारीको बारेमा गाउँ गाउँमा सुचना पुगिरहेको भए पनि यो प्रयाप्तता भने छैन । जसले गर्दा सही सुचना दिने भन्दा प्रलोभन र सुन्दर सपना बेच्ने एजेण्टहरुको भूमिका प्रभावकारी भएका कारण समुदायका महिलाहरु सही सुचनामा भन्दा आकर्षक सुचनामा बढी बिश्वासमा परेको देखिन्छ । महिलाको बैदेशिक रोजगार सम्मानित र सुरक्षित छैन जसले गर्दा महिलाहरु खुलेर बैदेशिक रोजगारमा जाने कुरा भन्न सक्दैनन् । आर्थिक पहुँच नहुनु र परिवारले पनि सहज रुपमा सहयोग नगरेको कारण सस्तोमा यात्रा गर्ने प्रलोभनमा महिलाहरु असुरक्षित र जोखिमपूर्ण अवस्थामा बैदेशिक रोजगारमा संलग्न भएको अवस्था छ ।

घरपरिवारका सदस्यहरु बिशेष गरि श्रीमान्ले बालबच्चाको रेखदेख राम्रो गरेको खण्डमा बालबालिकाको शिक्षा स्वास्थ्यमा, पोषणमा राम्रो तथा सकारात्मक प्रभाव परेको छ । बालबच्चाहरुको स्याहार सुसारमा पुरुषको जिम्मेवारी कमजोर भएकोमा बालबालिकाको बेसेहार भएको छ । महिलाले कमाएको सम्पत्तिको दुरुपयोग भएको छ । यस अध्ययनका अनुसार बैदेशिक रोजगारीमा जाने महिला मध्ये निकै कमले मात्र श्रीमान्को नाममा रकम पठाउने गरेको देखियो । भने राम्रो सँग महिलाले आफुले कमाएको रकम थोरै जनाले मात्र श्रीमान्को नाउँमा पठाउने गरेको देखिएको छ । महिलाहरुले बैदेशिक रोजगारीबाट आर्जन

गरेको सम्पत्तीले घरायसी खर्चका बालबच्चाको पढाईमा लगानी गरेका छन् साथै महिलाहरु घडेरीका मालिक भएका छन् समाजमा आर्थिक हैसियत बनाउन सफल भएका छन् ।

बैदेशिक रोजगारीबाट फर्किएका महिलाहरुको परिवार तथा समाज ले हेर्ने दृष्टिकोणको बारेमा अध्ययन गर्दा जुन महिलालाई उसको परिवारले राम्रो सपोर्ट गरेको छ रकमको सही सदुपयोग भएको छ पारिवारीक अवस्थामा सुधार भएको छ बिशेष गरि बिबाहिता महिलाको हकमा श्रीमान्ले सहयोग गरेको छ भने अरुले पनि राम्रो व्यवहार गर्ने गरेको देखिएको छ ।

महिला घरबाहिर निस्कनु पर्छ भन्ने मान्यता रहेको छ । महिला रोजगारीका लागि बिदेश जानु राम्रो हो तर सुरक्षित भएर कुरा बुझेर नेपालको एयरपोर्ट भएर जानु पर्छ भन्ने बुझाई अध्ययनमा सम्लग्न सबै महिलामा रहेको देखिन्छ ।

अन्त्यमा: नेपाल श्रम निर्यात गर्ने देश भएकोले यस सम्बन्धमा नेपालको कानूनी व्यवस्था मात्रै प्रभावकारी हुन सक्दैन । आप्रवासी श्रमिक सम्बन्धि कुनै पनि अन्तराष्ट्रिय महासन्धिहरु नेपालले अनुमोदन नगरेको हुदा यि महासन्धिहरु नेपालको लागि बाध्यकारी छैनन् तथापी नेपाल संयुक्त राष्ट्रसंघ तथा अन्तराष्ट्रिय श्रम संगठनको सदस्य राष्ट्र भएकोले नेपालले आइ.एल.ओ.को सिद्धान्त, मार्गनिर्देशन तथा मानवअधिकारको अन्तराष्ट्रिय मापदण्ड साथै नेपालको आवश्यकता अनुरुप आफ्नो देशको कानून निर्माण गर्नु पर्दछ । त्यसैगरि बिभिन्न राजनैतकि दल, नागरिक समाज, राष्ट्रिय तथा अन्तराष्ट्रिय निकाय, संघसंस्थाको सरसल्लाह र सुझाबको कार्यान्वयन गर्दै बिद्यमान नीति तथा कानूनहरुको प्रभावकारी कार्यन्वयनको सुनिश्चितता गर्न आवश्यक देखिन्छ । भएका नीति तथा कानूनहरुको समयानुकुल समिक्षा गरी अझ परिस्कृत बनाउँदै लैजाने, नीतिगत अभावहरुको सम्बोधन गर्ने, अन्तरमन्त्रालय तथा अन्तरनिकाय बीचको समन्वय र सहकार्यलाई अझ प्रभावकारी बनाउने कार्यमा बिशेष जोड दिदै समय सापेक्ष रुपले परिवर्तन गर्दै लैजानु पर्ने आवश्यकता देखिन्छ ।

### ६.२.१ सुझाबहरुः

- बैदेशिक रोजगारीमा जाने प्रकृयालाई लामो र झन्झटिलो नबनाई सरलीकृत गर्ने । जसले गर्दा महिला कामदारहरुको असुरक्षित यात्रालाई नियन्त्रण गर्न सकियोस् ।

- बैदेशिक रोजगारी सम्बन्धी सरकारी व्यवस्थालाई सुधार गर्ने जस अन्तरगत बैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको मेडिकल जाँच, तालिम, रोजगार कम्पनीहरुलाई केन्द्रमा मात्र सिमित नराख्ने ।
- बैदेशिक रोजगारीमा गएकाहरुलाई सहयोग गर्न दुताबाससँग मिलेर गन्तव्य मूलुकमा उनीहरुको नेटवर्क निर्माण गर्ने, क्षमता तथा अभिमुखिकरण तालिम संचालन गर्ने, आवश्यक कानूनी सुरक्षाको सुनिश्चितता गर्ने र महिलालाई सहयोग गर्नका लागि विशेष सहयोगी संयन्त्रको व्यवस्था गर्ने
- बैदेशिक रोजगारी तथा श्रमसँग सम्बन्धित काम गर्ने संघ संस्था, सरकारी निकाय, नागरिक समाजको साझा सवाल पहिचान गरी समन्वय र सहकार्य बढाउने । बजार क्षेत्रका महिलाहरु बाहेक ग्रामिण क्षेत्रका महिलाहरु खासै सामाजिक भूमिकामा सक्रिय देखिएका छैनन् । सामाजिक संघसंस्थाहरुको पहुँच ग्रामिण क्षेत्रमा पुऱ्याउने ।
- गन्तव्य मूलुकमा माग भएको काम को प्रकृति, कामदारहरुको बारेमा सुचना व्यवस्थित गरि सो अनुसारको कामदार तयारी अवस्थामा राख्ने । विदेश जान लागेका महिलाहरुमा पनि आवश्यक सीप विकास गरी घरेलु मात्र नभई अन्य कामहरुमा समेत जाने वातावरण तयार गरिनुपर्ने ।
- स्थानिय स्तरमा नागरिक सचेतना केन्द्र मार्फत अनिवार्य सूचना प्रवाह गरि स्थानिय स्तरमा नै बैदेशिक रोजगारीमा जानेहरुको संख्या व्यवस्थित गर्नुपर्ने ।
- नेपालीहरुका लागि गन्तव्य मूलकका रुपमा रहेका सबै देशहरुसँग प्रभावकारी रुपमा दुई पक्षीय सम्झौता गरिनुपर्ने
- विद्यमान ऐन कानून तथा नीतिहरुको प्रभावकारी कार्यन्वयन
- वैदेशिक रोजगार कम्पनीहरुको प्रभावकारी अनुगमन तथा नियमन
- फ्रि भिषा फ्रि टिकट बिभिन्न कारण देखाई मेनपावर कम्पनीहरुले लागू गरिरहेका छैनन् जसले गर्दा महिलाहरु घरेलु कामका लागि पनि चर्को मूल्य तिर्न बाध्य भइरहेका छन्, सरकारी निकायबाट मेनपावर कम्पनीहरुको नियमित अनुगमन गर्नुपर्ने आवश्यक्ता देखिन्छ ।

- बैदेशिक रोजगार सम्बन्धी काम तथा कार्यक्रमलाई पारदर्शी गर्ने, ठगीमा परेकाले न्याय पाएका कुरा समाजमा जानकारी गराउने । बैदेशिक रोजगार सम्बन्धी आउने उजुरी हेर्ने निकाय जिल्ला स्तरमा नै हुनु पर्ने ।
- महिलाको आत्म निर्भर बढाउन सीप मूलक कार्यक्रम, जिविकोपार्जन सम्बन्धी कार्यक्रम तथा विना धितो ऋण उपलब्ध गर्नु पर्ने ।
- आप्रवासी कामदार र उनीहरुको परिवारका अधिकार संरक्षण सम्बन्धी महासन्धि, १९९० अनुमोदन गर्न गराउन सरकारको भूमिका थप प्रभावकारी बनाउनुपर्ने ।

# सन्दर्भ सामाग्री


अधिकारी, रमेश, (२०६७) *महिला अधिकार बारे थाहा पाउनु पर्ने कानूनी कुरा.* काडमाण्डौ, एक्सन एड.

ओरेक, (२०७१) *वार्षिक प्रतिबेदन.* ललितपुर. ओरेक.

अधिकारी.रे.,फुयाँल.ह., याम्फु. हो., बज्राचार्य. प्र., वस्ती.प्र., पाण्डे. प्र., श्रेष्ठ. स., र किसान.य.(२०७२) *नेपाल विश्वब्यापी आवधिक समिक्षाका लागि गैरसरकारी संस्थाको प्रतिबेदन.* काठमाण्डौ. ईन्सेक र केयर नेपाल.

नेपाल सरकार, (२०६८) *बैदेशिक रोजगारी ऐन तथा बैदेशिक रोजगार नियमावली २०६४.* काठमाण्डौ. कानून तथा न्याय मन्त्रालय, कानून किताब व्यवस्था समिति.

नेपाल सरकार, (२०७३) बैदेशिक *रोजगारीका लागि श्रम आप्रवासन नेपालको स्थिति प्रतिबेदन २०१४/२०१५.* काठमाण्डौः नेपाल. श्रम तथा रोजगार मन्त्रालय.

नेपाल सरकार. (२०६८) *बैदेशिक रोजगार नीति,२०६८.* श्रम तथा यातायात व्यवस्था मन्त्रालय. सिंहदरबार.

पराजुली, कमला, (२०६०) *महिलाका लागि बैदेशिक रोजगार चुनौती र अवसरहरु. ललितपुर. संचारिका समूह.*

पिपुल फोरम, (२०७०) *श्रम आप्रवासन सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिहरु, मानव अधिकारका लागि जनमञ्च (पिपुल फोरम).*

बस्नेत, बबिता, (२०६०) *महिलाका लागि बैदेशिक रोजगार चुनौती र अवसरहरु. ललितपुर. संचारिका समूह.*

मानव अधिकार सन्धि अनुगमन समन्वय केन्द्र, (२०७०) *मानव अधिकार सम्बन्धि ठूला महासन्धिका केहि प्रावधानहरुको कार्यान्वियन अवस्था.* थापाथली, काठमाण्डौ. ड्रिम ग्राफिक प्रेस.

यूनिफेम. (२००९) *महिला अधिकार महासन्धि: आप्रबासी महिला कामदार सम्बन्धी सामान्य सिफारिस संख्या २६.* रामशाहपथ, थापाथली, काठमाण्डौ

यूएन ओमेन नेपाल अफिस र श्रम तथा रोजगार मन्त्रालय.(२०७०) *आप्रबासी महिला कामदारको आर्थिक सुरक्षा अभिबृद्धि तथा हिंसा न्यूनीकरणमा बैदेशिक रोजगारले पारेको प्रभाव र सुरक्षित बैदेशिक रोजगारको सुनिश्चितताका लागि स्थानिय सरकारको संबेदनशिलता एवं भूमिका अध्ययन प्रतिबेदन.* काठमाण्डौ नेपाल.

सुरक्षित आप्रबासन परियोजन (सामी) र आईओएम. (२०७१) *बैदेशिक रोजगारीका लागि सुरक्षित आप्रबासन सम्बन्धी सुचना तथा परामर्शकेन्द्रका परामर्शदाताहरुका लागि सहयोगी निर्देशिका.* क्रियटिभ हिरा. काठमाण्डौ.

त्रिपाठी, देबप्रकाश, (२०६०) *महिलाका लागि बैदेशिक रोजगार चुनौती र अवसरहरु. ललितपुर. संचारिका समूह.*

श्रेष्ठ, अमन, (२०७२) *संबैधानिक विकासक्रम तथा नेपालको संबिधान.* राष्ट्रिय सुचना मञ्च.

श्रम तथा रोजगार मन्त्रालय, (२०६९) *श्रम तथा रोजगार मन्त्रालयको मलेशियामा नेपालको बैदेशिक रोजगार तथा नेपाली कामदारको अनुगमन सम्बन्धि प्रतिबेदन.*

श्रम मन्त्रालय, (२०७०-०७१) *श्रम मन्त्रालयको आ.ब.२०७०-०७१ को बार्षिक प्रतिवेदन.* Retrieved February 11, 2017 (www.dofe.gov.np).

German Support, GIZ, International Labor Organization, (2015) *Analysis of Labour market and migration Trends in Nepal 2015.* Retrieved February 10, 2017 (www.giz.de/nepal).

International Labor Organization, (2015) *ILO Global estimation on maigrant workers: Result and methedology.*

Sijapati B. and Limbu A. (2012) *Governing Labour Migration in Nepal.* Central for the study of Labour and Mobility 2012. Lalitpur. Jagadamba press.

Sijapati, B. (2015) *Women's Labour Migration from Asia and the Pacific; Opportunuties and Challenges. Retreived February 12, 2017 (*www.migrationpolicy.org).

Gurung, G. (2013) *Living the Golden Dreams: The Gulf and Nepalese Women*. Kathmandu, Maiti Nepal.

Peaple Forum, Paurakhi, Worec, (2016) *SAME Access to Justice for Migrant Workers, Draft report*

# अनुसुचि १

**बैदेशि रोजगारीमा महिलाको अवसर र चुनौती : उदयपुर जिल्ला बेल्टार बसाहा नगरपालिकाका बैदेशिक रोजगारीबाट फर्किएका महिलाहरुको एक अध्ययन नामक अनुसन्धानका लागि तयार पारिएको घरधुरी सर्भेक्षण प्रश्नावली, २०७३**

यो प्रश्नावलीको आधारमा परिवारको घरमूली तथा अन्य सदस्य सँग बिवरण लिइनेछ ।

(१) **उत्तरदाताहरुको व्यक्तिगत एवं पारिवारिक विवरण**

उत्तरदाताको नाम/थर उमेरः

गाविसः वडा

(२) **पारिवारिक विवरणः**

| नाम | उमेर | लिंग | उत्तिर्ण गरेको कक्षा | साक्षर | निरक्षर | धर्म | बैबाहिक स्थिती | मुख्य पेशा | सहायक पेशा १ | सहायक पेशा २ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

**(३) सामाजिक स्थितीः**

(१) घर परिवारको समस्याको बारेमा परिवार भित्र छलफल हुन्छ की हुँदैन हुन्छ भने त्यसमा निर्णय कस्ले लिनुहुन्छ ?

(२) दैनिक उपभोग्य सामाग्री ल्याउने निर्णय कस्ले गर्नुहुन्छ ?

(३) तपाइँ कुनै समुह तथा संस्थामा आवद्ध हुनुहुन्छ ?

(४) हुनुहुन्छ भने तपाइँको जिम्मेवारी के छ ? हुनुहुन्न भने किन हुनहुन्न ?

(५) समाजमा हुने भेला बैठकहरुमा तपाई जाने गर्नु भएको छ ?

(६) छलफलमा तपाईले राखेको कुरा कत्तिको सुनिन्छन् ? र लागू हुन्छन् ?

(७) तपाईको परिवारका कोहि महिला सदस्य बैदेशिक रोजगारीमा जानु भएको थियो ? को जानु भएको हो ? कुन देश जानु भएको हो ?

(८) पारिवारिक सरसल्लाहमा जानु भएको हो की आफुखुसी जानुभएको हो ?

(९) तपाईको परिवारमा बैदेशिक रोजगारीको अनुभव कस्तो रह्यो ? बताइदिनु हुन्छ ?

(१०) तपाइँको परिवारको सदस्य नेपाल फर्किनुको मुख्य कारण के हो ?

(११) परिवारको सदस्यलाई भेट्दा कस्तो अनुभव भयो ? (सोचे जस्तै भयो की फरक भयो ?

१२) तपाईको परिवारको सदस्य बैदेशिक रोजगारमा गए पश्चात परिवारमा के कस्ता परिवर्तनहरु आए ? (राम्रा या नराम्रा दुबै अनुभवहरु)

(१३) यदि बैदेशिक रोजगारीमा जाने क्रममा समस्यामा परेको भए त्यसको बारेमा कतै उजुरी गर्नु भएको छ ? के सहयोग पाउनु भयो ?

**(४) आर्थिक स्थिती:**

(१) तपाईंको दैनिक गुजारा गर्ने प्रमुख आर्थिक श्रोत के हो ?

(२) तपाइँको आफ्नो स्वामित्वको जग्गा कति छ ? भाडामा लिएको कति छ ? जग्गाको उत्पादनले कति समय सम्म खान पुग्छ ?

(३)परिवारको आफ्नै कुनै पेशा व्यवसाय छ ?

(४) तपाइँको परिवारको बार्षिक आम्दानी कति हुन्छ ?

(५) पेशा व्यवसायबाट भएको आम्दानी के मा खर्च गर्नु हुन्छ ?

(५) खेतबारीमा उब्जनी भएको बाली, घरपालुवा जनावरहरु बेच्ने निर्णय कस्ले गर्छ ? त्यसबाट आएको आम्दानी कसको स्वामित्वमा हुन्छ ?

(६) जग्गा जमिन बेच्नु परो भने त्यसको निर्णय कस्ले गर्छ ?

(७) तपाइँलाई खर्चको आवश्यक्ता पऱ्यो भने को सँग माग्नु हुन्छ ?

(८) आफु खुशि खर्च गर्न सक्नुहुन्छ ?

(९) बैदेशिक रोजगारीबाट बार्षिक आम्दानी कति हुन्छ ?

(१०) बैदेशिक रोजगारिबाट आएको आम्दानी के मा खर्च गर्नु भयो ?

(११) बैदेशिक रोजगारीले तपाईको परिवारको अर्थिक स्थितीमा कस्तो परिवर्तन ल्यायो ? ( सकारात्मक, नकारात्मक)

(१२) तपाईको परिवारमा छोराछोरीलाई कति मूल्यको कस्तो लुगा किनिदिने भन्ने निर्णय कसले गर्नुहुन्छ ?

(१३) छोराछोरी बिरामी भए भने उपचार गराउन कहाँ लाने भन्ने निर्णय कस्ले गर्नुहुन्छ ?

(१४) तपाईँ आफु बिरामी हुनुभयो भने उपचार गर्ने निर्णय कसले गर्नुहुन्छ ?

**(५) शैक्षिक स्थिती :**

(१) तपाईँले कति पढ्नु भएको छ ? के कारणले पढाइलाई निरन्तरता दिन सक्नु भएन ?

(२) तपाईका छोरा छोरी /भाइबहिनीले पढ्न पाउनु भएको छ की छैन ?

(३) तपाईका छोरा छोरी/भाई बैनीलाई के पढाउने कहाँ पढाउने भन्ने निर्णय कसले गर्नुहुन्छ ?

(४)पढाईलाई निरन्तरता दिने नदिने कति सम्म पढ्ने भन्ने निर्णय कस्ले गर्नुहुन्छ ?

(५) परिवारका सदस्यहरुको पढाईको खर्चको श्रोत के हो ?

(६) पढेकाहरुले योग्यता अनुसारको रोजगारि पाएका छन् ?

## अनुसुचि २

## बैदेशिक रोजगारीमा गएर फर्किएका महिलाहरुसँगको अन्तरवार्ता

१.परिचयः नाम, उमेर,

ठेगाना, शिक्षा

बैबाहिक स्थिती

२. तपाइँ बैदेशिक रोजगारीमा जनुको कारण के थियो ?

३.बैदेशिक रोजगारीका लागि कुन देश जानु भएको हो ?

४. बैदेशिक रोजगारीमा कति बर्ष बस्नु भयो ?

५. पहिलो चोटी बैदेशिक रोजगारमा जाँदा तपाईको उमेर कति थियो ? बिदेश पुग्दाको अनुभव कस्तो रह्यो ?

६.बैदेशिक रोजगारमा परिवारको सल्लाहमा जानु भएको हो की आफु खुशि जानु भएको हो ?

७. बिदेश जाने खर्च कहाँबाट ल्याउनु भयो ? परिवारले सहयोग कस्तो रह्यो ?

८. नेपालको बाटो गएको हो की भारतको बाटो गएको केहि थाहा छ ?

८. को मार्फत जानु भएको हो ?

९.तपाइँ बैदेशिक रोजगारीमा जाँदा परिवार, केटाकेटीको हेरचाह कस्ले गर्दथ्यो ?

१०.बैदेशिक रोजगारीमा जाँदा कुनै सीप सिकेर जानुभएको थियो ?

११.बिदेशमा के काम गर्नु हुन्थ्यो ? कामको अनुभवको बारेमा केही भन्न सक्नुहुन्छ ? (प्रतिप्रश्नबाट स्पष्ट पार्ने समग्रमा यात्रा कस्तो भयो ? राम्रो वा नराम्रो कस्तो थियो)

१२.भनेकै काम पाउनु भयो की फरक काम पाउनु भयो ? तलब तोकेको जति पाउनु हुन्थ्यो ? कति समयमा पाउनु हुन्थ्यो ?

१३.आफु जाने देशको भाषा, संस्कृतिको बारेमा जानकारी थियो ? थियो भने के सहज भयो? थिएन भने के अप्ठ्यारो भयो ?

१४.खाने बस्ने व्यवस्था कस्तो थियो ? आराम गर्न वा छुट्टि मनाउन पाउनु हुन्थ्यो ? घरपरिवार सँग कुराकानी गर्न कत्तिको पाउनु हुन्थ्यो ? पारिवारिक तनाब आएकी आएनन् ?

१५.रोजगारदाताले कस्तो व्यवहार गर्दथे ?

१६.बैदेशिक रोजगारीको आम्दानी कस्तो थियो ? आम्दानी के मा खर्च गर्नु भयो ?

१७. बिदेश जाँदा आफ्नो नाममा खाता खोल्नु भएको थियो कि थिएन ?

१८.बिदेशबाट पैसा कसको नाममा पठाउनु हुन्थ्यो ?

१९.तपाईँ नेपाल फर्किनुको मुख्य कारण के हो ?

२०.बिदेशबाट के सिप सिकेर आउनु भयो ? सिकेको सिपले यहाँ आएर केहि काम गर्नु भएको छ ?

२१.बेदेशिक रोजगारीको अवसरले तपाइँ आफुमा के परिवर्तन भएको महशुस गर्नु भएको छ ?

२२.स्वदेश फर्केर आएपछि परिवारसँग भेट्दाको अनुभव तथा महशुस तपाईको कस्तो रहेको छ ? (प्रतिप्रश्न गर्ने : सोचे जस्तै भयो , फरक भयो (के फरक भयो?)

२३.तपाई वैदेसिक रोजगारिमा गएपश्चात् परिवारमा के कस्ता परिवर्तनहरु आए ?( प्रतिप्रश्नबाट स्पष्ट पार्ने सकारात्मक तथा नकारात्मक दुवै परिवर्तनहरु)

२४.तपाइँ वैदेशिक रोजगारबाट फर्केर आएपश्चात् परिवार तथा समाजले तपाइँलाई गर्ने व्यवहार कस्तो रहेको छ । (प्रतिप्रश्नबाट स्पष्ट पार्ने, व्यवहारमा केहि परिवर्तनहरु भएको पाउनु भएको छ कि?)

२५.तपाइलाई परेको समस्याका बारेमा कतै उजुरी गर्नु भएको भएको छ ? छ भने कहाँ ? त्यसमा तपाईको परिवारको भुमिका के रहयो? कस्ले सहयोग गऱ्यो ?

२६.यदि छ भने उजुर गर्दा वा सहयोग लिन जादाँ सम्बन्धित निकायको व्यवहार कस्तो रहयो ?

२७. हाल के गरिरहनुभएको छ ?
२८.बैदेशिक रोजगारमा रहँदाको समय सम्झदा कस्तो लाग्छ ?

२९.बैदेशिक रोजगारमा जान चाहने महिलाहरुलाई तपाइँ के भन्न चाहनुहुन्छ ?

३०.अन्त्यमा तपाइँलाई केहि भन्न मन लागेको छ ?

# अनुसुचि ३

## अवलोकन चेक लिष्ट

(१) बसाई तथा रहनसहन

(२) घरको किसिम

(३) घर आँगनको सरसफाई

(४) बच्चाहरुको अवस्था

(५) पशुपालनको व्यवस्थापन

(६) व्यक्तिगत तथा घरेलु सरसफाई

- भान्साको सरसफाई
- सुत्ने कोठाको सरसफाई
- पिउने पानीको व्यवस्थापन तथा सुरक्षा
- घर वरिपरिको नालाको सरसफाई

(७) पारिवारिक भूमिकाको अवलोकन

(८) निर्णय क्षमता तथा आत्मबिश्वासी पन

(९) स्पष्ट बिचार तथा अभिव्यक्ति कला

# अनुसुचि ४

**मुख्य सुचनादाताहरु सँग गरिने अन्तरबार्ताको प्रश्नावली:**(नगरपालिकाका कर्मचारी, सामाजिक परिचालक, समुदायको अगुवा व्यक्ति, बैदेशिक रोजगारीबाट फर्किएर आएकाहरुको संजालको अध्यक्ष, स्थानिय नेता, बेदेशिक रोजगारीमा पठाउने मेनपावर कम्पनी)

१.यस क्षेत्रबाट बैदेशिक रोजगारीमा जानेहरुको संख्या कति छ ? महिलाहरुको संख्या कति रहेको छ ?

२. बैदेशिक रोजगारीबाट आएको रेमिट्यान्सको रकम के मा खर्च भइरहेको छ ?

३. बैदेशिक रोजगारीमा महिलाहरुको सहभागीतालाई के भन्नुहुन्छ ?

४. बैदेशिक रोजगारीमा गएका महिलाहरुको पारिवारीका बालबालिकाको अवस्था कस्तो रहेको छ ?

५. बैदेशिक रोजगारीमा गएका महिलाहरुमा कस्ता सामाजिक चुनौतीहरु रहेका छन् ?

६. बैदेशिक रोजगारीबाट फर्किएर आएका महिलाहरुमा के कस्तो परिवर्तन भएको छ ? उनीहरुको सामाजिक कार्यमा कस्तो भूमिका रहेको छ ?

७. बैदेशिक रोजगारीमा गएर फर्किएर आएका महिलाहरुको सशक्तिकरण र निर्णायक क्षमता कस्तो रहेको छ ?

८. बैदेशिक रोजगारीमा गएर फर्किएर आएकाहरु को समुह तथा संजालले के कस्तो काम गरिरहेको पाउनु भएको छ ?

९. बैदेशिक रोजगारबाट फर्किएर आएका महिलाहरुलाई समाजले हेर्ने दृष्टिकोण कस्तो पाउनु भएको छ १०. समग्रमा बैदेशिक रोजगारीको अवसरले सामाजिक बिकासमा कस्तो प्रभाव पारेको छ जस्तो लाग्छ

## अनुसुचि ५

## घटना अध्ययन फरमेट

१. सम्बन्धित व्यक्तिको हालको  व्यक्तिगत बिबरण

- नाम, ठेगाना, उमेर, शिक्षा, पेशा, धर्म

२. जन्म, हुर्काइ, शिक्षा, बैबाहिक सम्बन्धको विबरण

- बुवा आमाको नाम, जन्म स्थान, परिवार संख्या, शिक्षा, बिबाह गर्दाको उमेर, बिबाहको किसिम, पहिलो बच्चा जन्माउँदाको उमेर, बच्चाको जन्मान्तरको अवस्था

३. बिबाह पछिको पारिवारिक पृष्ठभूमी

- श्रीमानको नाम, परिवार संख्या, परिवारको मुख्य पेशा, आफ्नै कुनै पेशा वा सीप, आम्दानीको मुख्य स्रोत, सामाजिक भूमिका , कुनै समूह वा संस्थामा आवद्धता,

४. बैदेशिक रोजगारिको निर्णय, तयारी र बिदेश पुग्दाको अवस्था

- के कारणले बैदेशिक रोजगारीमा गएको ?,
- पारिवारिक घर सल्लाहको भएको थियो थिएन? को मार्फत गएको ? पासपोर्ट बनाउन को सँग गएको खर्च कस्ले दिएको थियो ?
- बैदेशिक रोजगारीमा जाने कति खर्च लाग्यो, खर्च कहाँबाट बन्दोबस्त गरेको, जानु भन्दा अगाडी खाता खोलेको थियो थिएन, पैसा कसको नाममा पठाउनु हुन्थ्यो ?
- जानु भन्दा अगाडी सीप सिक्नु भएको थियो थिएन, अभिमुखिकरण तालिम लिएको थियो की थिएन ? के कामको लागि गएको ? ट्रान्जिटमा कुनै समस्या पर्‍यो की परेन ?

५. बिदेशी भूमिमा गरेको अनुभव

- के काम गर्नु हुन्थ्यो ? भनेकै काम पाउनु भयो की फरक काम पाउनु भयो ? तलब तोकेको जति पाउनु हुन्थ्यो ? कति समयमा पाउनु हुन्थ्यो ?

- खाने बस्ने व्यवस्था कस्तो थियो ? आराम गर्न वा छुट्टि मनाउन पाउनु हुन्थ्यो ? घरपरिवार सँग कुराकानी गर्न कत्तिको पाउनु हुन्थ्यो ? पारिवारिक तनाब आएकी आएनन् ?
- रोजगारदाताले कस्तो व्यवहार गर्दथे ?

६. बिदेशबाट फर्किएर आउदाको अनुभव

- कति बर्षमा फर्किनु भयो ?
- नेपालको एयरपोर्टमा झर्दा कस्तो अनुभव भयो ?
- घरपरिवारबाट कोहि लिन जानु भएको थियो ?
- परिवारसँग भेट्दा कस्तो अनुभव भयो ?
- परिवारका सदस्यहरुबाट कस्तो व्यवहार पाउनु भयो ?
- घरपरिवार, छिमेकीको व्यवहार कस्तो रह्यो

७. अहिलेको पारिवारिक अवस्था

- छोरा छोरीको पढाई लेखाई कस्तो रहेको छ ? उनीहरुसँगको सम्बन्ध कस्तो रहेको छ ?
- श्रीमान्सँगको सम्बन्ध कस्तो रहेको छ ? र अन्य सदस्यहरुसँगको सम्बन्ध कस्तो रहेको छ ?
- तपाईले भनेको कुरा परिवारमा कत्तिको लागू हुन्छन् ? पारिवारिक सरसल्लाह कस्तो छ ?
- सामाजिक कार्यमा कत्तिको सहभागि हुनुहुन्छ ?

८. आफुमा आएको परिवर्तन

- आर्थिक रुपमा आफुमा के परिवर्तन आएको छ ?
- सामाजिक छलफल तथा भेलामा सहभागि हुने गर्नु हुन्छ ?
- सामाजिक सँघ संस्थाहरुमा आवद्ध हुनुहुन्छ ? के जिम्मेबारी लिनुभएको छ ?
- आफ्नो तथा पारिवारिक निर्णय लिन कत्तिको हिच्किचाउनु हुन्छ ?
- फेरी पनि बिदेश जाने सोचमा हुनुहुन्छ ?